खण्ड चार

# अन्तर्संवाद कार्यक्रम



रेडियो सगरमाथाको कार्यक्रम *आजका कुरा*मा सहभागी हुँदै डा. शरद वन्त (बीचमा), डा. सोमनाथ अर्याल (दायाँ) र सञ्चालक किरण पोखरेल (बायाँ) (तस्बिरः मीन बज्राचार्य)।

*अध्याय नौ*

# एफएम रेडियोमा हुर्कंदो अन्तर्क्रिया

**कोमल भट्ट**

## परिचय

सवारीका साधनमा गुड्दा होस् या पसलमा बस्दा, घरमा रहँदा होस् या कार्यालयमा काम गर्दा मानिसहरू एफएम सुनिरहेकै भेटिन्छन् । ‘मर्निङवाक’ देखि ‘बेड’ सम्मको साथी भएको छ, एफएम रेडियो । दिनभरको प्रसारणमा गीतसङ्गीतले त प्राथमिकता पाएकै छन्, समाचार साथै समाचारमूलक कार्यक्रमले पनि एफएम रेडियोमा स्थान पाउँदै जान थालेका छन् । छलफल, अन्तर्क्रिया, अन्तर्वार्ता, रेडियो स्तम्भ (एकल कुराकानी) विभिन्न रूपमा यी प्रसारण भइरहेका छन् । नेपालमा रेडियो पत्रकारिता फस्टाउँदै गएको सङ्केत हो यो । अमेरिकी पत्रकार माइकल रस्ट (सन् १९९५) ले लेखेका छन्– “आजका दिनहरू चूपचापका लागि स्वर्णिम होइनन् बरु कुराकानीका लागि हुन् ।” यो कुरा उनले अमेरिकी सन्दर्भमा व्यक्त गरेका हुन् । उनले सन् १९९५ अघिका १२ वर्षमा अमेरिकामा समाचार र कुराकानी दिने रेडियोको सङ्ख्यामा पाँच गुणाले वृद्धि भएको प्रसङ्ग

कोट्ट्याएका छन् । तर नेपालमा भइरहेका रेडियो कुराकानी र समाचार पनि राज्यको तारो बन्न पुगेका छन् । त्यसै पनि रेडियो स्टेसनको सङ्ख्या त थोरै छ ।

नेपाली एफएम रेडियोले पस्किने समाचार र समाचारमूलक कार्यक्रम आम श्रोताका लागि दैनिकी जस्तै बनिसकेका बेला यो सुविधामा २०६१ माघ १९ को शाही घोषणासँगै विश्राम लागेको छ । २०६१ असारसम्ममा काठमाडौँ उपत्यकामा दैनिक २१५ घण्टा रेडियो प्रसारणले लिन थालिसकेको थियो । उपत्यकामा आठओटा स्टेसनले समाचार प्रसार गर्ने गरेका थिए । तिनमा समाचारले ओगटेको समय १६ घण्टा थियो र यो समयमा ६३ ओटा बुलेटिन दैनिक प्रसारण हुन्थे । समाचारमूलक कार्यक्रमले साप्ताहिक रूपमा ४१ घण्टा समय पाएका थिए (पौडेल २०६१) । यो सङ्ख्यामा अझै वृद्धि भएको छ । किनभने सो समययता एफएम रेडियोकै सङ्ख्यामा बढोत्तरी भएको छ ।

मिडियाको विकास प्रजातन्त्रसँग जोडिन्छ । नेपालमा गएका १२ वर्षलाई हेर्दा पनि यो कुरा देखिन्छ । एफएम रेडियोकै सन्दर्भलाई लिएर हेर्दा पनि यसमा भएको प्रजातान्त्रिक अभ्यासले यो पुष्टि हुन्छ । अधिराज्यभर ५६ ओटाले अनुमति पाइसकेका र ४७ ओटा सञ्चालनमा आइरहेका छन् । नेपाली सन्दर्भमा मिडिया र उदार प्रजातन्त्रको सम्बन्धलाई प्रत्यूष वन्त (सन् २००४क) ले मिडियाले पाएको संवैधानिक ग्यारेन्टी, कानूनी वातावरणमा नयाँ सहभागीको प्रवेश (जस्तैः ठूला प्रकाशन गृह, साप्ताहिक, म्यागेजिन पत्रिकाहरूमा निजी क्षेत्रको बढ्दो लगानी, निजी र गैर सरकारी क्षेत्रको रेडियोमा लगानी), मिडियामा गैर सरकारी क्षेत्रको प्रवेश (जस्तैः खोज पत्रकारिता केन्द्र [खोपके][१], रेडियो सगरमाथा आदि), देशभित्रको विज्ञापन बजार वृद्धि आदिसँग जोडेका छन् । एफएम रेडियोका कार्यक्रमलाई सूचनाको प्रजातन्त्रीकरणसँग जोड्दै स्तम्भकार सीके लाल लेख्छन्–

> ...एउटा साधारण कराउने बट्टाले स्पष्टसँग बीबीसीको नेपाली सेवालाई सामान्य श्रोतासम्म पुऱ्याउँछ, रिकी मार्टिनको गीत बजाउँछ, देवेन्द्रराज पाण्डेको ताजा विचार सुनाउँछ र ओशो रजनीशका विवादास्पद उद्गारहरूसँग साक्षात्कार गराउँछ । ...श्रोता अहङ्कारले संवादिकाहरूको सामाजिक जिम्मेवारीलाई गौण बनाउँछ । प्रजातन्त्र बडो कठिन हुन्छ, अधिकारले फुरुङ्ग तुल्याउँछ तर जिम्मेवारीले तुरुन्तै थिचिहाल्छ (२०५९: १०८) ।

राजनीतिक, आर्थिक र सामाजिक वृत्तमा हुने दैनन्दिन घटना, प्रसङ्गहरू समाचार त बनेकै हुन्छन् । तर स्थानाभाव, विषयगत प्राथमिकता क्रम आदि कारणले समाचारमा ती घटना र प्रसङ्गले पर्याप्त ठाउँ पाउन सक्दैनन् । त्यसैले समसामयिक विषयका

---

[१] खोज पत्रकारिता केन्द्रबारे विस्तृत जानकारीका लागि भट्ट (२०६०) हेर्नुहोस् ।

कुराहरू समाचारमा आएर मात्र सिद्धिन्नन् । तिनमाथि गहन विवेचन, विश्लेषण गर्नु पनि आवश्यक हुन्छ । यो आवश्यकताको पूर्ति समसामयिक कार्यक्रमले गरेका हुन्छन् । त्यसो त यसका विभिन्न रूपहरू हुन सक्छन् । एउटै आवरणमा फिचर, कमेन्ट्री, अन्तर्वार्तादेखि लिएर स्टुडियो कुराकानीसम्म । तर एउटैभित्र यी सबै गर्न लाग्ने मेहनत, परिश्रम र खर्च पनि फरक हुन्छ । साथसाथै एउटै आवरणभित्र सबै स्वरूप अँगाल्दा विषयवस्तु पनि छरपस्टिन सक्छन् । विषय केन्द्रित छलफलका लागि रेडियो कुराकानी मुख्य हो । यसलाई रेडियोभित्र गरिने अन्तर्क्रिया पनि मान्न सकिन्छ । राजनीतिक दलका व्यक्तिहरूसँग गरिने कुराकानी वा राजनीतिशास्त्र, गीतसङ्गीत, कला, चलचित्र लगायत धेरै विधामा कार्यरत व्यक्तित्वहरूसँगको कुराकानी । यी कुराकानीलाई हरेक आवरणमा रेडियोमा प्रस्तुत गर्न सकिन्छ । उदाहरणका लागि, एउटा गायकसँग उसको नालीबेली कोट्याउने हिसाबले गरिएको कुराकानी पनि रेडियो कुराकानी नै हो तर त्यही गायकको सुमधुर गीतलाई कसैले उसको अनुमतिबिना 'रिमिक्स' गरेर वाहवाही कमायो भने त्यसबारे प्रतिक्रिया बुझ्न वास्तविक गायकसँग गरिएको कुराकानी करेन्ट अफेयर्स बन्न सक्छ ।

सामान्यतया राजनीतिक विषयले करेन्ट अफेयर्समा प्राथमिकता पाउँछ । यद्यपि समाजमा विद्यमान अन्य गैरराजनीतिक विविध पक्षहरू पनि करेन्ट अफेयर्सका विषय बन्न सक्छन् । वर्तमान परिवेश मात्रै यसको विषय बन्न सक्छ भन्ने होइन । सन् १९६५ को नेपाल भारतबीचको सन्धिलाई अहिलेको सन्दर्भमा अहिलेको सरकारको नीति तथा कार्यक्रमसँग सन्दर्भ जोडेर कुराकानी चलाउन सकिन्छ र त्यो आज पनि उत्तिकै बिकाउ हुन सक्छ । यसर्थ करेन्ट अफेयर्स के हुनसक्छ ? भनेर यसको विषयगत सीमा तोक्नुभन्दा यसको फराकिलोपनासँगै उत्तर खोज्नुपर्ने हुन्छ ।[२]

## सैद्धान्तिक परिभाषामा करेन्ट अफेयर्स

सिद्धान्ततः समाचारमा नअटाएका र समाचारले एउटा कोण/पक्ष मात्र समात्न सकेका विषयहरूमाथि मिहिन विश्लेषण साथै व्यापक छलफल गरी विषयको

---

[२] समाचार र करेन्ट अफेयर्सको फरक छुट्याउँदै पि.डी. मोस र सि.एस. हिगिन्स लेख्छन्– "समाचारले दैनिक घटनाहरू पस्कन्छ र यसको ढाँचा प्रायः एकै प्रकारको हुन्छ । यसको विपरीत करेन्ट अफेयर्सले मुख्य समाचारका शीर्षकले ल्याएको तरङ्गभन्दा अगाडि बढेर त्यसमा अन्तर्वार्ता, गुनासा र विश्लेषणलाई समेत समेट्छ । यस्ता विचार विश्लेषणहरू उद्देश्यमूलक र गम्भीर सन्तुलन राखिने उद्देश्यसाथ आएका हुन्छन् । र त्यसमा घटनाहरूको संसारलाई 'गाइडेड टुर' को रूपमा प्रस्तुत गरिन्छ । जब घटना कथाहरू विविध, कहिलेकाहीँ स-साना जस्ता लाग्ने हुन्छ तब समाचारका केही प्रकृतिहरू हराउन सक्छन् । तसर्थ एकैखालको ढाँचा र घटनाहरूको सट्टामा प्रस्तोताले त्यसलाई होशियारीपूर्वक अन्य सन्दर्भसँग परिचय गराउने र जोड्ने गर्दछन्" (सन् १९८२: १२७, फुटनोट) ।

सत्यतथ्य सम्प्रेषणमा करेन्ट अफेयर्सको भूमिका बढी रहन्छ । समाचारमा स्कूपको होडबाजी, समयसीमा आदिको दबाब रहन्छ । तर समाचारले समेटेका तर अधुरा अपूरा रहेका विषयलाई बहस, छलफल गराई स्पष्ट पार्नु यिनको उद्देश्य रहन्छ । बीबीसी टेलिभिजन करेन्ट अफेयर्स विभागका प्रमुख पिटर होरोक्सका अनुसार बीबीसीले औपचारिक रूपमा करेन्ट अफेयर्सलाई यसरी परिभाषा गरेको छ–

> एउटा कार्यक्रम जसमा समसामयिक घटना र मुद्दाको व्याख्या साथै विश्लेषण– जसको सम्बन्ध राजनीतिक र औद्योगिक विवाद वा सार्वजनिक नीतिसँग रहन्छ । साथै समसामयिक महत्त्वका खोजमूलक कार्यक्रम पनि यसकै परिधिमा रहेका हुन्छन् (होरोक्स मिति नखुलेको) ।

बीबीसीकै पूर्व सम्पादकीय नीति नियन्त्रक जोन विल्सनले करेन्ट अफेयर्सलाई यसरी प्रस्टयाएका छन्–

> समाचार बुलेटिनले श्रोतालाई विशुद्ध समाचार मात्र दिन्छ, तर श्रोतालाई कुरा बुझ्न त्यत्तिले मात्र पुग्दैन या यसले समाचारभित्रको समाचारबारे पर्याप्त जानकारी दिन सक्दैन । त्यसैले समाचारभित्रको समाचार ल्याउने वा समाचारको क्षतिपूर्ति स्वरूप करेन्ट अफेयर्सको धारणाको विकास भएको हो । समाचारसँग नजिक हुँदाहुँदै पनि यो पृथक छ । समाचार सोझो रूपमा तथ्यसँग सम्बन्ध राख्दछ । करेन्ट अफेयर्समा तथ्यको मिश्रण सँगसँगै गुनासा, विचार, विश्लेषण, अन्तर्वार्ता र विशेषज्ञहरूका कमेन्ट्रीहरू साथै फिचर रिपोर्टका रूपमा आउने गर्दछन् (विल्सन मिति नखुलेको) ।

नेपाली सन्दर्भमा करेन्ट अफेयर्सको धेरैजसो प्रयोग कुराकानीका माध्यमबाट हुने गरेको पाइन्छ । चाहे त्यो रेडियोमा हुने कुराकानी होस् या टेलिभिजनमा । रेडियो कुराकानीहरूका विभिन्न स्वरूपहरूमध्ये अन्तर्वार्ता पनि एक हो । कुराकानी, छलफल, अन्तर्वार्ता, बहस, सबैलाई एफएम रेडियोले करेन्ट अफेयर्स मानेको पाइन्छ । कुराकानीकै एउटा रूप– अन्तर्वार्ताबारे एन्ड्र्यू बोडको एउटा भनाइ हेरौँ–

> अन्तर्वार्ताकारहरू भनेका सूचनाका दलालहरू (ब्रोकर अफ इन्फरमेसन) हुन् । तिनको सीप सूचना उपभोक्ताको आवश्यकताअनुसार आफ्नो प्रस्तुतिलाई कसरी सूचना उपभोक्ता समक्ष भिडाउने भन्ने कुरामा निर्भर रहन्छ । तिनको कला भनको अन्तर्वार्ता दिनेको कथा उसको आफ्नै शब्दमा आउने गरी पिरोल्नु या जिस्क्याउनु हो ताकि सुन्ने मानिसहरूले उसले भनेका शब्द शब्दसम्म बुझून् । अन्तर्वार्ताका बेला वार्ताकारले सकेसम्म आफ्ना व्यक्तिगत रुचि, दृष्टिकोण र पूर्वाग्रहलाई किनारामा राख्नैपर्छ । उसको काम प्रोपागाण्डा गर्ने होइन बरु शालीन तरिकाले कारण उप्काउने हो । प्रोपगाण्डा गर्ने

> काम त राजनीतिज्ञ वा जनसम्पर्क अधिकारीको हो । रिपोर्टर भनेका श्रोताका लागि पहरेदार हुन् । त्यसैले आफ्ना श्रोताप्रति ती बफादार हुनैपर्छ । रिपोर्टरको सीप, तिनको ज्ञानको विषय र अन्तर्वार्ता दिनेसम्मको पहुँचले गर्दा तिनमाथि त्यत्तिकै उत्तरदायित्व पनि थपिएको हुन्छ ताकि श्रोताले सोचून् उसले हाम्रै कुरा प्रस्तुत गरिरहेको छ । रिपोर्टर भनेको लेम्यान र विशेषज्ञ साथै सडकको बटुवा र सम्बन्धित अधिकारीबीचको सेतु हो (बोड सन् २००१सी: ९६-७) ।

बोडको यो भनाइ विशुद्ध अन्तर्वार्ताका लागि मात्र नभएर अन्तर्क्रियात्मक कार्यक्रमका लागि पनि उत्तिकै सान्दर्भिक छ । च्यान्टलर र स्टेवार्ट (सन् २००३: १२५-२६) का अनुसार अन्तर्वार्ता तीन प्रकारका हुन्छन्– सूचनामूलक, व्याख्यात्मक र भावनात्मक । पहिलोले समाचारका 'पाँच डब्लु' (के, किन, कहाँ, कहिले र कसले) र 'एक एच' (कसरी) लाई बढी ख्याल राख्छ । दोस्रोले पहिले नै थाहा भइसकेका तथ्यहरूलाई त्यसको प्रभाव र त्यसले पार्ने भविष्यको असरसँग जोडेर खोतलिन्छ । अन्तिम प्रकार चाहिँ अघिल्ला दुईभन्दा भिन्न खालको हुन्छ र यसमा मानवीय खुशी र संवेदनात्मक अवस्थामा तिनका खुशी र संवेदनालाई चोट नपर्ने खालको हुनुपर्छ ।

## अन्तर्राष्ट्रिय सन्दर्भ

रेडियो प्रसारणको आरम्भदेखि नै रेडियो कुराकानीको विकास भएको पाइन्छ । सन् १९२० को दशकको मध्यतिर रेडियोमा साङ्गीतिक र अन्य कार्यक्रमले ७५ प्रतिशत दबदबा कायम राखेका थिए । त्यस बेला कुनै कार्यक्रमले सङ्गीत र नाटकीय प्रस्तुति अँगालेन भने त्यसलाई 'टक शो' मानिन्थ्यो (स्ट्रीटर मिति नखुलेको) । तिनताक माथि भनिएको ७५ प्रतिशतबाहेक बाँकी पच्चीस प्रतिशत कार्यक्रममा असाङ्गीतिक कार्यक्रम– राजनीतिक सम्मेलनका कभरेज र विशेष समाचारमूलक घटना (नियमित समाचारलाई रेडियोको कार्यक्रममा लिइँदैनथ्यो), धार्मिक कार्यक्रम, सीमित खेलकुद प्रसारण, सूचनामूलक कार्यक्रमका बृहत् शीर्षकभित्र खाना पकाउनेदेखि खेतीसम्बन्धी र केही समाचार कमेन्ट्री पर्दथे । त्यसैले समाचारमूलक र समाचार कमेन्ट्री शोहरू रेडियो टक शोको परिधिभित्र पर्दथे ।[३]

रेडियोका अमेरिकी अभ्यासहरूलाई हेर्दा अमेरिकी रेडियोका लागि सन् १९३० को दशकलाई स्वर्णिम समयका रूपमा लिइन्छ । त्यति बेला मनोरञ्जन माध्यमका रूपमा चलचित्र सँगसँगै रेडियोलाई पनि प्राथमिक स्रोत मानिन्थ्यो ।

---

[३] यो र यसपछि आउने तेस्रो अनुच्छेद स्ट्रीटर (मिति नखुलेको) र दोस्रो अनुच्छेद www.kenmillsagency.com/talk/history मा आधारित छ ।

सन् १९२० र ३० को दशकमा रेडियो कुराकानीका अभ्यास समूहगत छलफल (प्यानल डिस्कसन) का कार्यक्रम विषयको उठानका लागि लोकप्रिय थिए । अमेरिकाका मुख्यमुख्य सहरहरूमा गोलमेच समूहगत छलफलहरू धेरै सुनिन्थे । यसै बीचमा रेडियो एनबीसीको *द युनिभर्सीटी अफ सिकागो राउण्ड टेबल* सन् १९३१ मा सुरु भयो र यसले करिब २५ वर्षसम्म निरन्तरता पायो । यस्तै राजनीतिक र सामाजिक विवादका लागि यो रेडियोको अर्को कार्यक्रम *अमेरिकाज टाउन मिटिङ अफ द एयर*ले पनि ठाउँ उपलब्ध गराएको थियो । रेडियो नेटवर्क र स्टेसन मालिकहरू समूहगत छलफलका कार्यक्रम प्रसारण गर्न खूब मन पराउँथे । यिनको उत्पादनमा खर्च नगण्य हुन्थ्यो । साथै श्रोताहरूका लागि पनि यी कार्यक्रम प्रिय नै थिए ।

सन् १९४५ ताका न्यूयोर्कस्थित रेडियो डब्लुसीएमएका डिस्क जकी वेरी ग्रेले आफ्नो रेकर्डेड साङ्गीतिक कार्यक्रमकै प्रसारणमा एक रात तत्कालीन समयका प्रख्यात व्याण्ड लिडर वुडि हर्मानसँगको कुराकानी प्रसारण गरेपछि यसले ठूलो हलचल सिर्जना गऱ्यो ।[४] त्यो अन्तर्वार्ताले हलचल ल्याएपछि डब्लुसीएमएका मालिकहरूले ग्रेसँग कार्यक्रममा अझ धेरै सेलिब्रेटीलाई निम्त्याउन आग्रह गरे । यसरी ग्रेको कार्यक्रमले न्यूयोर्कभरिका अन्य रेडियोका कार्यक्रमभन्दा सर्वोच्च स्थान पाएपछि डब्लुसीएमएको प्रतिस्पर्धी रेडियो डब्लुओआरले पनि धेरै कुराकानी कार्यक्रम थपेको थियो ।

द्वितीय विश्वयुद्धताका दुईओटा व्यापारिक स्टेसनहरूले युद्धभूमिमै गएर ताजा समाचार दिन थाले । रेडियो नाटक पनि अक्सर गरेर दिनको सबैभन्दा विवादास्पद विषयमा हुन्थे । रेडियोका कार्यक्रमको निरन्तरता लागि भाषण र समूहगत छलफलहरूले मुख्य भूमिका निर्वाह गरे । सन् १९४५ मा दोस्रो विश्वयुद्धको अन्तपछि टेलिफोन र रेडियो स्टेसन उपकरणहरूमा व्यापक सुधार आयो । टेलिफोन अडियोका कारण रेडियो प्रसारणका सहज हुन पुग्यो । यद्यपि टेलिफोन लाइन प्रयोगका लागि धेरै नियमहरू थिए । प्रविधिमा आएको विकास र मानवीय अभिरुचिले ती जटिल नियमलाई भत्काइदिए । रेडियोमा टक शोका विश्वव्यापी अभ्यासहरू हेर्दा यस्ता टक शोहरूले विषयको विवेचन, विश्लेषण गर्न सघाउ पुऱ्याएको देख्न सकिन्छ । रेडियो कुराकानीका बेलायती अभ्यासहरूलाई हेर्ने हो भने बीबीसीको स्थापना भएयता सो रेडियोले छलफलका प्रशस्त

---

[४] इन्टरनेटमा उपलब्ध केही सामग्रीले ग्रेको यो प्रयासलाई रेडियो टक शोकै पहिलो अभ्यास मानेका छन् । तर स्क्यानेल (सन् १९९१), स्क्यानेल र कार्डिफ (सन् १९९१) र डग्लस (सन् १९९९) ले बीबीसीले सन् १९२७ र एनबीसीले सन् १९३१ देखि रेडियो कुराकानी दिन थालेको उल्लेख गरेका छन् । त्यसैले यो कसरी पहिलो भन्ने प्रश्न देखा पर्छ तर यसको चित्त बुझ्दो जबाफ पाउन सकिएको छैन ।

कार्यक्रमहरू चलाएको देखिन्छ । बेलायतमा सन् १९२८ अघिका टक शोहरू दोहोरो संवादभन्दा मनोवाद प्रकृतिका थिए, जसमा वक्ताले एकोहोरो बोल्थ्यो प्रस्तोताले दिएको विषयमा । तर तत्कालीन टक विभागका निर्देशक हिल्डा माथेसनले यो प्रक्रियामा बेलाबेलामा विभिन्न परीक्षण अपनाएर कुराकानी स्वरूपमा परिवर्तन ल्याउन सघाउ पुऱ्याएकी थिइन् (स्क्यानेल सन् १९९१: २-३) । उनले कार्यक्रमको प्रस्तुति र शैलीमा अपनाएको परीक्षणले रेडियो छलफलका विभिन्न स्वरूपको अनुभव गर्न पाएको थियो बीबीसीले ।

सन् १९२८ अघि बीबीसी रेडियोमा कुराकानी कार्यक्रममा छलफल लेख्य (स्क्रिप्टेड) र अलेख्य (अनस्क्रिप्टेड) दुवै रूपमा परीक्षण गरिएका थिए । त्यसो गरिनु पछाडिको कारण संवादमा द्वन्द्वलाई जोड दिनुको साटो राम्रो टेबल टकको गुण आओस् भन्ने कार्यक्रम उत्पादकको अभिप्राय हुन्थ्यो (कार्डिफ सन् १९८०: ३६) । बीबीसीमा यो अभ्यास सन् १९३७ तिर जोन हिल्टनले फेरि ब्यूँताएका थिए । रेडियो कुराकानीका फर्म्याटमै बेलाबेलामा परिवर्तन गरिएको र रेडियोमा व्यक्तिगत कुराकानीका अभ्यासबाट छलफल, वादविवाद र अन्तर्वार्तातिर उन्मुख भएका थिए । डेभिड कार्डिफ (सन् १९८०) ले सन् १९२८ देखि सन् १९३५ सम्मका बीबीसी रेडियोका कुराकानी कार्यक्रम गम्भीर प्रकृतिका र सन् १९३६ देखि सन् १९३९ सम्मकालाई लोकप्रिय (राउण्ड टेबल डिस्कसन) र सन् १९४० पछि रेडियो कुराकानी म्यागेजिन स्वरूपमा आएको भनी उल्लेख गरेका छन् । रेडियो कुराकानीले अमेरिकामा सन् १९८० को दशकतिर श्रोताको सहभागिता र सङ्ख्या दुवै बढाएको थियो । सन् १९८० देखि १९८१ सम्मको एक वर्षको अवधिमा रेडियो टक शोहरूले एक वर्षमै श्रोता र त्यसकै प्रभावस्वरूप रेडियो स्टेसनको सङ्ख्या ४८ प्रतिशतले बढाएको भेटिन्छ (डग्लस सन् १९९९) ।

माथि उल्लेख भएका रेडियो कुराकानीका अभ्यासहरू एएम प्रविधिमा गरिएका थिए । एफएम प्रविधिमा कहिलेदेखि रेडियो कुराकानीले ठाउँ पायो भन्नेबारे लेखोटहरू भेट्न सकिएन । एफएम रेडियोको प्रयोग दोस्रो विश्वयुद्धपछि बढेको भए पनि त्यति बेला तिनले सङ्गीत मात्रै बजाउने गरेको भेटिन्छ । एएम रेडियोले आफ्नो पहुँच बढाउन यो प्रविधिको प्रयोग गरेको पाइन्छ । रेडियो प्रविधिमा चाँडो प्रगति गरेका मुलुकहरू (बेलायत र अमेरिका) मा रेडियोहरूको विशिष्टीकरण (स्पेसलाइजेशन) भइसकेको देखिन्छ । जस्तैः कसैले सङ्गीत मात्र (सङ्गीतभित्रका पनि विभिन्न स्वरूपहरू रक, ज्याज, ब्लूज, क्लासिकल, वर्ल्ड म्यूजिक) बजाउने, कसैले रेडियो टक मात्र प्रसारण गर्ने (आफूलाई टक रेडियोको दर्जामा राख्ने) आदि । अमेरिकी सन्दर्भलाई जोड्दै जेफ्रि मोरिस (सन् १९९१) ले टक रेडियोले

सन् १९६० देखि १९७० को बीचमा राजनीतिक संस्था (पोलिटिकल इन्स्टिच्यूसन) को आकार ग्रहण गरेको उल्लेख गरेका छन् । तर नेपाली सन्दर्भमा रेडियोमा यी सबै कुराहरू सबैजसो रेडियोमा मिश्रित रूपमा देखिन्छन् ।

## अध्ययनको आवश्यकता

एफएम रेडियोको प्रत्यक्ष प्रभाव काठमाडौँ उपत्यकामा देखिएको छ । हाल (२०६२ कात्तिकसम्म) काठमाडौँमा मात्र १३ ओटा एफएम रेडियो दैनिक प्रसारणमा छन् । दक्षिण एसियामै पहिलो एफएम रेडियो सगरमाथादेखि पछिल्लो नेपाल एफएमसम्मले समाचार, समाचारमूलक कार्यक्रमलगायत यथेष्ट मात्रामा गीतसङ्गीत प्रसारण गर्दै आइरहेका छन् । यी रेडियोले जगाएको सूचनाको भोक एक हिसाबले दैनिकी बनाइदिएको छ आम सूचना उपभोक्ताका लागि । छिनछिनमा दिइने समाचारले उपभोक्तालाई ‘अपडेट’ गरिदिएको छ । समाचारपत्र (पत्रपत्रिका) मात्रै पढेर समाचार थाहा पाउने वर्गलाई पनि त्यसको आवश्यकताको बोध कम गराइदिएको छ ।

ग्रामीण क्षेत्रसम्म पनि सूचना र समाचारको पहुँच पुऱ्याउनमा यिनले देखाएको उत्साह त छँदैछ । बेलाबखत यी रेडियोमाथि विभिन्न खालका टीकाटिप्पणी पनि आएका छन् । जस्तै: २०५९ असोज १८ पछि राजनीतिक पार्टीहरूले चलाएको ‘प्रतिगमनविरुद्धको आन्दोलन’[५] का समाचार र यसैमाथि चलाइएका अन्तर्संवाद कार्यक्रमहरूले गर्दा एफएम रेडियोले आन्दोलनलाई मलजल गरेको आरोप लागेको थियो । जुन रूपमा एफएम रेडियोमाथि बहस संवाद चलेको थियो त्यसको अध्ययन विश्लेषण भइनसकेको अवस्थामा यी माथि अध्ययन थालिनु पर्छ ।

अहिलेसम्मको अभ्यासमा हाम्रा एफएम रेडियोले के कस्तो योगदान दिएका छन् ? यसको उत्तर पाउन पनि कठिन हुन्छ । तर यसको मेसो बुझ्न पनि अध्ययन आवश्यक छ । त्यसैले यो अध्ययनको उद्देश्य एफएम रेडियोका मनोरञ्जनात्मक र गीतसङ्गीतका पक्षभन्दा कम लेखिएका ‘करेन्ट अफेयर्स’ शैलीमा चलिरहेका कार्यक्रममाथि बहसको थालनी गर्नु हो । अचेल एफएम रेडियोसम्बन्धी हुनेगरेका

---

[५] २०५९ असोज १८ (२००२ अक्टोबर ४) मा तत्कालीन प्रधानमन्त्री शेरबहादुर देउवाले राजा ज्ञानेन्द्रसमक्ष सोही साल कात्तिक २७ गते हुने गरी घोषणा भइसकेको आम चुनाव तत्कालीन राजनीतिक परिस्थितिका कारण हुन नसक्ने प्रमुख राजनीतिक दलहरूको निर्णयसहित १४ महिना पछि (२०६० मङ्सिर ३) सार्न सिफारिस गरे । यसैको बहानामा राजा ज्ञानेन्द्रले संविधानको धारा १२७ को प्रयोग गरी चुनाव गर्न ‘असक्षम’ भन्दै देउवालाई बर्खास्त गरेका थिए । राजाको यो कदमलाई दलहरूद्वारा ‘प्रतिगमन’ को संज्ञा दिइएको थियो । सोही सालको पुसबाट दलहरूले आन्दोलन थालेका थिए । यो आन्दोलन हाल (२०६२ कात्तिक मसान्त) सम्म जारी छ ।

बहस प्रारम्भिक दिनहरूमा झैँ एफएमले भाषा बिगार्‍यो भन्नेभन्दा केही माथि उठेको भए पनि अझै विषयवस्तुमै प्रवेश गरिसकेका छैनन् । यीबारे अध्ययन, अनुसन्धान गरिएको कमै भेटिन्छन् । त्यसमाथि बढीजसो अध्ययन 'सामुदायिक' भनिएका रेडियोहरूलाई ध्यानमा राखेर भएको छन् । रेडियो अध्ययनबारे अन्तर्राष्ट्रिय अभ्यासलाई हेर्दा हामीकहाँ यस्ता अध्ययनहरूको खाँचो अति नै खट्किन्छ ।

काठमाडौँ उपत्यकामा रहेका एफएम रेडियोहरूमा विभिन्न विषयका करेन्ट अफेयर्स कार्यक्रमले ठाउँ पाएका देखिन्छन् । जस्तो आर्थिक क्षेत्रसँग सम्बन्धित *अर्थसंसार*देखि खेलकुद, स्वास्थ्य, वातावरण आदि विषयमा पनि दैनिक रूपमा कार्यक्रम प्रसारण भइरहेका देखिन्छन् । तर यी विषय केन्द्रित कार्यक्रम हुन् । करेन्ट अफेयर्सको ठूलो परिभाषाभित्र यी विषय सहजै अटाउन सक्छन् । तर यो अध्ययनमा कुनै निश्चित विषयमा केन्द्रित रहेर गरिएका कार्यक्रमभन्दा दैनिक जनजीवनमा भइरहेका घटना या विषयसँग सम्बन्धित, रेडियो स्टेसन आफैले समसामयिक मानेका र समसामयिक राजनीति तथा त्यसले निर्देश गरेका विषयमा एक वा एकभन्दा बढी सहभागीहरूसँग गरिने रेडियो कुराकानी वा बहसमूलक कार्यक्रमलाई लिइएको छ । रेडियो सगरमाथाको *आजका कुरा*, कान्तिपुर एफएमको *न्यूज हक*, रेडियो एचबीसीको *खुलामञ्च* आदि यस्ता कार्यक्रमका केही उदाहरणहरू हुन् । यी कार्यक्रमले जुनसुकै विषयलाई आफ्नो छलफलको विषय बनाउने गर्छन् ।

यी कार्यक्रमलाई समेटिनुको कारण माथि भनिएझैँ यिनले जुनै विषयलाई छलफलको विषय बनाउन सक्ने भएकाले हो । समय, स्रोत र सामर्थ्यको निश्चित परिधिले गर्दा पनि अध्ययनमा यी मात्र कार्यक्रमलाई समेट्न सकिएको हो । त्यसैले निश्चित रेडियोका निश्चित प्रकृतिका कार्यक्रमलाई प्रतिनिधि कार्यक्रम मानेर तिनको प्रकृति र प्रवृत्ति खुटयाउन सजिलो हुने ठानिएकाले यो अध्ययन अगाडि बढाइएको हो । प्रस्तुत लेखलाई एफएम रेडियो कुराकानीमा विषय छनोट, विषयसँग आमन्त्रित स्रोतव्यक्ति, आर्थिक पक्ष र प्रभाव गरी मूल रूपमा चार खण्डमा विभाजन गरिएको छ । यसबाहेक प्रत्येक खण्डभित्र विभिन्न उपशीर्षक पनि छन् । यो लेख उपत्यकाभित्रका एफएम रेडियोहरूमा रहेका कुराकानी कार्यक्रमको 'ओभरभ्यू' दिने सँगसँगै उपत्यकाका एफएम रेडियोका अन्तर्संवाद कार्यक्रमलाई नजिकबाट हेर्न दुईओटा रेडियोका तीन फरक प्रकृतिका कार्यक्रमलाई लिएर चर्चा गरिएको छ । तिनमा सामुदायिकको दर्जामा राखिएको रेडियो सगरमाथाका *डबली* र *आजका कुरा* छन् भने व्यापारिक रेडियो कान्तिपुर एफएमको *न्यूज हक* छन् ।

यिनलाई छनोट गर्नुमा यी दुई रेडियो उपत्यकामा अन्य रेडियोका तुलनामा बढी प्रभाव भएका मानिन्छन् । त्यसबाहेक रेडियो सगरमाथा काठमाडौँ उपत्यकामा

मात्र मात्र सीमित छ भने कान्तिपुर काठमाडौँ उपत्यका साथै पूर्वाञ्चलका १६ जिल्ला र २०६१ पुस ११ यता पश्चिमाञ्चलको पोखरा गरी प्रसारणको ठूलो क्षेत्र ओगट्ने आदि कुरालाई आधार मानिएको छ । कार्यक्रम छनोटका हकमा अन्य रेडियोका तुलनामा यी कार्यक्रमले छ/सात वर्षको इतिहास बनाइसकेका छन् । यो अवधि अध्ययनका लागि उपयुक्त हो भन्ने अर्को आधार हो ।

## करेन्ट अफेयर्सको नेपाली अभ्यास

करेन्ट अफेयर्स आफैमा कस्तो खालको कार्यक्रम हो ? भन्ने खालको परिभाषागत समस्या अद्यापि कायम छ । तर समसामयिक विषयमा निश्चित समय छुट्ट्याएर नियमित (दैनिक वा साप्ताहिक) रूपमा प्रसारण हुने छलफल, डबली, अन्तर्क्रिया र बहसलाई यो आवरणभित्र पारेको देखिन्छ । रेडियो नेपालले आफ्नो ५४ वर्षे इतिहासमा यस्तो कुराकानी कार्यक्रम २०६१ माघ २५ देखि मात्र थालेको थियो, *आजको सन्दर्भ* नाम राखेर (थापा २०६१क) ।[६] यद्यपि २०५२ पछि रेडियो नेपालले साप्ताहिक रूपमा *सांसद-मन्त्री फोन इन* भन्ने कार्यक्रम चलाएको थियो । यी बाहेक हरेक वर्ष सरकारले प्रस्तुत गर्ने बजेट र राजाको जन्मदिनको अवसर पारेर *परिसंवाद* चलाउने गरेको देखिन्छ । तर यस्ता कार्यक्रम अवसर या दिनसँग जोडिने भएकाले तिनमा अन्तर्संवादका धेरै पक्षहरू गौण हुन्थे ।[७] करेन्ट अफेयर्स कार्यक्रमको अभ्यास रेडियो नेपालमा २०१६ सालतिर अखबारहरूका समाचारमा आधारित भएर *सम्पादकीय समीक्षा* कार्यक्रमबाट सुरु भएको थियो । यसले २०३७ सालसम्म निरन्तरता पाएको थियो । त्यस्तै २०१५ सालको आमनिर्वाचनपछि संसदको गतिविधिमा आधारित कार्यक्रम *संसदीय समीक्षा* पनि केही समय बजेको थियो । पञ्चायती कालमा पनि *मन्त्रालय गतिविधि*का नाममा करेण्ट अफेयर्स कार्यक्रम प्रसारण हुने गर्थ्यो (हुमागाईं २०६१क) ।

प्रजातन्त्र पुनर्स्थापनापछि *घटना र विचार, परिवेश, सांसद-मन्त्री फोन इन, संसद गतिविधि* र *आजको सन्दर्भ* कार्यक्रमलाई करेन्ट अफेयर्सभित्र राखी प्रसारण

---

[६] यो कार्यक्रम *घटना र विचार*को नाम फेरेर त्यही स्वरूपमा करिब ९ महिना जति चलेको थियो । २०६१ माघ २५ पछि *आजको सन्दर्भ*ले रेडियो कुराकानीको स्वरूप अँगालेको छ । त्यसयता यो कार्यक्रम हरेक बिहान ६:३० बजे प्रसारण हुँदै आएको छ । *आजको सन्दर्भ*बारे विस्तृत जान्नका लागि थापा (२०६१क) र *घटना र विचार*बारे चापागाईं (२०६१) हेर्नुहोस् ।

[७] रेडियो नेपालले आयोजना गर्ने *परिसंवाद* कार्यक्रममा दुवै अवस्थामा (पार्टीहरूको सरकार हुँदा र हाल राजाको सरकार हुँदा) तात्त्विक रूपमा अन्तर देखिँदैन । *परिसंवाद*का लागि बोलाइने व्यक्तिहरू सरकार पक्षीय र विरोध नगर्ने खालका हुने भएकाले यी अन्तर्संवाद विचार अभिव्यक्तिको हिसाबले एकपक्षीय र प्रजातान्त्रिक हुँदैनथे भन्ने खालका आरोपहरू पर्याप्त सुनिन्थे ।

गरेको पाइन्छ । यिनमा सुरुमा *यो हप्ता* हुँदै नाम परिवर्तन भएर *घटना र विचार* करेन्ट अफेयर्स शैलीको, पहिलो सशक्त र उदाहरणीय प्रस्तुति थियो (चापागाईं २०६१) । तर कुराकानीकै स्वरूप अँगालेको *सांसद-मन्त्री फोन इन*मा श्रोताले सांसद र मन्त्रीहरूसँग कुराकानी गर्न कार्यक्रम प्रसारण हुनुभन्दा तीन दिनपहिले नै रेडियो नेपालमा फोन सम्पर्क गर्नुपर्थ्यो । यसमा सम्बन्धित सांसदले श्रोताले सोध्न खोजेको प्रश्न पहिले नै थाहा पाएपछि मात्र त्यो श्रोतासँग कुराकानी गर्ने या नगर्ने निश्चित हुन्थ्यो । आमनिर्वाचन २०५६ पछि रेडियो नेपालले यस्तो अभ्यास गरेको छैन । तर एफएम रेडियोहरू आएपछि रेडियो कुराकानीका प्रशस्त अभ्यासहरू भएको पाइन्छ । यसको सुरुआत रेडियो सगरमाथाको *डबली* कार्यक्रमबाट भएको हो ।

नेपालमा करेन्ट अफेयर्सको अभ्यास सञ्चारका तीनओटै माध्यममा कायम रहेको देखिन्छ । पत्रपत्रिकामा विचार/दृष्टिकोण लगायतका स्तम्भले ठाउँ पाएका छन् । तिनमा मुख्यतः समाचारमा आएका या नआएका विषयवस्तुमाथिका समसामयिक लेखनीले ठाउँ पाएका हुन्छन् । टेलिभिजनमा पनि समसामयिक खालका कार्यक्रमहरू कुराकानीकै ढाँचामा चलेका पाइन्छन् । सरकारी टेलिभिजन– नेपाल टेलिभिजनमा *बहस* (साँझ ८:३० हरेक आइतबार, सञ्चालक इन्द्र लोहनी), *दिशानिर्देश* (साँझ ८:४५ हरेक सोमबार, सञ्चालक विजयकुमार), *चिन्तन मनन* (साँझ ९:३० हरेक शनिबार, सञ्चालक राजेन्द्रदेव आचार्य) *पीपलबोट* (बिहान १०:०० हरेक बिहीबार, सञ्चालक राजेन्द्र शलभ) यस्ता कार्यक्रम हुन् ।[८] निजी क्षेत्रका टेलिभिजनमा

---

[८] यो लेख तयार हुँदाहुँदै २०६२ असार २७ देखि कार्यक्रम नेपाल टेलिभिजनमा हरेक सोमबार साँझ ८:४५ मा प्रसारण हुने कार्यक्रम *दिशानिर्देश* बन्द भएको छ । आफ्नो अन्तिम कार्यक्रममार्फत कार्यक्रम बन्द हुनुमा नेपाल टेलिभिजनको कुनै भूमिका नभएको बरु आफ्नै व्यक्तिगत कारण रहेको सो कार्यक्रमका सञ्चालक/प्रस्तोता विजयकुमारले जानकारी दिएका थिए । नेपाल टेलिभिजनकै अर्को अन्तर्संवाद कार्यक्रम *चिन्तन मनन* पनि बन्द भएको छ । तर यसबारे कुनै पूर्व जानकारी दिइएको थिएन । हाल यही समयमा जीवराम भण्डारीद्वारा सञ्चालित *समय समीक्षा* कार्यक्रम प्रसारण हुने गरेको छ । यस्तै शिवानी सिं थारूद्वारा सञ्चालित *मूल्याङ्कनः तीनसय साठी डिग्रीको कोणबाट* भन्ने नयाँ कार्यक्रम पनि २०६२ असोजको मध्यतिरबाट सुरु भएको छ । त्यसबाहेक *बहस* कार्यक्रम चलाउने इन्द्र लोहनीलाई सो कार्यक्रमको जिम्मेवारीबाट अलग गरिएको छ । लोहनीको सट्टामा नेपाल टेलिभिजनकै संवाददाता लक्ष्मण हुमागाईंद्वारा यो कार्यक्रम सञ्चालन भइरहेको छ । वकिलहरूको राष्ट्रिय सङ्गठन–नेपाल बार एसोसिएसनद्वारा सार्वजनिक रूपमै 'भ्रष्टाचार नियन्त्रण शाही आयोग' मा बार एसोसिएसन सम्बद्ध वकिलहरूले बहस नगर्ने निर्णय गरेको थियो । सो निर्णयलाई सर्वोच्च बार एसोसिएसनले पनि समर्थन गरेको थियो । लोहनी सर्वोच्च बार एसोसिएसनका सचिव रहेकाले नेपाल टेलिभिजन व्यवस्थापनले आफ्नो कानूनी सल्लाहकार साथै *बहस* कार्यक्रमको सञ्चालकबाट हटाएको समाचार पत्रपत्रिकाहरूमा आएको थियो । नेपाल टेलिभिजनबाहेक निजी टेलिभिजन, इमेज च्यानलमा आउने *इमेज कुराकानी* र च्यानल नेपालको *अनौपचारिक* कार्यक्रम पनि बन्द भइसकेका छन् ।

कान्तिपुर टेलिभिजनमा–*फायर साइड* (साँझ ८:०० हरेक सोमबार, सञ्चालक भूषण दाहाल) र *अनुत्तरित प्रश्न* (साँझ ७:३०– हाल समय परिवर्तन भएर साँझ ८:०० देखि ८:३० सम्म– हरेक मङ्गलबार, सञ्चालक युवराज सङ्ग्रौला) *कान्तिपुर बहस* (हरेक शनिबार साँझ ७:३० बजे, सञ्चालक, इन्द्र लोहनी), *फ्रन्टलाइनः बदलिँदो नेपालको तस्बिर* (हरेक आइतबार साँझ ७:३० बजे, सञ्चालक विजयकुमार), कार्यक्रम छन् । यस्तै इमेज च्यानलको *इमेज कुराकानी* (साँझ ८:३० हरेक बुधबार, सञ्चालक सुरेश शर्मा) र *समय चक्र* (साँझ ८:१५ हरेक शुक्रबार, सञ्चालक सुरेश आचार्य) च्यानल नेपालको *अनौपचारिक* (साँझ ९:३० हरेक शुक्रबार, सञ्चालक पुरुषोत्तम दाहाल) यस्ता कार्यक्रमका उदाहरण हुन् ।

एफएम रेडियोमा हेर्दा २०५४ असोजदेखि पहिलो निजी क्षेत्रको एफएम रेडियो रेडियो सगरमाथाले *हाम्रो खाल्डो* भन्ने कार्यक्रम सुरु गऱ्यो जुन त्यति बेला नेपाली रेडियो अभ्यासमै नौलो ठानिएको थियो (प्रिङ्गल सन् १९९९) । उपत्यकाका एफएम रेडियोका बहसमूलक कार्यक्रमहरू एक दिनभरि वा हप्ताभरिका समसामयिक राजनीति र त्यसकै वरिपरि रहेर सञ्चालन भइरहेका छन् । यस्ता कार्यक्रमहरूमा निश्चित समयमा चर्चामा रहेको कुनै एउटा विषय (सकेसम्म सबभन्दा बढी चर्चामा रहेको विषय) माथि सम्बन्धित व्यक्तिलाई स्टुडियोमा उपस्थित गराएर वा टेलिफोन सम्पर्क गरेर मत बुझ्ने या सवालजबाफ गरिन्छ । रेडियो सगरमाथामा २०५५ वैशाख २३ बाट नियमित रूपमा *डबली* कार्यक्रम सुरु भएको थियो । यसर्थ नेपालमा रेडियो कुराकानीको अभ्यासलाई अगाडि बढाउने कार्यक्रममा *डबली* पहिलो पङ्क्तिमा आउँछ । नेपालमा समसामयिक रेडियो कुराकानीका अभ्यासहरू नेपाली भाषामा मात्र भइरहेका छैनन् । यस्ता कुराकानीहरू उपत्यकाभित्र तामाङ भाषा[९] र नेपाल भाषामा पनि भइरहेका छन् । नेपाल भाषामा यस्ता कुराकानी कार्यक्रमको प्रस्तुति कमजोर, सीमित स्रोतव्यक्तिभित्र मात्रै छलफल हुने, कार्यक्रम प्रस्तोतामा अध्ययनको अभाव, नेपाल भाषामा हुनुपर्ने कार्यक्रम स्रोतव्यक्तिको सजिलोको लागि नेपाली भाषामा पनि सञ्चालन हुने आदि पक्षको वसन्त महर्जन (२०६२) ले उल्लेख गरेका छन् ।

## उपत्यकाका एफएम रेडियोमा बहसमूलक कार्यक्रम

उपत्यकामा रहेका एफएम रेडियोहरूमध्ये समसामयिक विषयका कुराकानी कार्यक्रम चारओटा एफएम रेडियोमा दैनिक रूपमा प्रसारण हुन्थे । बाँकी

[९] तामाङ भाषामा हुने अन्तर्संवाद कार्यक्रमबारे जानकारीका लागि अध्याय ११ हेर्नुहोस् ।

धेरैजसो साप्ताहिक हुने गरेका थिए । दैनिक कार्यक्रममा हरेक बिहान ६:३०-७:०० बजेसम्म इमेज एफएम[१०]मा *आजको सन्दर्भ*, हरेक साँझ ८:०० देखि ८:४५ सम्म रेडियो सगरमाथाको *आजका कुरा* र टाइम्स एफएममा हरेक बिहान ७:३० देखि ८:०० बजेसम्म *बिहानी चिन्तन* र मेट्रो एफएममा हरेक बिहान ६:४५ देखि ७:०० सम्म *मेट्रो बिहानी* प्रसारण हुन्थे ।

त्यसबाहेक साप्ताहिक रूपमा कान्तिपुर एफएममा *न्यूज हक* हरेक आइतबार बिहान ९:०० देखि १०:०० बजेसम्म र *समय* हरेक शनिबार बिहान ९:०० देखि १०:०० बजेसम्म बज्ने कार्यक्रम हुन् । यस्तै *भिन्नै कुरा* हरेक शुक्रबार साँझ ७:०० देखि ८:०० र *साताको सन्दर्भ* हरेक शनिबार बिहान ६:३० देखि ७:०० बजेसम्म इमेज एफएममा प्रसारण हुने गरेका थिए । रेडियो एचबीसीमा हरेक मङ्गलबार बिहान ७:३० देखि ८:०० बजेसम्म *खुलामञ्च*, क्लासिक एफएम[११]मा हरेक आइतबार बिहान ८:०० देखि ९:०० बजेसम्म *परिक्रमा*, रेडियो पर्यावरण चक्रमा हरेक आइतबार बिहान ९:०० देखि १०:०० सम्म *फलैँचा*, र शनिबार बिहान ९:०० देखि १०:०० बजेसम्म *आजको अदालत* कार्यक्रम प्रसारण हुने गरेका थिए । यस्तै मेट्रो एफएममा हरेक सोमबार, मङ्गलबार, बिहीबार र शुक्रबार साँझ ७:१५ देखि ७:४५ सम्म *मन्थन* कार्यक्रम प्रसारण हुने गरेका थिए ।

तालिका ९.१ मा उल्लेख भएका कार्यक्रमहरू समसामयिक विषय (समसामयिक राजनीति, राजनीतिक दलहरू, माओवादीसँग जोडिएका विषय आदि) मा हुने कार्यक्रमहरू हुन् । तर समसामयिकको ठूलो परिभाषाभित्र सहजै अटाउने राजनीतिबाहेकका खेलकुद, अर्थ/बाणिज्य, वातावरण, शिक्षा, स्वास्थ्य, मनोरञ्जन आदि थुप्रै विषयमा पनि एफएम रेडियोहरूमा करेन्ट अफेयर्स कार्यक्रम चलिरहेका पाइन्छन् । यस्ता कार्यक्रमका उदाहरण लिनुपर्दा रेडियो सगरमाथामा *आवाज* ( खोपकेद्वारा उत्पादित), *बिजनेस यात्रा* (एन्टेना फाउण्डेसनद्वारा उत्पादित), *रङ्गशाला, चिटिक्क* (इको हिमालको सहयोगमा तयार पारिएको), *सञ्जीवनी, दिगो विकास, आचार विचार, सहभागिता* (नेपाल कार्यमूलक सहभागी समूह– नेपान–को सहयोगमा तयार पारिएको) र *सङ्गीत सरोबर* (हरेक बुधबार कुराकानी अङ्क) हुन् ।

---

[१०] यो एफएम पहिले (२०५५ पुस २३ देखि २०६१ असार ३० सम्म) केएटिएचको कलसाइनले चिनिन्थ्यो । २०६१ साउन १ गतेदेखि यसले आफ्नो नाम फेरेको हो ।

[११] यो एफएम २०५२ पुस १६ बाट रेडियो नेपालको एफएम काठमाडौँ १०० मेगाहर्जको स्टुडियो प्रयोग गरी सञ्चालनमा आएको थियो । यो क्रम २०६१ असारसम्म चल्यो । सो अवधिपछि एक वर्षसम्म सञ्चालनमा आएन । तर २०६२ साउन २४ बाट १०१.२ मेगाहर्जमा आफ्नै छुट्टै फ्रिक्वेन्सीमार्फत फेरि सञ्चालनमा आएको छ ।

**तालिका ९.१: उपत्यकाका एफएम रेडियोमा अन्तर्संवाद कार्यक्रम**

| कार्यक्रमको नाम | सञ्चालक | सुरु भएको मिति | स्टेसन |
|---|---|---|---|
| डबली | प्रत्यूष वन्त र त्यसयता नारायण श्रेष्ठ, घमराज लुँइटेल (अरू नाम फुटनोट १४ मा छ) | २०५५ वैशाख २३ | रेडियो सगरमाथा |
| आजका कुरा | सुरुमा १ वर्ष किरण नेपाल, भगीरथ योगी (कहिलेकाहीँ) र त्यसपछि किरण पोखरेल, दुर्गा कार्की (हरेक आइतबार) र नारायण श्रेष्ठ (हरेक बुधबार) | २०५५ जेठ ९ | " |
| न्यूज हक* | श्रीराम पौडेल र प्रवीण अधिकारी | २०५६ असार २२ | कान्तिपुर एफएम |
| समय* | जय निशान्त | २०५९ | " |
| आजको सन्दर्भ* | भरत शाक्य, श्रीओम श्रेष्ठ, गगन थापा र बद्री पाण्डे | २०५७ जेठ ७ | इमेज एफएम |
| भिन्नै कुरा | भरत शाक्य/श्रीराम पुडासैनी | २०५९ | " |
| साताको सन्दर्भ* | पुरु रिसाल | २०६० | " |
| खुलामञ्च | नवराज चालिसे | २०५९ | रेडियो एचबीसी |
| परिक्रमा* | नरेन्द्र ओली | २०५७ | क्लासिक एफएम |
| मेट्रो बिहानी* | सन्तोष दाहाल | २०५८ | मेट्रो एफएम |
| मन्थन* | शिवराम ढकाल | २०६० | " |
| बिहानी चिन्तन* | राजेन्द्र वानियाँ | २०६० | टाइम्स एफएम |
| आवाज* | अर्जुन पाठक | २०६१ | रेडियो सीटी |
| न्यूज मेकर* | नीलम शर्मा | २०६१ | " |
| आजको अदालत* | दिनेशचन्द्र थपलिया | २०६१ | पर्यावरण चक्र एफएम |
| फलैँचा* | सविन घिमिरे | २०६१ | " |
| समय समीक्षा** | विनोद ढुङ्गेल, हेमबहादुर विष्ट, भगीरथ योगी, सुभाषकुमार दर्नाल, तारानाथ दाहाल, प्रदिप घिमिरे र मनिषा अर्याल | २०६२ असोज १८ | नेपाल एफएम |

स्रोतः सम्बन्धित रेडियो स्टेसन र कार्यक्रम प्रस्तोता ।

* यी कार्यक्रम २०६१ माघ १९ पछि बन्द भएका थिए । यो अध्ययनको अवधि (२०६२ कात्तिक मसान्त) सम्म सञ्चालनमा आएका थिएनन् ।

** अभिव्यक्ति स्वतन्त्रता र नागरिक हितका पक्षमा थालिएको यो कार्यक्रम उपत्यकाका अन्य संवादमूलक कार्यक्रमभन्दा बेग्लै स्वरूपमा छ ।

यस्तै कान्तिपुर एफएममा *स्त्री शक्ति* र *फेयर एण्ड लभ्ली फेमिना, क्लब कान्तिपुर, न्यूज मेकर* र *प्लेटफर्म*लाई यो घेराभित्र पार्न सकिन्छ । मेट्रो एफएममा *महिला जागरण* (पछि नाम परिवर्तन भएर *सचेतना*), *अङ्कुर, सन्दर्भ र आवाज;* एचबीसी एफएममा *अर्थ संसार, बिजनेस आवर, एचबीसीका मित्रहरू, आलोपालो, चर्चा परिचर्चा* र *जदौ,* इमेज एफएममा *प्रशङ्गवश, एटमा भेट, प्लेटफर्म,* रेडियो सीटी एफएममा *अर्थयोजना, स्पोर्ट्स फाइल;* र पर्यावरण चक्र रेडियो एफएममा *शैक्षिक आवाज, विचार विमर्श, सांस्कृतिक विचार, दैलोदैलोमा, नारी आवाज,*

*गैर सरकारी आवाज, शिक्षा विचार, उपत्यकाको सेरोफेरो* र पछिल्लो समयमा स्थापित नेपाल एफएममा *लज्जावती* यी सबै विभिन्न किसिमका अन्तर्संवादका कार्यक्रम हुन् ।[१२] यस्ता कार्यक्रमहरूका अतिरिक्त रेडियो सगरमाथामा १० मिनेट विभिन्न क्षेत्रका व्यक्तिहरूले आफूलाई लागेको विषयमा टिप्पणी गर्ने ढाँचाको *रेडियो कुराकानी स्तम्भ*[१३] पनि कायम छ ।

## ***सङ्क्षिप्त इतिहास***

*डबली*

दक्षिण एसियामै गैरराज्य क्षेत्रको अग्रणी रेडियो भएर निस्किएको थियो रेडियो सगरमाथा । त्यो अग्रता उसले प्रसारण गरेका कार्यक्रममा पनि केही हदसम्म झल्किएको थियो । रेडियो सगरमाथा आउनुपूर्व एफएम काठमाडौँ १०० मेगाहर्जमा निजी क्षेत्रले समय किनेर क्लासिक एफएम, कान्तिपुर एफएम, केएटीच एफएम, हिट्स एफएम आदिले कार्यक्रम चलाइरहेका थिए । तिनको चिनारी केवल मनोरञ्जनात्मक कार्यक्रममार्फत भइरहेको थियो । तिनमा 'कल इन शो' अन्तर्गत श्रोताहरूले फोनमार्फत "यो गीत फलानालाई 'डेडिकेट' गर्छु" भन्ने जस्ता कुराहरू बढी समावेश हुन्थे । रेडियो सगरमाथाले आफूलाई सामुदायिकको दर्जामा राखेर कार्यक्रम उत्पादन/प्रसारण थालेको थियो । तर स्वतन्त्र रूपमा व्यक्तिका अभिव्यक्ति प्रस्फुटन गर्न सक्ने खालका छलफल कार्यक्रम हुन सकिरहेका थिएनन् ।

त्यति बेला भर्खरै अमेरिकाको पेन्सलभानिया विश्वविद्यालयबाट इतिहासमा विद्यावारिधि गरी *हिमाल* द्वैमासिकको सम्पादन मण्डलमा पत्रकारिताको अनुभव बटुलिरहेका युवा प्रत्यूष वन्तलाई तत्कालीन स्टेसन म्यानेजर रघु मैनालीले रेडियोमा कुनै खालको कुराकानी कार्यक्रम चलाउन आग्रह गरे । कार्यक्रमको नाम जुराइयो *डबली* । नाम जुराउने पण्डित उनै रघु मैनाली थिए । मैनालीले गरेको आग्रहअनुरूप वन्तले रेडियो सगरमाथाको परीक्षण कालमै पनि चारओटा कार्यक्रम चलाएका थिए । यसरी २०५५ वैशाख २३ बाट हरेक बुधबार औपचारिक

---

[१२] यहाँ उल्लेख गरिएका धेरैजसो कार्यक्रमहरू २०६१ माघ १९ भन्दा अगाडिका हुन् । सो समययता प्रत्यक्ष रूपमा समसामयिक विषय (बढीजसो राजनीति) उठाउने कार्यक्रमहरू बन्द भइसकेका छन् । अध्ययनको पछिल्लो अवधि (२०६२ कात्तिक मसान्तसम्म) धेरैजसो कार्यक्रम सञ्चालनमा आएका थिएनन् ।

[१३] हरेक बिहान कहिले ६:४५ मा त कहिले ७:२५ मा आउने यो स्तम्भमा भैरव रिसाल, लक्ष्मणप्रसाद अर्याल, स्व. विष्णुप्रताप शाह, दुर्गाप्रसाद भण्डारी, चटयाङ मास्टर (कृष्णमुरारी गौतम), ऋतुराज (वसन्त थापा), वसन्त लोहनी, ध्रुवहरि अधिकारी र बालकृष्ण माबुहाङ आदिले आफूलाई मन लागेको विषयमा आ-आफ्ना प्रस्तुति राखेका र राख्दै आएका देखिन्छन् । यस्तो अभ्यास उपत्यकाका अन्य एफएम रेडियोहरूले गरेका छैनन् ।

रूपमा *डबली*को सुरुआत भएको थियो । नेपाली समाजका कुराहरू, त्यसभित्र रहेका ज्ञानहरू रेडियोमार्फत बाहिर ल्याउन यो कार्यक्रमको परिकल्पना गरिएको थियो । मैनालीको आग्रहमा वन्तको सीपले चलेको कार्यक्रम उपत्यकाका एफएम रेडियोहरू मात्र होइन रेडियो नेपालमा पनि नभएको नौलो किसिमको कार्यक्रम बन्न पुग्यो ।[१४]

*आजका कुरा*

रेडियो सगरमाथामा *डबली* कार्यक्रम नियमित रूपमा थालिएको १६ दिनपछि २०५५ जेठ ९ अर्को दैनिक कार्यक्रम थपियो *आजका कुरा* । २०५४ फागुनबाट स्वयंसेवकको रूपमा सगरमाथामा छिरेका किरण नेपाललाई यो कार्यक्रम चलाउने जिम्मेवारी दिइएको थियो । एफएम काठमाडौं १०० मेगाहर्जमा *हाम्रो चासो, मञ्जरी* जस्ता आर्थिक क्षेत्रसँग सम्बन्धित कार्यक्रम चलाइसकेको अनुभवले गर्दा उनले  कार्यक्रम चलाउने अवसर पाएका थिए । हरेक दिन समाजमा हुने गरेका घटनाहरूको गहन विश्लेषणका लागि यो कार्यक्रम थालिएको थियो । रेडियो सगरमाथाका संस्थापक स्टेसन म्यानेजर रघु मैनाली *आजका कुरा*को सुरुआतलाई यसरी सम्झिन्छन्–

> सरकारी रेडियो– रेडियो नेपाल मात्र हुँदा विषयगत बहसको कमी थियो । समाजमा विभिन्न थरी विचारहरूले ठाउँ ओगटेका हुन्थे । तर छलफल मन्थन गर्ने सार्वजनिक डबली थिएन । रेडियोमार्फत विचार अभिव्यक्त गर्ने कुनै मञ्च नभएको बेलामा मानिसहरूलाई

---

[१४] रेडियो सगरमाथा परीक्षण प्रसारणमै रहेको अवधि (२०५४ जेठ ९– २०५४ चैत ११ सम्म) मा *डबली*का चार अङ्क बजिसकेका थिए । तिनमा दुईओटा– 'चितवन राष्ट्रिय निकुञ्ज र स्थानीय जनजीविका' (२०५४ असोज २६ मा नय शर्मा र अनिल भट्टराईसँग गरिएको छलफल) र 'नेपालमा जलविद्युत' (२०५४ मङ्सिर ८ मा विकास पाण्डे र राजेन्द्र दाहालसँग गरिएको छलफल) विषयमा *हाम्रो खाल्डो* कार्यक्रमअन्तर्गत बजेका थिए । बाँकी दुईओटा– 'साहित्यिक पुरस्कारहरू' (२०५४ कात्तिक १० मा वासुदेव त्रिपाठी, खगेन्द्र सङ्ग्रौला र नरेन्द्रराज प्रसाईंसँग गरिएको छलफल) र 'नेपाली पत्रकारिताबारे औपचारिक तालिम' (२०५४ पुस २३ मा मनिष गौतम, अनु चित्रकार, प्रवोध देवकोटा र ज्योति कोइरालासँग गरिएको छलफल) थिए । प्रत्यूष वन्तले सञ्चालन गर्ने ताकाको र अहिलेको *डबली*मा फरक आएको छ । हप्ताको एकपटकबाट सुरु भएको यो कार्यक्रम क्रमशः दुईपटक, तीनपटक हुँदै २०६२ कात्तिक मसान्तसम्म हप्ताको सातै दिन प्रसारण हुने गरेको थियो । दिनअनुसार *डबली*को नाम पनि फरक हुने गरेको छ । आइतबार *वातावरण डबली* (ऋषि आचार्य), सोमबार *भाषा ⁄ साहित्य ⁄ सञ्चार डबली* (घमराज लुइँटेल र नारायण श्रेष्ठ), मङ्गलबार *संस्कृति डबली* (शारदा रिजाल), बुधबार *शिक्षा ⁄ सामुदायिक वन डबली* (भरतराज पौडेल), बिहीबार *अर्थ डबली* (शान्ता बस्नेत), शुक्रबार *स्वास्थ्य डबली* (जया लुइँटेल) र शनिबार *पर्यटन डबली* (भरतराज पौडेल) नामले चिनिने गरेको छ । २०६१ माघ १९ पछि हरेक मङ्गलबार आउने *सुशासन डबली* (पछि *संविधान डबली*– शनिबार) ले निरन्तरता पाउन सकेको छैन ।

यस्तो कार्यक्रमले एकखालको 'इमोशनल आउटलेट' देओस् भन्ने पनि अभिप्राय थियो । त्यसैले विभिन्न विषयमा छलफल अगाडि बढाउन *आजका कुरा* सुरु गरिएको थियो । राजनीतिक व्यक्तिका मात्र विचार एकोहोरो आउने भएकाले 'क्रस सेक्सन' का विचार खुला हुन सकिरहेका थिएनन् । जस्तैः कुनै पार्टीले आयोजना गरेका बन्द, हडतालमा कार्यक्रम सफल/असफल भएको भन्नका लागि राजनीतिक व्यक्तिहरूकै विचारहरूले प्रश्रय पाउँथे । तर बन्दबाट प्रत्यक्ष रूपमा प्रभावित/प्रताडित को भयो भन्ने प्रत्युत्तर दिने विचारहरू पनि आउन सकिरहेका थिएनन् । बन्दले प्रभाव पार्ने विभिन्न समुदायमध्ये व्यापारी, प्राध्यापक, कर्मचारीको पनि विचारले ठाउँ पाउनुपर्छ भन्ने हाम्रो मान्यता थियो । रेडियो सगरमाथाकै इजाजत पत्रमा समाचार तथा समाचारमूलक कार्यक्रम दिन नपाउने सर्त राखिए पनि सञ्चार मन्त्रालयलाई समाचार या समाचारमूलक कार्यक्रमको 'फर्म्याट' मा मात्र आपत्ति थियो, 'कन्टेन्ट'मा होइन । यदि कन्टेन्टमा पनि अङ्कुश लगाउन खोजेको भए त्यसको सामना गर्न पनि हामी मानसिक रूपमा तयार थियौँ ।[१५]

### *न्यूज हक*

रेडियो सगरमाथा सञ्चालनमा आएको करिब १७ महिनापछि छुट्टै स्टेसनको रूपमा काठमाडौँको आकाशमा अर्को रेडियो थपियो कान्तिपुर एफएम ।[१६] प्रकृतिले दुई बेग्लाबेग्लै धारका यी रेडियोले आफ्नो स्थापना भएलगत्तै समाचारका अतिरिक्त समाचारमूलक कार्यक्रमलाई पनि स्थान दिएका थिए । समाचार प्रसारणमा कान्तिपुर अग्रणी हुन पुग्यो तर संवादमा उसले अग्रता देखाउन सकेको थिएन ।[१७] यस्तैमा २०५५ पुस ५ देखि कान्तिपुरमा अन्तर्संवाद कार्यक्रम *प्राइम टाइम वीथ विजयकुमार* सुरु भएको थियो । प्रत्येक आइतबार बिहान ८:०० बजेदेखि ९:०० बजेसम्म प्रसारण हुने यो कार्यक्रम पत्रकार विजयकुमार पाण्डेको सञ्चालनमा जम्माजम्मी ६ महिना (२०५६ असार १५ सम्म) मात्र चलेको थियो ।[१८] त्यसपछि त्यसैको निरन्तरता स्वरूप नाम मात्र परिवर्तन गरेर

---


[१५] रघु मैनालीसँग २०६२ साउन ९ (२००५ जुलाई २४) मा गरिएको कुराकानीमा आधारित ।

[१६] २०५२ चैत १४ देखि कान्तिपुर एफएमले रेडियो नेपालको एफएम काठमाडौं १०० मेगाहर्जमा साँझ ७:०० देखि १०:०० बजेसम्मको तीन घण्टा समय लिइसकेको भए पनि २०५५ असोज २८ देखि मात्र यो छुट्टै फ्रिक्वेन्सीमा आफ्नै स्टुडियोमार्फत प्रसारणमा आएको हो ।

[१७] कान्तिपुर एफएमको समाचारबारे जानकारीका लागि यसै पुस्तकको अध्याय ७ हेर्नुहोस् ।

[१८] पत्रकार विजयकुमार पाण्डे यो कार्यक्रम चलाउँदा कान्तिपुर एफएम स्टेसनसँग सम्बद्ध थिएनन् । कार्यक्रमको सम्पूर्ण जिम्मा (उत्पादन/प्रसारण शुल्क/अन्य खर्च) पाण्डेको नै थियो । *प्राइम टाइम वीथ विजयकुमार*को पहिलो अङ्कमा २०५५ पुस ५ मा 'अब कस्तो सरकार बन्ला ?' विषयमा छलफल गरिएको थियो । यसबाहेक प्रारम्भका अन्य केही अङ्कहरूमा २०५५ पुस १२ मा 'नेपाली राजसंस्थाः हिजो, आज र भोलि' (हेर्नुहोस् तस्बिर ९.१), २०५५ पुस १९ मा 'पेमलाका सम्झनाहरू' शीर्षकमा प्रख्यात गायक स्व. नारायणगोपाल पत्नी पेमला गुरुवाचार्यसँग अन्तर्क्रिया र २०५५ पुस २६ मा 'करोड रुपियाँ दान दिने महिला, सुरा, सुन्दरी र प्रेममा रमाउने प्राध्यापक' थिए ।

२०५६ असार २२ देखि सोही समयमा *न्यूज हक* सुरु भएको हो । केही महिनापछि समय परिवर्तन गरेर बिहान ९:०० देखि १०:०० बनाइयो । बन्द नहुञ्जेलसम्म पनि यसको प्रसारण समय यही थियो । यो कार्यक्रम चलाउने जिम्मा कान्तिपुर




तस्बिर ९.१: २०५५ पुस ११ को *कान्तिपुर*को अन्तिम पातोमा प्रकाशित *प्राइम टाइम वीथ विजयकुमार* कार्यक्रमको विज्ञापन ।

एफएमकै समाचार शाखामा कार्यरत श्रीराम पौडेल र प्रवीण अधिकारीले लिएका थिए ।[१९]

[१९] यो कार्यक्रमको अन्तिम अङ्क (२०६१ माघ १७) सम्म पौडेल र अधिकारी नै सञ्चालकका रूपमा रहेका थिए । २०६१ माघ १९ (२००५ फेब्रुअरी १) पछि कार्यक्रम बन्द भएको थियो । २०६२ कात्तिक मसान्तसम्म कार्यक्रम पुनः सञ्चालन भइसकेको छैन ।

## *कार्यक्रमको संरचना*

*डबली*

सुरुमा हरेक बुधबार मात्रै र २०५५ कात्तिक २६ बाट हरेक शुक्रबार पनि गरी हप्ताको दुईपटक आउने यो कार्यक्रम ३० मिनेटको हुन्थ्यो । कार्यक्रम प्रसारण हुने समय र यसको अवधि अहिले (२०६२ कात्तिक मसान्त) सम्म पनि यथावत छ । कार्यक्रममा आमन्त्रित स्रोतव्यक्तिसँगको अन्तर्क्रिया पूर्व *डबली*को 'सिग्नेचर टच्यून'ले आधादेखि एक मिनेट समय लिन्छ । यसबाहेक विषयबारेको भूमिकाले दुई/तीन मिनेट र स्रोतव्यक्तिको सङ्क्षिप्त परिचयले करिब एक मिनेट लिन्छ । यसरी करिब पाँच मिनेट खर्चिसकेपछि अन्तर्संवादले खास विषयमा प्रवेश गरेको हुन्छ । यसबाहेक ढिलो सुन्ने वा भर्खरै रेडियो खोलेका श्रोतालाई कार्यक्रमको विषयवस्तु र आमन्त्रित स्रोतव्यक्तिको परिचय दिन र सुन्दासुन्दै ध्यान टुट्न सक्ने श्रोतालाई सम्झाउन बीचबीचमा कार्यक्रमको नाम, कार्यक्रममा आमन्त्रित व्यक्ति र छलफल गरिरहेको विषय दोहोऱ्याइन्छ । *डबली* सुरुदेखि २०५६ वैशाख २२ सम्म गरी कुल एक वर्ष रेकर्डेड (यद्यपि बीचबीचमा केही समय लाइभ पनि थियो) चलेको थियो । २०५६ वैशाख २७ पछि प्रत्यक्ष प्रस्तुतिमा (लाइभ) गएको थियो । यो क्रम अहिले (२०६२ कात्तिक मसान्त) सम्म पनि जारी छ ।

*आजका कुरा*

सुरुआतताका कुल ४५ मिनेटको कार्यक्रमलाई १५-१५ मिनेटका दरले छुट्ट्याएर तीन खण्डमा विभाजन गरिएको थियो । सुरुको १५ मिनेटमा त्यो दिन छानिएको विषयमा स्टुडियोमा उपस्थित तीन/चार जना स्रोतव्यक्तिहरूसँग छलफल गरिन्थ्यो । 'यक्ष प्रश्न' नाम राखिएको दोस्रो १५ मिनेटको खण्डमा त्यो दिनका पत्रपत्रिकाले उठाएका ताजा विषयको जानकारी र ती विषयबारे विभिन्न पेसा/वर्गका व्यक्तिहरूसँग टेलिफोनमार्फत कुराकानी गरिन्थ्यो । यस खण्डमा स्टुडियोमा उपस्थित व्यक्तिहरू पनि सहभागी हुनसक्थे तर तिनले थोरै समय पाउँथे । यसपछि अन्तिम १५ मिनेटलाई फेरि सुरुको १५ मिनेटको निरन्तरताका रूपमा लिइएको थियो । यसले छलफल गहन र साँच्चिकै चाखलाग्दो बनाउँदै गयो ।

किरण नेपाल सञ्चालकबाट बाहिरिएपछि किरण पोखरेल सञ्चालक रहेको यो कार्यक्रमको पूरै ४५ मिनेट स्रोतव्यक्तिसँगको छलफलमा बित्न थालेको छ । यसका लागि न्यूनतम एक जनादेखि अधिकतम चार/पाँच जनासम्म स्रोतव्यक्ति बोलाइने गरिएको छ । प्रस्तोताले कार्यक्रमको सुरुमा त्यो दिनको विषय र त्यही

नै विषय किन छानियो भन्नेबारे सानो भूमिका प्रस्तुत गरेपछि स्टुडियो या फोनमै आमन्त्रित स्रोतव्यक्तिबारे छोटो परिचय दिने गरिएको छ । यो प्रायोजित कार्यक्रम नभएकाले यसमा अन्तर्संवादको सिलसिला बिनाअवरोध जारी रहन्छ ।[२०]

*न्यूज हक*

साप्ताहिक रूपमा हरेक आइतबार बिहान ९:०० देखि १०:०० बजेसम्म गरी जम्मा एक घण्टा समय अवधि ओगटेको यो कार्यक्रममा प्रारम्भिक समयका केही कार्यक्रमहरू प्रसारण गर्नुभन्दा पहिले नै तयार पारिसकेका (रेकर्डेड) थिए । पछि सबै अङ्कहरू प्रत्यक्ष प्रस्तुति (लाइभ) थिए । रेकर्डेड कार्यक्रम प्रसारण हुँदाको अवस्थामा न्यूज रिपोर्ट, अन्तर्वार्ता, विश्लेषणसमेतलाई समेटिएको थियो । तर लाइभमा गएपछि त्यस्ता खण्डहरू हटाइयो र अन्तर्क्रियालाई मात्र कार्यक्रमको संरचनाभित्र पारियो । न्यूनतम दुई जनादेखि अधिकतम चार जनासम्म स्रोतव्यक्ति छलफलमा सहभागी हुने प्रचलन यो कार्यक्रमको प्रारम्भदेखि अन्तिम अङ्कसम्म कायम थियो । कार्यक्रमको सुरुमा प्रस्तोताले त्यो दिन सञ्चालन गर्न लागेको विषयबारे करिब तीन-चार मिनेट कार्यक्रमको उद्देश्य र भूमिका साथै आमन्त्रित स्रोतव्यक्तिहरूको छोटो परिचय प्रस्तोताले नै दिएपछि विषयमाथि स्रोतव्यक्तिले बोल्ने प्रचलन थियो ।

कार्यक्रम सञ्चालन गरिनुपूर्व सुरुको पाँच मिनेट गीत (लोकगीत/आधुनिक गीत) बजाइने गरिएको थियो । गीत बजाउनुको कारण संवादमा जानुपूर्व कार्यक्रममा स्रोतव्यक्तिहरूको बस्ने व्यवस्था (सीट एरेन्जमेन्ट) मिलाउनका लागि हो । यसबाहेक बीचबीचमा बजाइने विज्ञापनले अन्तर्संवादमा केही अवरोध ल्याउँथ्यो या त्यसले कुराकानीको सिलसिलालाई टुटाउँथ्यो । “त्यति बेला विज्ञापन नभए हुन्थ्यो जस्तो लागे पनि प्रायोजकको रुचिअनुसार विज्ञापन नबजाई धरै पाइन्नथ्यो” कार्यक्रमका एक सञ्चालक श्रीराम पौडेल भन्छन् ।[२१] कान्तिपुर एफएममा पहिलोपल्ट सुरु भएको अन्तर्संवाद कार्यक्रम *प्राइम टाइम वीथ*

---

[२०] *आजका कुरा*को सुरुआतदेखि नै संलग्न (विषय/स्रोतव्यक्तिको पृष्ठ अनुसन्धानमा करिब ९ महिना स्वयंसेवकका रूपमा) किरण पोखरेलसँग २०६२ साउन २५ (२००५ जुलाइ ९) मा गरिएको कुराकानीमा उनले ‘कार्यक्रमको संरचनामा स्टेसनकै योजना र नीतिमुताविक परिवर्तन ल्याइएको’ बताएका थिए । यस्तै रघु मैनालीसँग २०६२ साउन ९ (२००५ जुलाइ २४) मा गरिएको कुराकानीमा उनले आफू स्टेसन म्यानेजरको रूपमा रेडियो सगरमाथामा संलग्न रहँदाको *आजका कुरा* र अहिलेको कार्यक्रमको संरचनामा धेरै भिन्नता आइसकेको बताएका थिए ।

[२१] श्रीराम पौडेलसँग २०६२ असार १९ (२००५ जुलाइ ३) मा गरिएको कुराकानी ।

*विजयकुमार* र *न्यूज हक* दुवैले प्रायोजक भेट्टाएका थिए । विजयकुमारको कार्यक्रमलाई सुरुमा सानमिगेल वियर र केहीपछि नेपाल विकास बैंक (हेरिटेज प्लाजा, कमलादी) ले प्रायोजन गरेको थियो । यस्तै *न्यूज हक*लाई जगदम्बा सिमेन्ट कम्पनीले । पछिल्लो अवधिमा उपत्यकाका एफएम रेडियोका अन्तर्संवाद कार्यक्रममध्ये प्रायोजन गरिएको कार्यक्रम सायद यही मात्र थियो ।

## विषयवस्तु

### *डबलीमा विषय छनोट*

रेडियो सगरमाथाको कार्यक्रम *आजका कुरा* र कान्तिपुर एफएमको *न्यूज हक*भन्दा *डबली*ले छानेका विषयहरू केही पृथक देखिन्छन् ।[२२] यो कार्यक्रमले प्राज्ञिक खालका विषयहरू बढी उठाएको पाइन्छ । नेपाली भाषाबाहेक यो कार्यक्रमका ११ अङ्कहरू अङ्ग्रेजी भाषामा पनि चलाइएका थिए । कार्यक्रम सञ्चालकको अङ्ग्रेजीको ज्ञान र नेपालमा विभिन्न अवसरहरूमा आइरहने विदेशी बुद्धिजीवीहरूलाई पनि कार्यक्रममा सहभागी गराउने उद्देश्यका कारण अङ्ग्रेजीमा कार्यक्रम हुन सकेको हो । यसले नेपाली समाजभन्दा बाहिरका अनुभवहरूलाई पनि आदानप्रदान हुने मौका दिएको थियो ।

*डबली*ले राजनीतिक, आर्थिक, सामाजिक सबै विषयहरूलाई उठाएको देखिन्छ । राजनीतिक विषयका यी उदाहरणलाई अघि सार्न सकिन्छ । 'हामीले अँगालेको प्रजातान्त्रिक व्यवस्थामा राजनीति गर्ने पार्टीहरू र पार्टीहरूद्वारा ल्याइएको विकृति कसरी नियन्त्रण गर्न सकिन्छ ?' (२०५५ माघ १२), 'प्रजातन्त्र र विकासः यसको नेपाली अवतार' (२०५६ जेठ २४), 'कर्णालीको पीडा काठमाडौँलाई दुख्छ कि दुख्दैन ?' (२०५६ साउन ५), 'पाकिस्तानमा भएको सैनिक सत्ता परिवर्तनबारे नेपालीहरूलाई यत्तिका धेरै चासो किन ?' (२०५६ कात्तिक ८), 'नेपालमा प्रजातन्त्रको स्वास्थ्य' (२०५५ मङ्सिर १), 'माओवादी आन्दोलनको एक मूल्याङ्कन' (२०५६ असोज १९) आदिलाई लिन सकिन्छ । तालिका ९.२ ले *डबली*ले छलफलमा समेटेका विषयको झलक दिन्छ । *डबली*मा प्राज्ञिक खालका विषयलाई पनि उठाइएको थियो । यसको उदाहरणका रूपमा 'नेपालमा अङ्ग्रेजी लेखनको

---

[२२] यहाँ *डबली*बारे गरिएको विश्लेषण प्रत्यूष वन्तले कार्यक्रम चलाएको अवधि (२०५५ वैशाख २३ देखि २०५६ पुस १४ सम्म) को मात्र हो । सो यताका कार्यक्रमले उठाएका विषयबारे चर्चा गरिएको छैन । अचेल हप्ताको सातै दिन फरकफरक विधा (जस्तैः पर्यटन, स्वास्थ्य, शिक्षा, सञ्चार इत्यादि) मा *डबली* चलाइन्छ । त्यसैले यसको क्षेत्र अझ बढी फराकिलो बनेको छ । यसले अध्ययनको दायरालाई व्यापक बनाएको छ ।

स्थिति' (२०५५ जेठ २७), 'नेपालमा अन्तर्क्रियाको संस्कार र संस्कृति' (२०५५ जेठ २०), 'नेपालमा पुस्तक प्रकाशन उद्योगको स्थिति र भविष्यका सम्भावनाहरू' (२०५५ वैशाख २३), 'नेपाली भाषाको स्वास्थ्य कस्तो छ ?' (२०५६ असार २९), 'नेपालमा गैर सरकारी संस्थाहरूले गरिराखेका कामको मूल्याङ्कन कसरी भइरहेको छ, हुनसक्छ र हुनुपर्छ ?' (२०५५ असोज २१), 'राष्ट्रिय विकास सेवाः पहिले के थियो ? अहिले के हुनसक्छ ?' (२०५६ भदौ २२), 'नेपालमा अहिले उत्पादन भइरहेको सङ्गीतः एउटा सङ्गीतज्ञ र समाजशास्त्रीको दृष्टिकोणमा' (२०५६ कात्तिक १६), 'नेपालमा दलित आन्दोलनः हालको स्थिति र भविष्य' (२०५६ असोज ५) आदिलाई लिन सकिन्छ ।

**तालिकाः ९.२ *डबलीले* छलफलमा उठाएका विषयहरू**

| क्र.स. | विषय | सङ्ख्या |
|---|---|---|
| १. | प्रजातन्त्र (राजनीतिक पार्टी, चुनाव, प्रहरी, भ्रष्टाचार, विकेन्द्रीकरण) | ३२ |
| २. | शिक्षा | १७ |
| ३. | सामाजिक आन्दोलन | १५ |
| ४. | सामाजिक बनोट | १५ |
| ५. | पत्रकारिता/लेखन | १४ |
| ६. | वातावरण | ७ |
| ७. | काठमाडौँका समस्याहरू | ७ |
| ८. | अर्थतन्त्र/निजीकरण | ७ |
| ९. | महिला | ६ |
| १०. | जलविद्युत | ५ |
| ११. | गैर सरकारी संस्था | ५ |
| १२. | स्वास्थ्य | ५ |
| १३. | साहित्य | ४ |
| १४. | पुस्तक संसार | ४ |
| १५. | पर्यटन | ४ |
| १६. | गरिबी/जीविकोपार्जन | ३ |
| १७. | अन्तर्क्रिया संस्कृति | ३ |
| १८. | वन्यजन्तु संरक्षण/वनस्रोत | २ |
| १९. | सामाजिक प्रविधि | ३ |
| २०. | इन्टरनेट प्रविधि | २ |
| २१. | मानव अधिकार | २ |
| २२. | विकास/विदेशी सहयोग बहस | १ |
| २३. | न्यायप्रणाली | १ |
| २४. | खेलकुद | १ |
| | **जम्मा** | **१६५** |

स्रोतः प्रत्यूष वन्तको व्यक्तिगत सङ्कलन (२०५५ वैशाख २३-२०५६ पुस १४)

यस्तै सामाजिक विषयका उदाहरणमा 'अझै धेरै बाँच्नु छः एचआइभी भएकाहरूको आत्मकथा' (२०५६ वैशाख १), 'नेपालमा विकासमा महिला प्रसङ्ग' (२०५५ कात्तिक २७), 'शिक्षा बहसः उच्च शिक्षाको स्थिति काठमाडौंबाहिर पढाउने शिक्षकको आँखामा' (२०५५ पुस ३), 'नेपालमा सार्वजनिक विद्यालयहरूले प्रदान गर्ने शिक्षाको गुणस्तर कसरी वृद्धि गर्न सकिन्छ ?' (२०५५ फागुन १२), 'नेपाली साहित्यको उत्थानमा नेपाल राजकीय प्रज्ञा प्रतिष्ठानको भूमिका के छ, के हुन सक्छ ?' (२०५५ चैत २२), 'विदेशबाट पढेर फर्केका नेपालीहरू के कस्ता काममा लागेका छन् ? यहाँबाट भागूँ भागूँ लाग्ने प्रवृत्ति छ कि ? इत्यादि' (२०५६ भदौ १), 'आठौँ साफ खेलकुदः नेपालले यो आयोजना गरेर के पायो ?' (२०५६ असोज १७), 'के निजी क्षेत्रले उपलब्ध गराउने स्वास्थ्य सेवा महङ्गो नै हुनुपर्छ ? सस्तो बनाउने उपायहरू के होलान् ?' (२०५६ पुस ६), देख्न सकिन्छ ।

माथि उल्लेख भएका उदाहरणहरूले *डबली* काठमाडौँका लागि केन्द्रित कार्यक्रम भए पनि यसले उठाउने विषय राष्ट्रिय स्तरका हुने गरेका देखाउँछन् । यही कार्यक्रमका पूर्व सञ्चालक प्रत्यूष वन्त (२०५९) ले कार्यक्रममा काठमाडौँले धेरै ठाउँ नपाएको स्वीकार गरिसकेका छन् । कतिपय विषय 'रमाइलो' खालका भएको पनि माथि उल्लिखित उदाहरणले देखाउँछन् ।[२३]

## *आजका कुरामा विषय छनोट*

*आजका कुरा*ले गर्ने विषय चयनबारे नारायण श्रेष्ठ भन्छन्– "हामीलाई विषय चयनमा त्यति धेरै प्रेसर अनुभव भएको छैन । त्यसो त हामीकहाँ कति नै पो विषय छन् जसले करेन्ट अफेयर्स जन्माओस् । जस्तैः नेपालमा खेलकुदको करेन्ट अफेयर्स ज्यादै थोरै हुन्छ कारण खेलकुदका कति नै पो इभेन्ट आयोजना हुन्छन् र ? त्यसैले जे विषयले धेरै विषयहरू जन्माउँछ स्वभावतः त्यही विषयका बढी कार्यक्रम उत्पादन र प्रसारण हुन्छन् । अरूभन्दा राजनीतिले धेरै विषय जन्माउने

---

[२३] स्रोतव्यक्तिसँगको विषय केन्द्रित छलफलका अलावा जनबोली (भक्स पप) पनि *डबली*मा बजेका छन् । जनताका आवाज बजाएर ती माथि स्रोतव्यक्तिले स्वतन्त्र टिप्पणी गर्ने अभ्यास पनि कार्यक्रमका केही अङ्कमा भएका छन् । *डबली*का सञ्चालक वन्तले चयन गरेका विषयमाथि रेडियो सगरमाथामै कार्यरत पत्रकार दुर्गा कार्कीले यस्ता जनबोली सङ्कलन गरेकी थिइन । *डबली*मा बजेका विषयसम्बन्धित जनबोलीहरूमा 'आउँदो चुनावमा राम्रो उम्मेद्वार भनेको कस्तो हुनुपर्छ ?' (२०५५ चैत २२), 'चुनावमा सरकारी र निजी क्षेत्रका आम सञ्चारमाध्यमहरूको भूमिका' (२०५६ वैशाख १९), 'भोट किन दिने र चुनाव सचेतना कार्यक्रम' (२०५६ वैशाख २०) र 'एनजीओहरू किन बदनाम भए ? अब नेपाली एनजीओहरूले गर्नुपर्ने मुख्य काम के हो ?' (२०५६ जेठ ३) हुन् ।

भएकाले निश्चित रूपमा त्यो विषयका करेन्ट अफेयर्स धेरै हुन्छन् ।"[२४] *आजका कुरा*का प्रस्तोता किरण पोखरेल कार्यक्रमको अन्तमा एउटा वाक्य दिनदिनै दोहोऱ्याउँछन् 'आजका कुरा यत्ति नै, भोलिका कुरा भोलि नै' । यो वाक्यबाट दैनिक रूपमा सञ्चालन गरिने समसामयिक कुराकानीको चुनौती महसुस गर्न सकिन्छ । भोलिको लागि के विषय छान्ने भन्ने पीरलो कार्यक्रम सकिएपछि सुरु हुने गर्छ । विषय छनोटमा दैनिक, साप्ताहिक पत्रपत्रिकाले उठाएका विषयले विषयवस्तुको चयनमा ठूलै मद्दत पुऱ्याएको पोखरेल बताउँछन् ।

*आजका कुरा*ले एक वर्षको अवधि (२०५९ वैशाख-चैत) मा 'बेरोजगारी व्यवस्थापन' देखि 'किसानको अधिकार', 'उपत्यका बन्दले असरल्ल पारेको जनजीवन' त कहिले 'जाजरकोट र मुगुमा डब्लुएफपी र जीटिजेडले बन्द गरेको कामका लागि खाद्यान्न कार्यक्रम', राजनीतिका इतर र भितर दुवै पक्षलाई उठाएको देख्न सकिन्छ । तिनमा विकासे गतिविधिदेखि विशद्ध राजनीतिसम्मका कैयन विषय उठेका छन् । विषय चयनमा एक हिसाबले विविधता नै देखिएको छ । यो विविधता हेर्न तालिका ९.३ ले सहयोग गर्छ ।

२०५५ जेठ ९ देखि निरन्तर (बीचमा कहिलेकाहीँ १५-२० दिन रोकिएको पनि छ) हालसम्म (२०६२ कात्तिक मसान्त, माघ १९ पछिको १ हप्तासम्म बन्द भएको थियो) *आजका कुरा*ले आफ्नो अस्तित्व दर्शाउँदै आएको छ । यो कार्यक्रमले समेटेको विषयहरू हेर्दा राजनीति र राजनीतिकै हाँगाबिँगाका विभिन्न सामाजिक र विकासे विषयहरू समेटेको देखिन्छ (हेर्नुहोस् तालिका ९.३) ।[२५] *आजका कुरा*ले समेटेका राजनीतिक विषयका केही उदाहरण लिनुपर्दा 'राष्ट्रिय सभाबाट अस्वीकृत भएको नागरिकतासम्बन्धी विधेयक' (२०५७ असार १), 'राष्ट्रिय सुरक्षा नीति' (२०५७ असार २५), 'नेपाली काङ्ग्रेसभित्रको राजनीतिक सङ्कट' (२०५७ साउन २७),

---

[२४] *आजका कुरा*का नियमित सञ्चालक किरण पोखरेल हुन् तर कहिलेकाहीँ नारायण श्रेष्ठले यसको सञ्चालन गर्दथे । अचेल उनी हरेक बुधबार यो कार्यक्रम सञ्चालन गर्छन् ।

[२५] तालिका ९.३ मा उल्लेख गरिएका विषय र तिनको सङ्ख्यामा केही घटबढ हुनसक्छ । रेडियो सगरमाथामा हेरिएका *आजका कुरा*को रेकर्ड रजिष्टरमा कतिपय दिनका कार्यक्रमका विषय उल्लेख नै गरिएको थिएन । यस्तै कतिपय कार्यक्रमको विषय उल्लेख भए पनि बोलाइएका स्रोतव्यक्तिको नाम उल्लेख थिएन । रेकर्डमा जति स्पष्ट उल्लेख थियो त्यही आधारमा तिनलाई वर्गीकरण र गणना गरिएको हो । रेडियो सगरमाथामा *आजका कुरा*को सुरुदेखिकै लिखित रेकर्ड भएको यो कार्यक्रमका सुरुका सञ्चालक किरण नेपालले जानकारी दिए पनि उनले चलाएका अवधिको कार्यक्रमको रेकर्ड रजिष्टर भेट्न सकिएन । यसैले २०५७ असारदेखि २०६० साउनसम्मको विवरणसहितको रजिष्टर हेरिएको थियो । यसका सञ्चालक किरण पोखरेलका अनुसार सो अवधियताका विवरणहरू उतारेर राखिएको छैन । अध्ययनमा २०६१ सालको अवधिलाई समेट्न प्रयास गरिए पनि रजिष्टर रेकर्ड सुविधा नभएकाले सम्भव भएन ।

**तालिका ९.३: *आजका कुराले* (२०५९ सालभरि) समेटेका विषय र तिनको सङ्ख्या**

| क्र.सं. | विषय | सङ्ख्या |
|---|---|---|
| १. | राजनीति | ११४ |
| २. | आर्थिक क्षेत्र | २५ |
| ३. | सञ्चार | १७ |
| ४. | शिक्षा | १४ |
| ५. | स्वास्थ्य | ८ |
| ६. | वातावरण | ७ |
| ७. | गोर्खा सैनिक | ६ |
| ८. | उर्जा (जलविद्युत र पानी) | ५ |
| ९. | मानवअधिकार | ५ |
| १०. | महिला | ५ |
| ११. | यातायात | ५ |
| १२. | खेलकुद | ४ |
| १३. | पर्यटन | ४ |
| १४. | कृषि र कृषकको अधिकार | ३ |
| १५. | स्थानीय निकाय | २ |
| १६. | गरिबी | २ |
| १७. | श्रम | २ |
| १८. | खाद्यसुरक्षा | २ |
| १९. | विज्ञान प्रविधि | २ |
| २०. | घरेलु हिंसा | २ |
| २१. | योजना | १ |
| २२. | जनजाति | १ |
| २३. | साहित्य | १ |
| २४. | विकास | १ |
| २५. | बाँध | १ |
| २६. | अन्य (यसअन्तर्गत नेपालमा भ्यागुतापालन, रानीपोखरीका माछा किन मरे ? लगायतका विशुद्ध सामाजिक विषय परेका देखिन्छन्) | ४२ |
| | **जम्मा** | **२८१** |

स्रोतः *आजका कुरा*को रेकर्ड फाइल (२०५९), रेडियो सगरमाथा ।

'तेलमा मिसावट' (२०५७ फागुन ७), 'संसदमा कुटाकुट र संसदीय अभ्यास' (२०५७ फागुन ९), 'नेपाल बन्दको औचित्य' (२०५९ जेठ ५), 'माओवादी आक्रमणपछि उत्पन्न पछिल्लो परिस्थिति र यसले उब्जाएको प्रश्न' (२०५८ मङ्सिर १०), 'दरबार हत्याकाण्ड एक वर्ष पूरा' (२०५९ जेठ १९), 'काङ्ग्रेस औपचारिक रूपमा फुटे देश र प्रजातन्त्रलाई के असर पर्ला ?' (२०५९ जेठ २०), 'माओवादी विद्रोहको सात वर्षलाई फर्केर हेर्दा' (२०६० साउन २), 'सशस्त्र द्वन्द्वभित्रको बाल अधिकार' (२०६० मङ्सिर ५), 'धारा १२७ मा के छ ?' (२०६० असोज ७) आदि उल्लेख्य छन् ।

यस्तै गैर राजनीतिक विषयका उदाहरण 'नेपालका जेलको वर्तमान स्थिति' (२०५७ असार ८), 'नेपाली आकाश हवाइ उडानका लागि कति सुरक्षित ?' (२०५७ असार १४), 'नेपाली हास्यव्यङ्ग्य कत्तिको हाँसो उठ्दो ?' (२०५७ असार २५), 'टोनी हागन र नेपालको चिनारी' (२०५८ जेठ ९), 'सम्राट उपाध्यायको अरेस्टिङ्ग गड इन काठमाण्डू' (२०५८ पुस ७), 'के कारणले रानीपोखरीका माछा मरे ?' (२०५९ जेठ ३), 'विश्वकप फुटबल: नेपाली खेलाडीको आँखामा' (२०५९ वैशाख २), 'गर्भपतनका कारण जेलमा परेका महिला' (२०५९ असार २२), बीउ बिजनको व्यापार र कृषि उद्योग' (२०५९ वैशाख १) आदि हुन् ।

यसप्रकार *आजका कुरा*को विषय छनोटमा विविधता पाउँछौँ हामी । तर माथि उल्लिखित केही उदाहरण र तालिका ९.३ का आधारमा भन्नुपर्दा *आजका कुरा*मा पनि देशका समस्या नै बढी उठेको देखिन्छ । रेडियो सगरमाथा राजधानीको रेडियो भए पनि उसले उठाएका विषयका आधारमा आफूलाई राजधानी (काठमाडौँ) मै मात्र सीमित राखेको छैन । तर ठूला विषय उठाउँदा राजधानीका विषयले ठाउँ नपाएको देखिन्छ । एक वर्षको मात्रै तथ्याङ्कमा आधारित भएर भन्नु पर्दा तालिका ९.३ ले दलित, जनजाति, महिला जस्ता अल्पसङ्ख्यक समुदायका कुरा  कम आएको देखाउँछ । यसबाहेक गरिबी, श्रम, खाद्यसुरक्षा, घरेलु हिंसा, साहित्य, विकास, योजना आदि विषयमा पनि थोरै मात्र कार्यक्रम सम्पन्न भएका छन् । एक वर्षको तथ्याङ्कका आधारमा राजनीतिले सर्वाधिक स्थान पाएको भन्न सकिन्छ ।[२६]

## *आजका कुराका केही प्रस्तुति: उदाहरणका रूपमा सार्नुपर्दा*

दैनिक कार्यक्रम *आजका कुरा*लाई नजिकबाट हेर्नका लागि यो कार्यक्रमका केही अङ्क सुनिएको थियो । यसअन्तर्गतको 'उम्मेदवारका लागि अनिवार्य चर्पी' (२०६० भदौ ५) भन्ने कार्यक्रम विषय छनोटको एउटा राम्रो र रमाइलो उदाहरण हो । २०५९ असोज १८ पछि राजाबाट जननिर्वाचित प्रधानमन्त्री शेरबहादुर देउवालाई अपदस्थ गरी गठन भएकामध्ये दोस्रो सरकार सूर्यबहादुर थापाको प्रधानमन्त्रीत्वमा गठन भएको थियो । सो सरकारले चुनाव गराई छाड्ने दृढता बेलाबेलामा व्यक्त गरिरहँदा यो विषयमा कार्यक्रम प्रसारण भएको थियो । नेपाली राजनीतिक दललाई जनस्वास्थ्य, त्यसमा पनि उम्मेदवारी र चर्पी अभियानसँग जोडेर चलाइएको सायद यो पहिलो

---

[२६] राजनीतिले *आजका कुरा* लगायत अन्य रेडियो कार्यक्रममा पनि स्थान पाउनुको कारणबारे 'राजनीति धेरैको छलफलको विषय' उपशीर्षकमा पछाडि चर्चा गरिएको छ ।

कार्यक्रम हुनुपर्छ । यस विचारका सूत्राधार पत्रकार भैरव रिसाल थिए । रिसाल आफै पनि सो कार्यक्रममा सहभागी भएकाले प्रस्तोताको आधा जस्तै जिम्मेवारी सकिएको थियो । सो कार्यक्रमका सहभागीहरूमा राजनीतिक दलका सदस्यहरू एमालेका झलनाथ खनाल र नेपाली काङ्ग्रेसका गोविन्दराज जोशी थिए । कार्यक्रमका अर्का सहभागी जनस्वास्थ्य डाक्टर अरूणा उप्रेती पनि भएकाले स्वास्थ्य र राजनीतिको सम्बन्धमा सो कार्यक्रममा प्रभावकारी वार्ता भएको थियो ।[२७]

कहिलेकाहीँ प्रस्तोताको भूमिकालाई स्रोतव्यक्तिले ओझेल पारिदिने खालका उदाहरण पनि भेटिन्छन् । यसले गर्दा स्रोतव्यक्तिले कार्यक्रमलाई नै एकपक्षीय बनाउने गरेको पनि पाइन्छ । यस्तै एउटा उदाहरण 'रकेट ब्राण्ड तोरीको तेलमा भेटिएको आर्जिमोन मेक्सिकाना' सम्बन्धी विषयलाई लिन सकिन्छ । २०६० को बीचतिर भएको सो कार्यक्रममा जनहित संरक्षण मञ्च (प्रो पब्लिक) का केदार खड्का र तेल मालिक विजय दुगडबीच अन्तर्क्रिया भएको थियो । स्रोतव्यक्तिका रूपमा आमन्त्रित केदार खड्काले कार्यक्रम सञ्चालक किरण पोखरेललाई प्रश्न गर्ने अवसर नै दिएनन् । खड्का र तेल मालिक दुगडबीचको दोहोरो वाद प्रतिवाद व्यक्तिगत लाञ्छनाको तहसम्म पुगेको थियो ।[२८] रेडियोमा खड्काले दुगड विरुद्ध लगाइएका लाञ्छना र आरोप प्रतिवाद गर्ने मौका दिएनन् । विवाद, उल्झन आएपछि त्यसको रक्षा प्रतिरक्षामा उत्रनु स्वाभाविकै हो तर जो माथि रेडियोबाट सार्वजनिक आरोप लगाइएको छ, त्यसको स्पष्टताका लागि आमन्त्रण पनि गरिएको छ, उसैलाई बोल्नसमेत नदिनु एक हिसाबले माध्यमको दुरुपयोग पनि हो । यस्तो अवस्थामा प्रस्तोताको जिम्मेवारी कसरी व्यक्तिगत तहभन्दा माथि उठ्ने, एउटाका विचार रेडियोमा हाबी हुन नदिन के गर्ने ? भन्ने खालका नीति र स्रोतव्यक्तिलाई पनि के कुरामा अन्तर्क्रिया हुँदैछ भनी स्मरण गराउनुपर्ने हुनसक्थ्यो । तर त्यसमा ध्यान नपुगेको जस्तो देखियो । प्रत्यक्ष प्रस्तुतिका धेरै असल पक्ष भए पनि केही खराब पक्ष पनि हुन्छन् । खराब पक्षको एउटा उदाहरण यो अङ्क भएको थियो ।

*आजका कुराकै* अर्को अङ्क 'जनयुद्धमा बालिबालिकाको प्रयोग र प्रहरीद्वारा उनीहरूमाथि गरिएको दमन' (२०५७ भदौ १०) मा कार्यक्रम प्रस्तोता (भगीरथ योगी)

---

[२७] प्रस्तुतिमाथिका टिप्पणी यी कार्यक्रमको रेकर्ड सुनिएका आधारमा गरिएका हुन् ।

[२८] केदार खड्का कुनै समयको नेपाल टेलिभिजनको चर्चित कार्यक्रम *एक आपसका* सञ्चालक हुन् । उनी हाल रेडियो नेपालबाट प्रसारण भइरहेको रेडियो कार्यक्रम *असल शासनका* पनि सञ्चालक हुन् । यसबाहेक उनको संलग्नता नेपाल टेलिभिजन र इमेज मेट्रो टेलिभिजनबाट प्रसारण हुने सार्वजनिक सरोकारका विषय उठाउने कार्यक्रम *पक्ष प्रतिपक्षमा* समेत छ ।

ले उठाउन खोजेको विषयवस्तुमा राम्रो अध्ययन गरेको मान्न सकिन्छ । बाल अधिकारसम्बन्धी महासन्धि अनुमोदन भएको दिवसको अवसर पारेर यो अङ्कको विषय चयन गरिएको थियो । कार्यक्रमका सहभागी स्रोतव्यक्तिहरूमा नेपाल बाल मजदुर सरोकार केन्द्र (सीविन) का अध्यक्ष गौरी प्रधान, मानवअधिकार तथा शान्ति समाजका तत्कालीन सभापति कृष्ण पहाडी र एमनेस्टी इन्टरनेशनल नेपालका तत्कालीन सभापति कृष्ण कँडेल थिए । राज्य र माओवादी दुवै पक्षबाट बालबालिकामाथि हुने गरेको ज्यादती, दमन, आफू अनुकूलको प्रयोग, यी सबै कुराको राम्रो चिरफार भएको थियो कार्यक्रममार्फत ।

कार्यक्रमले मिडियासम्बन्धी नै छानेको 'सञ्चारको क्षेत्रमा निजी टेलिभिजनको अनुमति दिने सरकारी आश्वासन' (२०५७ कात्तिक १५) विषयको प्रस्तुतिलाई निराशाजनक मान्न सकिन्छ । यो अन्तर्क्रियामा स्रोतव्यक्तिका रूपमा साङ्ग्रिला च्यानलका अध्यक्ष नीर शाह, सञ्चार मन्त्रालयका शाखा अधिकृत अनुप नेपाल र स्वतन्त्र पत्रकार ध्रुवहरि अधिकारी थिए । सञ्चार मन्त्रालयले निजी क्षेत्रमा टेलिभिजन अनुमतिका लागि भर्खर आश्वासन मात्र दिएको अवस्था र टेलिभिजन प्रसारणको क्षेत्रमा नेपाल टेलिभिजनको एकाधिकार रहेको बेला हामीलाई टेलिभिजनको आवश्यकता परिसकेको हो ?' भन्ने प्रश्नले श्रोतालाई दिने सन्देश सकारात्मक हुन्छ भन्न सकिँदैन । यदि कार्यक्रममा उपस्थित स्रोतव्यक्तिले 'हो चाहिँदैन' भन्यो भने त्यसले पार्ने असर नीतिगत तहसम्म हुन्छ । संवादका लागि छानिएको विषयबारे केही न केही जानकारी राख्नु आवश्यक हुन्छ । त्यसबाहेक प्रस्तोताले सान्दर्भिक ठानेको कुरा स्रोतव्यक्तिले असान्दर्भिक ठान्ने 'तपाईंको प्रश्न यसरी सोधिनुपर्‍यो' भनेर प्रश्नलाई नै सच्याउने गरेको सो प्रस्तुतिमा पाइन्छ ।

प्रस्तोताले ध्यान पुर्‍याउन नसकेका कुरामा स्रोतव्यक्ति आफैले प्रश्न जन्माउने र आफै उत्तर दिने गरेको उदाहरण पनि सो प्रस्तुतिमा भेटिन्छ । हुन त यो एउटा उदाहरण मात्र हो । यसले *आजका कुरा*को मात्र कमजोरी देखाए पनि उपत्यकाका अन्य अन्तर्संवाद कार्यक्रममा पनि नपाइने होइन । यस्तै उदाहरण एचबीसीको *खुलामञ्च*मा पनि देख्न सकिन्छ । *खुलामञ्च*मा 'वैदेशिक रोजगार व्यवसायमा देखिएका अन्यौलहरू' (२०६२ जेठ ३) विषयमा कार्यक्रम गरिएको थियो । स्रोतव्यक्तिका रूपमा दानबहादुर तामाङ (नेपाल वैदेशिक रोजगार व्यवसायी सङ्घका पूर्व अध्यक्ष), हंसराज वाग्ले (नेपाल वैदेशिक रोजगार व्यवसायी सङ्घका सचिव), तिलक रानाभाट (नेपाल वैदेशिक रोजगार व्यवसायी सङ्घका सल्लाहकार) सहभागी थिए । तामाङ र वाग्लेबीचको चर्काचर्की सुनेपछि अर्का वैदेशिक रोजगार व्यवसायी गणेशमान लामाले आफैले फोन सम्पर्क गरेर कार्यक्रममा

सहभागी भएको रोचक उदाहरण थियो । यो कार्यक्रममा विषयभन्दा बढी व्यक्तिगत आग्रह/पूर्वाग्रह बोकेर तामाङ र वाग्लेबीचको जुहारी, गालीगलौजले प्रस्तोताको भूमिका गौण भएको थियो । कार्यक्रममा वक्ताहरूलाई रेडियोबाट के बोल्ने, के नबोल्ने भन्ने पूर्व जानकारी नगराएको प्रस्तुतिबाट प्रस्ट झल्कन्थ्यो । तामाङ र वाग्लेबीचको विवादले प्रस्तोताले विषयबारे प्रस्ट पार्न गरेको प्रयास सफल भएन । समग्रमा कसैलाई गाली गर्ने मञ्च दियो ।[२९]

अन्तर्संवाद कार्यक्रम रेडियोका हुन् या टेलिभिजनका, कार्यक्रम प्रस्तोताको तयारीले कार्यक्रम र त्यसले श्रोतामा पुऱ्याउने सन्देश पनि बलियो हुन्छ । यस्तै तर्कसँग सहमत हुँदै नेपाल टेलिभिजनको कार्यक्रम *बहस*का पूर्व सञ्चालक इन्द्र लोहनी भन्छन्– "अन्तर्वार्ता र अन्तर्क्रियामा फरक छ, अन्तर्वार्तामा त सरासर प्रश्न सोध्यो पुग्यो तर अन्तर्क्रियामा त आफूले पनि सम्बन्धित विषयमा ज्ञान, जानकारी राख्यो भने विषयले ठूलो महत्त्व पाउँछ र हेर्ने/सुन्ने दर्शक वा श्रोतालाई रुचिकर हुन्छ ।"[३०]

## *न्यूज हकमा विषय छनोट*

*न्यूज हक*को विषय छनोटको अभ्यास पनि *डबली* र *आजका कुरा*भन्दा भिन्न थिएन । पत्रपत्रिका र अन्य मिडिया (राष्ट्रिय/अन्तराष्ट्रिय) ले उठाएका विषय नै यस कार्यक्रमका विषय छनोटका आधार थिए । यसमा समेटिएका विषयलाई सरसर्ती हेर्दा राजनीतिक आर्थिक विषयले नै बढी प्राथमिकता पाएका छन् । तर विषय विविध नभएका होइनन् । यो कार्यक्रमको विषय छनोटका केही उदाहरणहरूलाई यसरी हेर्न सकिन्छ । 'संविधान संशोधनबारे एमाले र काङ्ग्रेसका कार्यदलको पहल', 'काङ्ग्रेस संसदीय दलमा देउवाको चयन र पुस्ता हस्तान्तरण', 'शाही सम्बोधन २०५९ असोज १८', 'राजपरिषद्का क्षेत्रीय भेलाहरू', 'माधव नेपालको लखनउ भ्रमण र माओवादी नेतासँगको भेटवार्ता', 'वार्ताका लागि नागरिक समाजको दबाब र युद्धविराम भङ्गपछिको सम्भावना', 'भारतीय विमान अपहरण', 'अपहरणपछि विमान सेवा स्थगित गरेको लामो समयसम्म पनि नखोलेको सन्दर्भ', 'अख्तियारले २२ जना कर्मचारीको निवासमा छापा मारेको सन्दर्भ', 'राजाबाट अभिनन्दन समारोहहरूमा

---

[२९] २०६२ जेठ ३ (२००५ मे १७) मा रेडियोबाट प्रसारण भएकै दिन कार्यक्रम सुनेको आधारमा यो टिप्पणी गरिएको हो ।

[३०] मार्टिन चौतारीमा २०६० कात्तिक २० (२००३ नोभेम्बर ६) मा भएको 'रेडियो र टेलिभिजनमा अन्तर्क्रियाको अवस्था' विषयक छलफलमा व्यक्त विचार ।

भ्रष्टाचार नियन्त्रणलाई विशेष प्राथमिकता दिइएपछि नियन्त्रण अभियान' यस्ता उदाहरण हुन् ।

**तालिक ९.४: *न्यूज हकले* समेटेका विषय र सङ्ख्या**[३१]

| क्र.सं. | कार्यक्रमले समेटेको विषय | सङ्ख्या |
|---|---|---|
| १. | अर्थ वाणिज्य, जलविद्युत | २५ |
| २. | सञ्चार (प्रविधि, चलचित्र, पत्रकार) | २२ |
| ३. | समसामयिक राजनीति (दलहरू, भातृ सङ्गठन) | २० |
| ४. | शिक्षा | १८ |
| ५. | संसदीय गतिविधि | १६ |
| ६. | परराष्ट्र मामिला, अन्तराष्ट्रिय सम्मेलन-भ्रमण | ११ |
| ७. | प्रशासन | ११ |
| ८. | स्थानीय निकाय, फोहोर मैला व्यवस्थापन | १० |
| ९. | खेलकुद र यस भित्रको राजनीति | १० |
| १०. | पर्यटन, आरोहण | १० |
| ११. | उपभोक्ता सरोकार, महङ्गी, बजार अनुगमन | ८ |
| १२. | सरकार माओवादी वार्ता प्रसङ्ग | ८ |
| १३. | सामाजिक जनजीवन, चाडपर्व | ६ |
| १४. | महिला र अधिकार | ६ |
| १५. | वैदेशिक रोजगार | ६ |
| १६. | स्वास्थ्य | ६ |
| १७. | शरणार्थी समस्या | ५ |
| १८. | नागरिक उड्डयन | ५ |
| १९. | भ्रष्टाचार नियन्त्रण | ४ |
| २०. | अन्य | ३ |
| | **जम्मा** | **२१०** |

स्रोतः श्रीराम पौडेलको व्यक्तिगत सङ्कलन (२०६२) ।

यीबाहेक 'खाद्य सुरक्षा', 'ओपेक र नेपाल', 'राष्ट्रिय चिया नीति २०५७', 'बन्द हड्ताल र औद्योगिक सुरक्षा', 'आर्थिक सङ्कटकाल घोषणा गर्न उद्योगी व्यापारीहरूको माग', 'सञ्चारमा विदेशी लगानी', 'अभिनेतृ श्रृषा कार्की हत्या प्रकरण र जिम्मेवार प्रेस',

---

[३१] यो तथ्याङ्क यही कार्यक्रमका सञ्चालकमध्येका एक श्रीराम पौडेलले उपलब्ध गराएका हुन् । कार्यक्रम चलेको साढे पाँच वर्षको अवधि (२०५६ असार २२-२०६१ माघ १७ सम्म) लाई आधार मानेर गणना गर्दा यो सङ्ख्या करिब २८९ पुग्ने देखिन्छ । तर पौडेलले बताएअनुसार बीचबीचमा केही कार्यक्रम पुनः बजाइएका र केही कार्यक्रम दशैं तिहारमा हुने लामो बिदाले गर्दा पनि प्रसारण हुन नसकेका थिए । पौडेलको व्यक्तिगत सङ्कलनको तथ्याङ्क पनि लिखित रूपमा अद्यावधिक नभएकाले विषयको सङ्ख्यामा घटबढ हुने सम्भावना देखिन्छ । तर स्रोतव्यक्तिका हकमा आफूले जम्मा पारेको तथ्याङ्क अद्यावधिक रहेको पौडेलको भनाइ छ ।

'त्रिवि अङ्ग्रेजी विभागको आगलागी र परीक्षा प्रणाली', 'दक्षिण एसियामा प्रजातन्त्रको अध्ययन', 'नेपालको सहरीकरण: अवसर र चुनौती', 'मेलम्ची खानेपानी आयोजनाको अलमल' आदिलाई पनि उदाहरणका रूपमा अघि सार्न सकिन्छ ।

त्यसैगरी 'प्रशासनमा तालिमको महत्त्व र नेपालको स्थिति', 'एन्फा विवाद, एकीकरण र फुटबलको विकास', 'पेट्रोलियम पदार्थमा गरिएको मूल्य वृद्धि', 'धर्मपुत्र धर्मपुत्री र यसका विकृति', 'पहिलो एकल महिला सम्मेलन', 'घरेलु हिंसा र महिला प्रताडना', पनि छलफलका विषय बनेका छन् ।

'नक्कली डाक्टरको सन्त्रास', 'किशोर किशोरी बीचमा यौनका बारेमा सचेतना कार्यक्रम' र 'गैर सरकारी संस्थाहरूको भूमिका र प्रभावकारिता' लगायतका विषय चयन हेर्दा विषयगत विविधता पनि भेटिन्छ । तालिका ९.४ मा उल्लेख भएअनुसार *न्यूज हक*को विषय छनोटको अभ्यास *डबली* र *आजका कुरा*का तुलनामा खासै फरक देखिँदैन । यो कार्यक्रममा पनि राजनीतिक विषयले अत्यधिक स्थान पाएको तालिका ९.४ बाट स्पष्ट हुन्छ । जस्तैः तालिकामा आर्थिक विषयले बढी स्थान पाएको (२५ ओटा) देखिए पनि संसदीय गतिविधि, सरकार माओवादी वार्ता, शरणार्थी समस्या, परराष्ट्र मामिला आदि विषयलाई समग्र रूपमा हेर्दा राजनीति नै पहिलो स्थानमा आउँछ । आर्थिक विषयबाहेक सञ्चारसम्बन्धी विषयले पनि राम्रै स्थान पाएको देखिन्छ । तर वातावरण, विकास आदि जस्ता विषयले ठाउँ पाउन सकेका छैनन् । यसबाहेक काठमाडौँकै स्थानीय समस्याले पनि स्थान पाएका छैनन् ।

## *अन्य एफएम रेडियोमा विषय छनोटको अभ्यास*

कुराकानी कार्यक्रमको सबैभन्दा गहन पक्ष विषय छनोट हो । दिनभरि या हप्ताभरिका घटनाहरूमा गहकिलो समसामयिक विषय छान्नु आफैमा एउटा चुनौती हो । समसामयिक केलाई मान्ने भन्नेदेखि नै जटिलता सुरु हुन्छ । रेडियोमा प्रत्येक सेकेन्ड महत्त्वपूर्ण हुने गर्दछ । त्यसको सदुपयोग प्रभावकारी ढङ्गले गर्नु अर्को चुनौती हो । विषय छनोटमा अन्य सञ्चारमाध्यमले पनि सघाएको पाइन्छ । पत्रपत्रिकामा ठूलो ठाउँ पाएको विषयहरू र टेलिभिजनमा देखाइएका/उठाइएका विषयवस्तुहरूले पनि रेडियो कुराकानीका विषयका रूपमा उपयोग गरिएको प्रस्तोताहरू बताउँछन् ।

*खुलामञ्च*का सञ्चालक नवराज चालिसे र *समय*का जय निशान्त दुवैले विषय छनोट गर्ने अभ्यासको प्रकृति समान देखिन्छ । तर विषय छनोटबारे तिनका विचार फरक रूपले व्यक्त भएका छन् । विभिन्न पत्रपत्रिकाले उठाउने विषय र आफै *हिमालय टाइम्स* दैनिकसँग सम्बद्ध भएकाले *खुलामञ्च*ले उठाउने

विषयमा पत्रपत्रिकाको भूमिका सहयोगी हुने चालिसेको विचार छ । तर *समय*का प्रस्तोता जयको भनाइ थियो– "मैले छनोट गरेका विषय पत्रपत्रिकामा आएका हुनसक्थे, टेलिभिजन कभरेज पाएका हुनसक्थे या अन्य रेडियोले गरेका हुनसक्थे । त्यसैले अरूसँग मेल खाएमा त्यो संयोग मात्र हुनसक्थ्यो ।"[३२] इमेज एफएमका भरत शाक्य सो रेडियोको कार्यक्रम *आजको सन्दर्भ*का लागि गरिएको प्रयासबारे भन्छन्– "हामीले कार्यक्रमका लागि छान्ने विषय भनेको पत्रपत्रिकामा आएका र राजनीतिक विकासक्रमले जोडेर ल्याउने सन्दर्भ र विषयको घेरा पनि कतिसम्म हो भन्ने अनुगमन गर्थ्यौं । त्यो भनेको राजदरबारसम्बन्धी, सैनिक, प्रहरी आदिका बारेमा साथै राष्ट्रिय नीतिका विषयमा नकारात्मक नहुने खालका विषय मात्र छान्ने । त्यसबाहेक 'रिजर्भ' विषय (विभिन्न अवसर जस्तैः नारी दिवस, वातावरण दिवस आदि) ले त्यस्तो समस्यालाई टार्ने गर्थ्यो ।" यो अभ्यास माथि उल्लेख भइसकेका रेडियोका अलावा अन्य स्टेसन र तिनका कार्यक्रममा पनि भिन्न थिएनन् । सूचना तथा सञ्चार विभाग (मेट्रो एफएम) का कार्यकारी प्रमुख शिशिर मानन्धर भन्छन्– "प्रस्तोताले कार्यक्रमका लागि के विषय छान्ने भन्ने कुरा आफै निर्णय गर्छ, हामीले कुनै प्रकारको हस्तक्षेप गरेका छैनौँ ।"

## *राजनीति धेरैको छलफलको विषय*

राजनीतिले सोझै जनसाधारणसँग सम्बन्ध राख्दछ । त्यसैले छलफल, अन्तर्क्रिया र बहसको विषयका रूपमा यसले बढी नै प्राथमिकता पाएको देखिन्छ । देशका हरेक नीतिलाई राजनीतिले निर्देश गरिरहेको हुन्छ । २०४६ अघि साप्ताहिक पत्रिकाले हुर्काएको राजनीतिमा त्यसपछि सबैखाले छापा माध्यम, रेडियो नेपाल, एफएम रेडियोहरू, टेलिभिजन, अनलाइन सबैलाई राजनीति लागेको छ र यसलाई अस्वाभाविक पनि मान्न सकिँदैन । नेपाल टेलिभिजनमा *बहस*का पूर्व प्रस्तोता इन्द्र लोहनी भन्छन्–

> जनताहरूले राजनीति अत्यधिक रुचाउने भएपछि राजनीतिलाई प्राथमिकता नदिई धरै छैन । मैले कार्यक्रममा राजनीति धेरै भयो भन्ने लागेर एकपटक मिस नेपालबारे छलफल गर्दा मानिसहरूले झन्डै पिटेका । आइतबार कुनै जल्दोबल्दो राजनीतिक विषयमा छलफल हुन्छ भनी ठान्नेहरू 'अफ बिट' मा कार्यक्रम आउँदा टिभी नै अफ गर्लान् वा च्यानल फेर्लान् भन्ने डर हुन्छ ।[३३]

---

[३२] जय निशान्तसँग २०६१ चैत १५ (२००५ मार्च २८) मा गरिएको कुराकानी ।

[३३] मार्टिन चौतारीमा २०६० कात्तिक २० (२००३ नोभेम्बर ६) मा 'रेडियो र टेलिभिजनमा अन्तर्क्रियाको अवस्था' विषयक छलफलमा व्यक्त विचार ।

हुन त टेलिभिजन/रेडियो जस्ता प्रसारण माध्यममा थरीथरीका विकल्प हुनाले दमदार प्रस्तुति हुनै पर्छ । नत्र श्रोता/दर्शक अन्तै मोडिन सक्छन् । तर राजनीतिक छलफल धेरै हुनुको पछाडि यो मात्रै कारण छैन ।

गएका वर्षमा आम मानिसमा आएको राजनीतिक चेतना र कार्यक्रम सञ्चालकको राजनीतिप्रतिको बढ्दो झुकाव र अलि बढी ज्ञानले पनि उनीहरूलाई त्यो छलफलको विषय बनाउन सजिलो पारेको छ। तर अनुसन्धाता रमेश पराजुलीको विचार अलि फरक छ। उनी भन्छन्–

> राजनीतिमा सबैको धेरथोर ज्ञान छ । मुख्यतया राजनीतिक विषयमा छलफल चलाउँदा धेरै दुःख छैन । त्यसैले जे सजिलो हुन्छ, त्यही धेरै हुन्छ । बीबीसीमा *हार्डटक* चलाउने टिम सेवास्टिनसँग लिइएको अन्तर्वार्तामा *हार्डटक*का लागि सातजना अनुसन्धान सहायक भएको पढेपछि मलाई लाग्यो त्यही स्तरको छलफल नेपाली रेडियो र टेलिभिजनमा हुन नसक्नु खासै चिन्ताको कुरा होइन रहेछ ।[३४]

त्यसो त राजनीति नेपाली सन्दर्भमा मात्र होइन अन्तर्राष्ट्रिय रूपमै बढी प्राथमिकतामा पर्छ। जस्तो बीबीसी नेपाली सेवामा हरेक बुधबार आउने कार्यक्रम *नेपाल सन्दर्भ* पनि राजनीतिमै केन्द्रित हुन्छ। सो कार्यक्रम चलाउने रवीन्द्र मिश्र भन्छन्– "नेपालका मुख्यमुख्य घटनाहरू राजनीतिसँग सम्बन्धित बढी हुने हुनाले मैले चलाउने कार्यक्रममा राजनीतिले अधिक ठाउँ पाएको हो । र बीबीसीको प्राथमिकतामा नेपालमा हुने ठूलै राजनीतिक घटनाबाहेक अन्य कम प्राथमिकतामा पर्ने भएकाले यस्तो देखिएको हो ।"[३५]

राजनीतिकै सन्दर्भबाहेक रेडियोमा 'अजेण्डा सेटिङ' को कुरा जोड्दा एफएम रेडियो आफैले प्रकाशमा ल्याएर त्यसमाथि चर्चा संवाद भएका उदाहरणहरू थोरै मात्र पाइन्छन् । 'अजेण्डा सेटिङ' गर्ने काममा छापा माध्यमले गरिरहेको अभ्यासलाई अगाडि बढाउने रेडियो कार्यक्रमहरूको गतिमा सुस्तता आएको देखिन्छ । यद्यपि एफएम रेडियोले प्रारम्भतिर समग्र मिडियाले नै छलफल नगरेका विषय नउठाएको होइन। ती विषयको अनुगमन गर्ने काम नै सिङ्गै बाँकी छ। यसका केही उदाहरण माथि उल्लेख भएको *डबली*ले छानेका विषयमा पनि देख्न सकिन्छ। यसरी पहिल्याइसकिएको गोरेटोमा पनि विषय चयनका अभ्यासहरू एफएम

---

[३४] मार्टिन चौतारीमा २०६० कात्तिक २० (२००३ नोभेम्बर ६) मा 'रेडियो र टेलिभिजनमा अन्तर्क्रियाको अवस्था' विषयक छलफलमा व्यक्त विचार ।

[३५] रवीन्द्र मिश्रसँग २०६२ साउन २२ (२००५ अगस्ट ६) मा गरिएको कुराकानी ।

रेडियोमा त के समग्र मिडियामै हुन सकिरहेका छैनन् । रेडियो अन्तर्संवादका कार्यक्रमलाई मात्र आक्षेप लगाउने ठाउँ छैन वा कुनै निश्चित रेडियो स्टेसनले यसो गर्नुपर्ने भन्ने उपदेश पनि दिइहाल्नुपर्ने अवस्था छैन । खास गरी राजनीतिक विषयहरूमा छापाले 'सेट' गरेको 'अजेन्डा' मा विषय खोजेर कुराकानी कार्यक्रम चलाइएका देखिन्छन् । नेपाली सन्दर्भमा स्वतन्त्र रेडियो पत्रकारिताको विकास निकैपछि मात्र भएकाले पनि यस्तो भएको हुन सक्छ । के विषयमा कुराकानी चलाउने, कसलाई बोलाउने आदि जस्ता सञ्चालकका चिन्तालाई पत्रपत्रिकाले विषय प्रदान गरी सहज बनाइदिएका छन् । कहिलेकाहीँ रेडियो कुराकानीमा उठेका कुराले छापा माध्यम र अन्य मिडियामा पनि समाचारको रूपमा ठाउँ पाउने गरेका छन् । यद्यपि पछिल्लो समयमा रेडियो र छापा दुवै माध्यमले एक अर्कालाई परस्पर सहयोगीको भूमिकामा पनि ढाल्न खोजेका उदाहरण पनि छन् । त्यसैले परम्परागत रूपमा रहँदै आएको रेडियो र अन्य मिडियाको परस्पर प्रतिद्वन्द्वी सम्बन्धमा पुनर्विचार हुनुपर्ने आवश्यकता पनि ज्वलन्त रूपमा देखा परेको छ ।

## स्रोतव्यक्तिको चयन

### *डबली*

कार्यक्रमका लागि विषय छनोट जति महत्त्वपूर्ण हो त्यत्तिकै महत्त्वपूर्ण कार्यक्रममा कसलाई बोलाएर कुराकानी गर्ने भन्ने पनि हो । कार्यक्रमको स्वमूल्याङ्कनमा प्रत्यूष वन्त (२०५९: ९३) ले आफैले सोझै चिनेका वा चिनेका व्यक्तिमार्फत चिनेकालाई मात्र कार्यक्रममा स्रोतव्यक्तिको रूपमा सहभागी गराउन सकेको उल्लेख गरेका छन् । रेडियो स्टेसनको संस्थागत पहलबिना एकल प्रयासले कार्यक्रमले गति लिएको थियो । संस्थागत संरचनाको विकास स्टेसनभित्र नभइसकेको अवस्थामा एकल प्रयासले जे-जति स्रोतव्यक्तिहरूलाई *डबली*को ढोकासम्म पुर्‍याइयो त्यो नै एक प्रकारको सफलता थियो । तालिका ९.५ ले डबलीमा सहभागी भएका व्यक्तिहरूको जातीय र लैङ्गिक विविधता देखाएको छ ।

वन्त (२०५९) को व्यक्तिगत मूल्याङ्कनअनुसार नेपाली समाजको संरचनाको प्रतिविम्ब स्वाभाविक रूपमा *डबली*मा पर्ने नै भयो र यसैकारण धेरै थरीका स्रोतव्यक्तिहरू त्यो ढोकासम्म छिराउँछु भन्ने प्रयास हुँदाहुँदै केही अवस्थामा सम्बन्धित सङ्घसंस्थाले ध्यान दिन नसकेको र केही अवस्थामा आफ्नै व्यक्तिगत सीमितताले सोचे जस्तो बनाउन सकिने स्थिति थिएन । उनले तालिका ९.५ मा उल्लेख भएअनुसार सहभागीको लैङ्गिक, जातीय स्थितिलाई गर्व लाग्ने तथ्याङ्क नमाने पनि उपत्यकाका

**तालिका ९.५: *डबली*ले समेटेका स्रोतव्यक्तिहरूको लैङ्गिक र जातीय स्थिति**

| लैङ्गिक स्थिति | सङ्ख्या |
|---|---|
| पुरुष | १७० |
| महिला | ३७ |
| पुरुष र महिला गरी कुल दलित उपस्थिति | ७ |
| पुरुष र महिला गरी कुल जनजाति उपस्थिति | ६२ |
| जम्मा नेपाली पुरुष स्रोतव्यक्ति | १५५ |
| जम्मा नेपाली महिला स्रोतव्यक्ति | ३४ |
| जम्मा विदेशी स्रोतव्यक्ति | १७ |
| जम्मा नेपाली पुरुष स्रोत आवाज | २३५ |
| जम्मा नेपाली महिला स्रोत आवाज | ४५ |

स्रोतः वन्त (२०५९: ९२-९३)।

अन्य कार्यक्रमहरूमा हेर्दा यो तथ्याङ्कलाई सन्तोषजनक नै मान्नुपर्छ। *डबली*मा भाग लिएका स्रोतव्यक्तिहरूमा महिला र पुरुषको अनुपात झन्डै १:५ थियो। दोहोऱ्याएर बोलाइएका व्यक्तिहरूको हरेक उपस्थितिलाई एउटा आवाजको रूपमा गन्दा नेपाली महिला आवाजहरू १६ प्रतिशत मात्र देखिन्छ। तालिकामा उल्लेख भएको तथ्याङ्कले *डबली*मा बज्ने हरेक पाँच-छ पुरुष आवाजपछि एउटा महिला आवाज पर्ने गर्थ्यो। पछिल्लो समयमा आएर *डबली*ले विविध रङ्ग पाएको छ, कहिले वातावरण त कहिले शिक्षा। यसले विषय र स्रोतव्यक्तिमा विविधता ल्याउन सहयोग पुऱ्याएको छ। रेडियो कार्यक्रमकै कारण धेरै थरी स्रोतव्यक्तिहरूको पहिचान सम्भव भयो। आफूसँगै रहेको ज्ञानलाई रेडियोका माध्यमबाट ठूलो दायरामा बाँड्न सकियो।

वन्तले चलाएका कुल १६५ ओटा (रेडियो सगरमाथा परीक्षण प्रसारणमा हुँदाका ४ अङ्कलाई जोड्दा यो सङ्ख्या १६९ पुग्छ) कार्यक्रममा सहभागी स्रोतव्यक्तिहरू हेर्दा तिनमा केही व्यक्तिहरू दोहोरिएका छन्। जस्तो राजनीतिक विश्लेषक सीके लाल मात्रै सो कार्यक्रममा ३६ पटक स्रोतव्यक्ति भएछन् डेढ वर्षको अवधिमा।[३६] त्यति बेलाको र त्यसपछिको पनि आफ्नो रेडियो सहभागिताको सन्दर्भलाई जोड्दै लाल भन्छन्– "मैले रेडियोमा बोलेको कुरालाई लिएर घरका मानिस खुशी हुनुपर्ने तर अहँ, उल्टो रिसाउने, त्यो बहुलाहा सहभागिता थियो भन्नुपर्ला।"

[३६] सीके लालसँग मात्रै *डबली*मा अन्तर्क्रिया गर्ने निश्चित दिन थियो। यो कार्यक्रमका उनी नियमित स्रोतव्यक्ति थिए। हप्तामा एक दिन प्रस्तोताले सीके लालसँग मात्र विविध विषयमा बहस गर्थे। यद्यपि यो कार्यक्रम सुरु भएदेखि थालिएको थिएन। यसैले उनको उपस्थिति यति धेरै देखिएको छ।

## *आजका कुरा*

*आजका कुरा*का संस्थापक सञ्चालक किरण नेपाल आफ्नो कार्यक्रममा बोलाउनुभन्दा दुई दिनअगाडि नै बोलाउन लागेको व्यक्तिसँग अनौपचारिक कुराकानी गर्थे । यसो गर्नाले कार्यक्रमलाई राम्रो कोटीमा पुऱ्याउन सकिएको उनको स्पष्टोक्ति थियो । नेपालको यो भनाइमा पत्रकार गोपाल गुरागाईं पनि सम्मति जनाउँदै भन्छन्– “किरणले कार्यक्रमका लागि चयन गर्ने स्रोतव्यक्ति मलाई चित्त बुझ्ने खालका हुन्थे ।”[३७] किरण नेपाल त्यति बेलाको कार्यक्रमको अभ्यासबारे भन्छन्–

> स्रोतव्यक्ति छनोट गर्न गाह्रो भए पनि सामूहिक प्रयासले सजिलो बनाएको थियो । विषयसँग सम्बन्धित मान्छे खोज्नु सजिलो छैन । तर प्रयासले सबै कुरा सम्भव हुन्छ । समाचारले देखाएको कोणभन्दा त्यही समाचारभित्रका भिन्न कोणमा छलफल, बहस चलाउन मन पराउथें म । त्यसैले समाचार मेरा लागि सधैं ऊर्जा भयो । त्यसमा म विभिन्न विषयहरू भेटाउन सक्थें । कार्यक्रम सफल भएको त्यति खेर ठानिन्थ्यो जति बेला श्रोताका फोनकलहरू ह्वारह्वारती आउँथे । यस्ता फोनहरूमा सबै राम्रो छ भन्ने मात्रै हुँदैनथे, कतिपयले कार्यक्रमको आलोचनात्मक टिप्पणी पनि गर्थे । यसले मेरो र स्रोतव्यक्तिको गल्ती, कमीकमजोरी औंल्याउन मद्दत गर्थ्यो ।[३८]

तालिका ९.६ मा उल्लेख भएको तथ्याङ्क हेर्दा *आजका कुरा*का सहभागीको लैङ्गिक तथा जातीय विविधतालाई सन्तोषजनक मान्न सकिँदैन । २८१ भन्दा बढी अङ्कमा कुल ६८४ जना स्रोतव्यक्तिले भाग लिएकामा जम्मा ३५ जना मात्र महिला स्रोतव्यक्ति, ४० जना जनजाति र ४ जना मात्र दलित परेको तथ्याङ्कले बहुलवाद, समावेशीपनको कुरा गर्ने रेडियोको सैद्धान्तिक धरातल कमजोर बनाएको छ । यस्तो सङ्ख्या देखिनुको एउटा कारण दलित, जनजाति या महिलाका विषयमा हुने कार्यक्रममा मात्र त्यही समुदायका व्यक्ति ल्याउने गरेकाले हो ।

*आजका कुरा*मा आमन्त्रित स्रोतव्यक्तिलाई हेर्दा तिनमा पुरुषहरू र त्यसमा पनि नाम सुनिएका व्यक्तिको दबदबा छ । कार्यक्रममा स्रोतव्यक्ति दोहोरिएका छन् । नयाँ अनुहार पनि नभएका होइनन् । तर यो सङ्ख्या पातलो देखिन्छ । नेपालमा राजनीतिक विषयबाहेक अन्य विषयमा बोल्नसक्ने महिला स्रोतव्यक्तिहरू नै थोरै छन् । यसबाहेक विभिन्न कारण (कोही आइएनजीओमा संलग्न, कोही मिडियामै आउन नचाहने आदि) ले आउन नमान्नेहरूको सङ्ख्या पनि ठूलै छ । जो आउन इच्छा देखाउँछन् उनीहरू स्टुडियोमै आउन नमान्ने (कार्यक्रमको

---

[३७] गोपाल गुरागाईंसँग २०६२ असार १३ (२००५ जुन २७) मा गरिएको कुराकानी ।

[३८] किरण नेपालसँग २०६१ फागुन १० (२००५ फेब्रुअरी २१) मा गरिएको कुराकानी ।

समय साँझपख परेकाले) खालका छन् । टेलिफोनमै पनि पर्खन मान्ने महिलाहरूमा ४-५ जनाबाहेकले 'कम्फर्ट फिल' (सहज अनुभव) गर्दैनन् । त्यसैले महिला स्रोतव्यक्तिलाई ल्याउने प्रयास र रुचि हुँदाहुँदै पनि महिलाकै कारण उपस्थिति बढाउन नसकिएको किरण पोखरेलको स्वीकारोक्ति छ ।

**तालिका ९.६: *आजका कुरा*मा स्रोतव्यक्तिको सहभागिता**

| **लैङ्गिक स्थिति** | **सङ्ख्या** |
|---|---|
| पुरुष | ६४९ |
| महिला | ३५ |
| दलित (पुरुष र महिला) | ४ |
| जनजाति (पुरुष र महिला) | ४० |
| **कुल सहभागी** | **६८४** |

स्रोतः *आजका कुरा*को रेकर्ड फाइल, (२०५९ वैशाख-चैत), रेडियो सगरमाथा ।

*आजका कुरा*का संस्थापक सञ्चालक किरण नेपाल स्रोतव्यक्तिलाई गरिने कडा प्रश्नका कारण यो कार्यक्रम लोकप्रिय भएको ठान्छन् । उनी भन्छन्– "म एउटा रेडियो पत्रकारभन्दा जनता भएर प्रश्न सोध्थेँ र मेरो जिज्ञासु स्वभावले पनि यसमा बल पुऱ्याएको थियो । राजनीतिक व्यक्तिहरू प्रश्नको सीधा उत्तर दिन चाहँदैनन् तर म सफा शब्दमा सीधा उत्तर दिनुहोला भनी आग्रह गर्थें ।"[३९] नेपालपछिका किरण पोखरेलका विचारमा अझै पनि रेडियो र टेलिभिजनमा बोल्ने मान्छेको घेरा त सीमित छ । घेराबाहिर अझै थुप्रै मान्छेहरू छन् । यसका साथै बोल्न आउन अनुरोध गरेर मात्रै पुग्दैन, बिन्तिभाउ गर्नुपर्ने खालका व्यक्तिहरू पनि यही समाजभित्र छन् ।[४०] छलफल या विरोधलाई सजिलै पचाउन सक्ने अवस्था अझै हुन बाँकी छ । *आजका कुरा*मा पनि यही अवस्था लागू हुन्छ ।

---

[३९] किरण नेपालसँग २०६१ फागुन १० (२००५ फेब्रुअरी २१) मा गरिएको कुराकानीमा आफ्नो कार्यक्रममा निम्त्याइएका एकजना राजनीतिज्ञ मोदनाथ प्रश्रितलाई 'तपाईंको कम्यूनिस्ट दर्शनले संवैधानिक राजतन्त्र स्वीकार्छ ?' भन्ने खालको ठाडो प्रश्नलाई अहिले सम्झँदा आफ्नो कार्यक्रमको शैली अलि कडा नै रहेछ कि भन्ने लागेको बताएका थिए ।

[४०] यहाँ उल्लिखित किरण पोखरेलका विचार मार्टिन चौतारीमा २०६० कात्तिक २० (२००३ नोभेम्बर ६) मा भएको 'रेडियो र टेलिभिजनमा अन्तर्क्रियाको अवस्था' विषयक छलफलमा अभिव्यक्त भएका हुन् । सोही छलफलमा नेपाल टेलिभिजनको कार्यक्रम *बहस*का तत्कालीन सञ्चालक इन्द्र लोहनीले "भाउ खोज्ने मान्छे बोलाइँदैन । जो सजिलो गरी उपलब्ध हुन्छ त्यसलाई मात्र बोलाइने र बोल्न आउनका लागि चाकडी नगरिने" बताएका थिए ।

कार्यक्रमले एक हदसम्म पाएको सफलताले गर्दा हिजोआज प्रारम्भका दिनमा जस्तो स्रोतव्यक्ति खोज्न कठिन छैन । विभिन्न व्यक्तिहरूले यो विषयमा कार्यक्रम गर्नुपर्‍यो या यसलाई बोलाउनुपर्‍यो भन्ने खालका सुझाव, सल्लाह पनि धेरै आउने गरेका छन् । प्रस्तोता आफै विभिन्न सभा या सेमिनारमा उपस्थित हुँदा पनि केही विषय र स्रोतव्यक्तिहरूबारे थाहा हुन्छ । यीबाहेक पत्रपत्रिका, पुस्तक, जर्नल आदिमा प्रकाशित लेखरचना पढेका आधारमा पनि विषय चयनको अभ्यास हलुङ्गो भएको किरण पोखरेल बताउँछन् ।

***न्यूज हक***

व्यक्तिगत चिनजानका आधारमा र जो सजिलो गरी उपलब्ध हुन्छ त्यसैलाई नै कार्यक्रममा सहभागी गराएको *न्यूज हक*का प्रस्तोता श्रीराम पौडेल बताउँछन् । स्रोतव्यक्ति रोज्दा 'टीम मिल्ने खालका व्यक्तिहरू'[४१] र अर्को मापदण्ड भनेको जसको आवाज रेडियोका लागि उपयुक्त छ तिनलाई सहभागी गराइन्थ्यो । उदाहरण दिँदै पौडेल भन्छन्– "हामीकहाँ आर्थिक विषयसँग सम्बन्धित कार्यक्रम चलाउँदा सीमित स्रोतव्यक्तिहरू छन् । अझ स्वरको आधारले छान्दा एमालेका भरतमोहन अधिकारीलाई अति नै आवश्यक परेमा मात्र बोलाउने गरेका थियौँ, नत्र उनको स्वर रेडियोका लागि उपयुक्त हुँदैन ।"

स्रोतव्यक्ति चयनमा स्टेसनबाहिरका अन्य सहयोगीहरूले सहयोग पुर्‍याएका थिए । तिनमा खेलकुद, अर्थ, वाणिज्यसम्बन्धी स्रोतव्यक्तिहरू बोलाउन *कान्तिपुर* दैनिकका पत्रकारहरूको सहयोग थियो । राजनीतिक विषय र वक्ताका लागि *कान्तिपुर* दैनिककै कृष्णमुरारी भण्डारीले सहयोग गरेका थिए । यो सहयोग संस्थागत रूपमा नभएर कहिलेकाहीँ मात्रै हुने गर्थ्यो । समसामयिक विषयहरूमा प्रत्यक्ष सरोकार राख्नेहरू, त्यसबाट प्रभावितहरू वा त्यसका 'स्टेकहोल्डर' ले पनि आफ्ना कुरा राख्न कार्यक्रम प्रस्तोतालाई विषय र स्रोतव्यक्ति सुझाउन आग्रह गर्ने गरेका थिए ।

---

[४१] श्रीराम पौडेलसँग २०६२ असार १९ (२००५ जुलाइ ३) मा गरिएको कुराकानीमा उनले खास गरी सरकारी ओहोदाका व्यक्तिहरू बोलाउँदा पदीय अवस्थाले गर्दा पनि स्रोतव्यक्तिहरू कार्यक्रममा आउन नमान्ने बताएका थिए । उदाहरणको लागि, कुनै मन्त्रालयको सचिव भइसकेको व्यक्ति आफूभन्दा तल्लो श्रेणीको सहसचिवसँग अन्तर्क्रिया गर्न अप्ठचारो मान्ने । यस्ता समस्याले पनि व्यक्ति चयनमा केही कठिनाइ हुने गरेको थियो । योबाहेक बोल्न आउन निश्चित गरेको स्रोतव्यक्तिले आफ्नो कुरा मिल्नेसँग अन्तर्क्रिया गरिन लागेमा मात्र हुन्छ भन्ने आश्वासन दिने तर उसलाई मन नपरेको व्यक्तिसँग गरिन लागेको हो भने बोल्न नमान्ने खालका समस्या बेहोर्नुपरेको पनि उनले सुनाएका थिए । यिनै प्रवृत्तिलाई उनले 'टिम मिल्ने' को संज्ञा दिएका हुन् ।

यो कार्यक्रममा पनि महिला स्रोतव्यक्तिहरूको उपस्थिति पातलो देखिन्छ । त्यसो हुनुको एउटा कारण 'एक्सपर्टिज' भएका महिलाहरू कमै र पाएसम्म 'हाइ प्रोफाइल' भएकाहरूलाई नै खोजिने भएकाले यो सङ्ख्या न्यून हुन पुगेको पौडेलको भनाइ छ । कार्यक्रमले साढे पाँच वर्षको अवधिमा समेटेका स्रोतव्यक्तिबारे केही जानकारी तालिका ९.७ ले दिन्छ ।

**तालिका ९.७: *न्यूज हक*मा स्रोतव्यक्तिको सहभागिता**

| **लैङ्गिक स्थिति** | **सङ्ख्या** |
|---|---|
| पुरुष | ५३८ |
| महिला | ३६ |
| दलित | यकीन तथ्याङ्क नभए पनि यो सङ्ख्या न्यून थियो । |
| जनजाति | यकीन तथ्याङ्क नभए पनि यो सङ्ख्या न्यून थियो । |
| **कुल सहभागी** | **५७४** |

स्रोतः श्रीराम पौडेलको व्यक्तिगत सङ्कलन (२०६२) ।

उपत्यकाभित्रका अन्य एफएम रेडियोका अन्तर्संवाद कार्यक्रममा सहभागी हुने र *न्यूज हक*का सहभागीका अनुहारमा भिन्नता पाइँदैन । कान्तिपुर एफएमले समाचार प्रसारणमा देखाएको अग्रसरता र पारेको प्रभावले मात्र होइन यसको प्रसारण क्षेत्र पनि ठूलो (पूर्वाञ्चलका १९ जिल्ला र उपत्यका) भएकाले यो कार्यक्रममा सहभागिता जनाउन स्रोतव्यक्तिहरू खासै आनाकानी गर्दैनथे । कार्यक्रममा बोल्नका लागि केही व्यक्तिहरू आफै सम्पर्कमा आउँथे, तिनलाई आफ्ना कुरा रेडियोमार्फत भन्नु थियो, त्यसैले ती रेडियो स्टेसन खोज्दै आउँथे । केही व्यक्तिहरूलाई भने खोज्दै हिँड्नुपर्थ्यो । केही व्यक्तिहरू खोज्दा पनि सहभागी हुन सजिलो मान्दैनथे । यसरी तीन खालका व्यक्तिहरूसँग अन्तर्क्रिया गर्दाको भिन्न-भिन्न अनुभव गर्न पाएको र त्यसले धेरै कुरा सिकाएको श्रीराम पौडेलको अनुभव छ । "कतिपय अवस्थामा हामी अग्रजहरूसँग कसलाई बोलाउँदा राम्रो हुन्छ भन्ने खालका सुझाव पनि माग्थ्यौँ" उनी थप्छन् ।

स्रोतव्यक्तिकै कुरा गर्दा केही व्यक्तिहरूलाई 'मिडिया फ्रेन्डली' भन्न रुचाउँछन् उनी । उदाहरणका लागि सरकारले वार्षिक रूपमा ल्याउने बजेटमा अन्तर्संवाद चलाउँदा उद्योगपति व्यापारीको तर्फबाट लिँदा राजेन्द्र खेतान सबैभन्दा धेरै आउने नाम हो । किन त ? पौडेल थप्छन्–

> उनी एकदमै 'मिडिया फ्रेन्डली' मान्छे, जति खेर बोलाए पनि कहिल्यै हुन्न भनेनन् । आर्थिक क्षेत्रसँग सम्बन्धित को व्यक्ति बोलाउँदा ठीक हुन्छ भनी सुझाव माग्दा

> फलानालाई बोलाउनुपर्ला र ऊसँग यसरी प्रश्न गर्दा ठीक होला भनेर सो व्यक्तिबारे थप जानकारी र आर्थिक क्षेत्रसँगै सम्बन्धित नयाँ जानकारी पनि दिन्थे । वर्षेनी हुने बजेट भाषणपछि उनी पनि बेफुर्सदी हुन्थे । काठमाडौँबाहिरका मिडियाले समेत उनको खोजी गर्छन् । कहिलेकाहीँ उनी गाडीबाटै मोबाइल फोनमार्फत अन्तर्संवादमा सहभागी हुँदै स्टुडियोमा पुग्थे त कहिले एउटा प्रश्नको जबाफ एउटा स्टेसनलाई दिन भ्याएर अर्को रेडियोको अन्तर्क्रियामा पनि सहभागी हुन भ्याइसक्थे ।[४२]

यसप्रकार *न्यूज हक*मा स्रोतव्यक्तिको खाँचो धेरै किसिमले पूर्ति हुने गर्थ्यो । झन्डै साढे चार वर्षको अवधिमा चलाइएका कार्यक्रमको जम्मा सङ्ख्या २१० रहेको छ । कार्यक्रममा सहभागी वक्ता ५७४ रहे । यसमा महिला सहभागी सङ्ख्या अत्यन्त न्यून जम्मा ३६ रह्यो । २०५६ सालदेखि निरन्तर बज्दै आएको यो कार्यक्रम २०६१ माघ १९ को शाही घोषणपछि बन्द भएको छ ।

## *स्रोतव्यक्तिको प्राप्यताः थरी थरी अनुभव*

करेन्ट अफेयर्स कार्यक्रममा निम्त्याइने स्रोतव्यक्तिहरू सीमित जस्तै देखिन्छन् । तिनै व्यक्तिहरू विभिन्न रेडियो र टेलिभिजनका कुराकानी कार्यक्रममा दोहोरिरहने अवस्था छ । श्रीराम पौडेल अनुभव सुनाउँछन्– “काङ्ग्रेसमा राम्रो बोल्ने मान्छे पाँचजना छन् । बरु एमालेमा दोस्रो पुस्ताका अलि धेरै छन् ।” यस्तै रेडियो सगरमाथामा *डबली* र *आजका कुरा* चलाउने नारायण श्रेष्ठको अनुभव छ । “पहिलो पुस्तामा पहुँच हुँदैन । उनीहरूले चाहेमात्र हाम्रो पहुँचमा आउँछन्, हामीले चाहेको बेला हाम्रो पहुँच पुग्दैन” श्रेष्ठ भन्छन् ।[४३]

उपत्यकाका १० ओटा एफएममा समसामयिक अन्तर्क्रियाका कार्यक्रम भएकाले तिनमा निम्त्याइने स्रोतव्यक्ति पनि दोहोरिन्छन् । यसै पनि रेडियोमा बोल्ने विषयगत दक्षता भएका व्यक्तिहरूको सङ्ख्या न्यून छ । यो कुरामा सबै

---

[४२] श्रीराम पौडेलसँग २०६२ असार १९ (२००५ जुलाइ ३) मा गरिएको कुराकानी ।

[४३] २०६१ असोज २८ (२००४ अक्टोबर १४) मा मार्टिन चौतारीमा भएको ‘एफएम रेडियोमा करेन्ट अफेयर्स कार्यक्रम’ विषयक छलफलमा नारायण श्रेष्ठले यो विचार राखेका हुन् । सोही छलफलमा अभिव्यक्त यो गुनासोको आधार सर्वोच्च अदालतले भूतपूर्व प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई अख्तियार दुरुपयोग अनुसन्धान केन्द्रमा बयान दिन जानुपर्ने फैसला सुनाएकै साँझ पहिलोपटक रेडियो सगरमाथाको *आजका कुरा*मा संवाद गर्न कोइराला स्वयंले सम्पर्क राखेर कार्यक्रममा सहभागी भएको प्रसङ्ग हो । अख्तियार दुरुपयोग अनुसन्धान आयोगले कोइरालालाई भ्रष्टाचारसम्बन्धी विषयमा सोधपुछ गर्न बोलाएपछि उनले सो कुराको प्रतिवाद गर्दै सर्वोच्चमा मुद्दा दायर गरेका थिए । तर फैसला आफ्नो पक्षमा नआएपछि सोप्रति असहमति जनाउँदै ‘सर्वोच्चलाई नारायणहिटीमै सार्नुपर्ने र राजाको आदेशबमोजिम आदेश दिएको’ अभिव्यक्ति उनको थियो । यो कुरा त्यति खेर निकै विवादास्पद बनेको थियो । पछि सर्वोच्चमा कोइरालाले अदालतको अवहेलना गरेको भन्दै मुद्दा पनि दायर भएको थियो ।

सञ्चालकको सहमति छ । *डबली* कार्यक्रमका पूर्व सञ्चालक प्रत्यूष वन्तले तीन वर्षअगाडि (२०५९ मा) आफैले सो कार्यक्रमको मूल्याङ्कन गर्दा महिला स्रोतव्यक्तिहरू आफ्नो कार्यक्रममा कमै आएका र त्यसो हुनुको कारण आफूले चिनेजानेका वा चिनेका व्यक्तिमार्फत चिनेकाबाहेक अन्यलाई कार्यक्रममा सहभागी गराउन नसकेको उल्लेख गरेका छन् । महिला स्रोतव्यक्तिको कमीलाई उदाहरणको रूपमा अघि सारेर यसको कारणमा बिनाटिम कार्यक्रम चलाएको, रेडियो सगरमाथाको संस्थागत संरचनाले काम गर्न नसकेको, महिलावादी संस्थाहरूले पनि चासो नदेखाएको जस्ता व्यावहारिक समस्या उनले खोतलेका छन् (वन्त २०५९: ९२-९४) । रेडियो सगरमाथाका नारायण श्रेष्ठ भन्छन्– "हामी सकभर एक हप्ताको कार्यक्रममा उही व्यक्ति नदोहोरियोस् भन्ने ख्याल राख्न सक्छौँ तर त्यो भन्दा बढी 'रेस्ट्रिक्सन' राख्न सकिँदैन ।"

स्रोतव्यक्तिको छनोटमा व्यक्तिगत रूपमा चिनेजानेका व्यक्ति वा साथी तथा अग्रजले दिएका सल्लाह सुझाएका व्यक्ति नै पर्ने गरेका छन् । पत्रकार ध्रुवहरि अधिकारीको भनाइ थियो– "कतिपय अवस्थामा मैले निःशुल्क सल्लाह दिने गरेको छु, यो कार्यक्रमका लागि फलानोले राम्रो बोल्न सक्छ भनेर ।" एचबीसीका नवराज चालिसे कुनै पनि कुराको आधिकारिकताको लागि प्रायः प्रवक्तालाई नै आफ्नो कार्यक्रमको स्रोतव्यक्ति बनाउने गरेको बताउँछन् । राजनीतिक पार्टीहरूका हुन् या श्री ५ को सरकारका कुनै पनि खालका विवाद, उल्झन र स्पष्टोक्तिका लागि नै यसो गरिएको उनी थप्छन् । चालिसेको जस्तै धारणा इमेज एफएमका स्टेसन म्यानेजर भरत शाक्यको पनि छ । शाक्य भन्छन्–

> स्रोतव्यक्ति बोलाउँदा राजनीतिक पार्टीको हो भने सकभर प्रवक्ता वा प्रमुख व्यक्ति र कतिपय अवस्थामा स्पष्ट भन्नसक्ने व्यक्ति नै रोजाइमा पर्थे । जो पायो त्यही नल्याउने हाम्रो नीति थियो । हामीले स्पष्ट बोल्ने र पार्टीका कुराभन्दा भिन्न मत राख्ने नरहरि आचार्य, प्रदीप नेपाल, झलनाथ खनाल लगायतका व्यक्तिहरूलाई धेरै पटक बोलायौँ । हाम्रो कार्यक्रम फोनमा चलाइने भएकाले सहभागिता जनाउन पक्का गरेको व्यक्तिले १० मिनेटसम्मको अवधिमा पनि सम्पर्कमा आएन भने विषयको पृष्ठभूमि, अवस्था आदि कुरा भन्न तयार हुन्थ्यौँ । तर थोरैपटक मात्र त्यस्तो अनुभव भएको छ । स्रोतव्यक्तिहरू सम्पर्कमा आउनलाई हुन्छ भन्ने तर कहिलेकाही ढाँट्ने पनि गरेको हाम्रो अनुभव छ । स्रोतव्यक्तिलाई राति ९:०० बजेसम्म निश्चित गरिसकेको अवस्थामा पनि यो समस्या रहन्थ्यो ।[४४]

[४४] भरत शाक्यसँग २०६२ असार २९ (२००५ जुलाई १३) मा गरिएको कुराकानी ।

माथि शाक्यले स्रोतव्यक्तिहरू कार्यक्रममा उपस्थितिका लागि पक्का गरे पनि कहिलेकाहीँ नआउने गरेको कुरामा *आजको सन्दर्भ* चलाउने अर्का प्रस्तोता श्रीओम श्रेष्ठ एउटा उदाहरण नै दिन्छन्– "एकपटक काङ्ग्रेसका केन्द्रीय सदस्य नरहरि आचार्यको सहभागिता निश्चित गरिसकेका थियौँ । कार्यक्रमको समय सुरु हुन लागेपछि उनलाई सम्पर्क गर्न खोजेको त उनी बिहानै मर्निङ वाकमा निस्किसकेका रहेछन् । यो कुरालाई हामीले कार्यक्रममार्फत भनिदियौँ । आचार्यले साथै बोकेको रेडियोबाट यो कुरा सुनेछन् र तुरुन्तै फर्केर कार्यक्रममा सहभागी भएका थिए ।"[४५]

उपत्यकाभित्र उपलब्ध व्यक्तिहरू नै स्टेसनको पहिलो रोजाइमा परेका देखिन्छन् । तर बेलाबखत उपत्यकाबाहिरबाट विभिन्न व्यक्तिहरू मिटिङ, सभा, गोष्ठी, सेमिनार आदिका लागि आइरहने भएकाले आक्कलझुक्कल तिनको सहभागिता पनि हुने गरेको पाइन्छ । स्रोतव्यक्तिको कुरा आउँदा यसमा लैङ्गिक सहभागिताबारे पनि कुरा आउँछ । रेडियो सगरमाथामा महिला कार्यक्रम *शक्ति* चलाएको अनुभवलाई मञ्जु थापाले चार वर्ष अघि (२०५८ असोज) विश्लेषण गर्ने क्रममा यो कार्यक्रम सुनेर रेडियोमा विषय छनोट र स्रोतव्यक्तिको चयन गरेको उल्लेख गरेकी छन् । अस्मिता समूहले सञ्चाल गरेको सो कार्यक्रममार्फत विभिन्न क्षेत्रमा कार्यरत महिलालाई स्रोतव्यक्ति, विज्ञ वा उदाहरणीय व्यक्तित्वका रूपमा अगाडि ल्याउन सन्तोषजनक भूमिका खेलेको पनि थापाले उल्लेख गरेकी छन् । रेडियो कार्यक्रममा महिलालाई स्रोतव्यक्तिको रूपमा कमै मात्र निम्त्याइने गरेको परिप्रेक्ष्यमा यो सकारात्मक उपलब्धि थियो । थापा लेख्छिन्– "...स्रोतव्यक्तिको खोजी गर्दा सधैँभरि पूर्ण जानकारी, ज्ञान र अभिव्यक्ति क्षमता भएका व्यक्तित्वहरू नपाइनु स्वाभाविकै थियो तापनि *शक्ति* कार्यक्रममा निम्त्याइएका अधिकांश महिला (पुरुष पनि) स्रोतव्यक्तिहरू कार्यक्रमका लागि ...उपयुक्त नै थिए । ...विभिन्न विषयका विज्ञ महिलाको कमी त छैन, तर उनीहरूको विज्ञतालाई स्वीकार्ने, खोजी गर्ने र स्थान दिने सञ्चार प्रवृत्तिको अभाव छ" (थापा २०५९: ७२-७३) ।

महिलासम्बन्धी विषयहरूबाहेक आर्थिक क्षेत्रसँग सम्बन्धित विषयहरूको कुरा गर्ने हो भने यो कमी त्यहाँ पनि देखिन्छ । खास गरी सरकारले हरेक वर्ष प्रस्तुत गर्ने वार्षिक बजेटमाथि अन्तर्क्रिया गर्दा अनुहारहरू दोहोरिरहेको देखिन्छ । *न्यूज हक*का सञ्चालक श्रीराम पौडेल उपत्यकाबाहिरका अर्थविद्हरूलाई स्टेसनको

[४५] श्रीओम श्रेष्ठसँग २०६२ साउन १२ (२००५ जुलाइ २७) मा गरिएको कुराकानी ।

ढोकासम्म ल्याइपुऱ्याउने संयन्त्र मजबुत नभएकाले यो समस्या देखा परेको ठान्छन् । यसले गर्दा एउटै स्रोतव्यक्तिको आवाज धेरैमा सुन्न पाइनु नौलो र आश्चर्य होइन । यसर्थ कार्यक्रम सञ्चालकले जतिसुकै नयाँ मान्छे ल्याउँछु भनेर अड्डी कसे पनि बजारभित्रकै सीमितता र स्टेसनको संस्थागत संरचनाले उसको उत्साह सेलाउन सक्छ ।

रेडियो सगरमाथामा *आजका कुरा* चलाउने किरण पोखरेल निर्धक्क भन्छन्– "एफएम रेडियोका समसामयिक कार्यक्रमलाई एक सय पचास जनाले हाइज्याक गरेका छन् । बिहान ब्लु स्टार होटलमा भेटेको व्यक्ति, दिउँसो हिमालय होटलमा भेटिन्छ, साँझ र्‍याडिसनमा भेटिन्छ अझ रेडियो खोल्नुस् त्यही व्यक्तिको आवाज आइरहेको हुन्छ ।" उनको यो उदाहरण चाख लाग्दो छ । यसले नेपालमा विषयगत दक्षता राख्ने व्यक्तिहरू सीमित रहेको सङ्केत गर्छ । पोखरेलको यो उदाहरणमा विश्वास त गर्न सकिन्छ । तर कार्यक्रम प्रस्तोता पनि तिनको 'भिजिविलिटी' मा परेका एक सय पचासमा मात्र अन्तर्क्रिया गरिरहेका छन् । ती बाहेकका व्यक्तिलाई या त चिन्न/खोज्न सकिएको छैन या उनीहरू मिडियाका आँखामा पर्न चाहदैनन् ।

नयाँ मानिसको खोजी गर्ने कार्य प्रभावकारी रूपमा हुन सकेको छैन । प्रस्तोतालाई सहयोग गर्ने समूह हुँदो हो त यो दायरा बढ्न सक्थ्यो होला । आफूले चलाइरहेको कार्यक्रममा टिम भइदिएको भए अहिले चलाइरहेकोभन्दा निश्चय नै फरक (गुणस्तरीय र प्रभावकारी पनि) हुने *खुल्लामञ्च*का नवराज चालिसे, *समय*का जय र *आजका कुरा*का किरण पोखरेल तिनै जनाको समान कथन छ ।

## ***स्टुडियोभन्दा फोन टक धेरै***

सञ्चार प्रविधिको विकासले हिजोआज रेडियो कुराकानीमा निम्त्याइने व्यक्तिहरू स्टुडियोसम्म पुग्न पर्दैन, टेलिफोनमार्फत यस्तो कुराकानी सहजै हुन सक्छ । यद्यपि यस्तो वार्ता स्टुडियोमै अरू व्यक्तिहरूसँग गरिने अन्तर्क्रिया जस्तो जीवन्त नहुने विचार पत्रकार ध्रुवहरि अधिकारीको छ । अधिकारी सहभागीहरू बीचको आँखा जुधाइ (आइ कन्टचाक्ट) र शारीरिक अभिव्यक्ति (बडी एक्स्प्रेसन) ले पनि कार्यक्रमलाई जीवन्त र रमाइलो बनाउने धारणा अघि सार्छन् । उनकै भनाइसँग सहमत हुँदै नेकपा एमाले स्थायी समिति सदस्य प्रदीप नेपाल आफ्नो अभ्यासबारे भन्छन्– "समय मिलेसम्म स्टुडियोमै जान्थैँ । तर स्टुडियोमा जाने र फोनबाटै कुराकानी गर्ने भन्ने चाहिँ समयले निर्धारण गर्थ्यो ।"

यस्तै अनुभव विश्लेषक सीके लालको पनि छ । "प्रत्यक्ष रूपमा स्टुडियोमा सहभागी हुँदा प्रश्नकर्ताको हाउभाउ र स्रोतव्यक्तिको शारीरिक अभिव्यक्तिले कार्यक्रमलाई अझ जीवन्त बनाउँछ । फोनमा हुँदा आवाजको उतारचढाववाट मात्र अनुमान गर्नुपर्ने हुन्छ" लाल थप्छन् । रेडियो स्टेसनहरू चल्तीका स्रोतव्यक्तिको बसोबासभन्दा टाढा हुनाले पनि स्टुडियो वार्ताभन्दा फोन वार्ता धेरै हुने गरेको हो । काठमाडौँका कुनै पनि रेडियो स्टेसनले स्रोतव्यक्तिलाई कार्यक्रममा निम्त्याइएबापत पारिश्रमिक उपलब्ध गराउँदैनन् । आर्थिक पक्षले खेल्ने भूमिकाको सानो उदाहरण राजेन्द्र दाहालको यो उक्तिबाट पनि पाइन्छ–

> म रेडियो वार्तामा धेरै पटक सहभागी भए पनि स्टुडियोमै उपस्थित रहेर निकै कम पटक सहभागी भएको छु । मैले बोलेका कुरालाई प्रस्तोता सेल गर्छन् । तर त्यसबापतको पारिश्रमिक मैले पाउँदिन । अझ कतिपय अवस्थामा एकैदिनमा चारओटा एफएम रेडियोका कार्यक्रममा भाग लिन जाँदा टच्याक्सीका लागि आफ्नो खर्च मात्र भएको छ । यदि म ओछ्यानमै सुतीसुती कार्यक्रममा भाग लिन पाउँछु भने कम्तीमा मेरो त्यो खर्च त जोगिन्छ ।[४६]

स्टुडियो र फोन कुराकानीका आफ्नै फाइदा/बेफाइदा भए पनि स्रोतव्यक्तिको व्यक्तित्वले प्रस्तोतालाई थिच्ने अवस्थामा फोन कुराकानी सहायक हुने अनुभव *आजका कुरा*का किरण पोखरेलको छ । राजनीतिक दलका शीर्षस्थ नेताहरूसँग स्टुडियोमा खुलेर प्रश्न राख्न नसकिने तर फोनमा त्यसो गर्न सजिलो हुने पोखरेल बताउँछन् । कार्यक्रममा स्रोतव्यक्तिको व्यक्तित्वले प्रस्तोतालाई थिच्ने र स्रोतव्यक्तिभन्दा सानो उमेर समूहका प्रस्तोताले निर्धक्क रूपले अन्तर्संवादमा आफ्ना प्रश्न राख्न नसकेको सीके लालको अनुभव छ ।

## आर्थिक पक्ष

अहिलेसम्मको अभ्यासमा रेडियो कुराकानी कार्यक्रम र अन्य मनोरञ्जनात्मक कार्यक्रमको उत्पादन खर्च उस्तै देखिन्छ । कुराकानी कार्यक्रममा हुने खर्च भनेकै स्रोतव्यक्तिलाई आमन्त्रण गर्दा हुने टेलिफोन खर्च मात्रै हो । टेलिफोन पनि प्रयोगमा नआएको अवस्थामा थप खर्च हुँदैन । कान्तिपुर एफएममा *न्यूज हक* सञ्चालन गर्दा व्यवस्थापनले कार्यक्रम खर्च भनेर प्रति कार्यक्रम पाँच सय रुपियाँ उपलब्ध गराउने गरेको श्रीराम पौडेल बताउँछन् । उनका अनुसार यो रकम स्रोतव्यक्ति स्टेसनसम्म आउँदा लाग्ने यातायात र चियापानमा खर्च हुने गरेको थियो ।

---

[४६] राजेन्द्र दाहालसँग २०६२ असार २२ (२००५ जुलाइ ५) मा गरिएको कुराकानी ।

तर स्रोतव्यक्तिको आर्थिक हैसियतअनुसार पनि यातायात खर्च दिने या नदिने गरिन्थ्यो । यसबारे यो कार्यक्रमका सञ्चालक श्रीराम भन्छन्– “हामीले उद्योगपति राजेन्द्र खेतान आउँदा उनलाई कहिल्यै पनि यातायात खर्च भनेर दिएनौं । त्यसै गरी आफ्नै गाडीमा आउने अरूलाई पनि यो रकम खर्च गरिएन ।”[४७] कान्तिपुरबाहेक अन्य रेडियोमा यो चलन (प्रस्तोतालाई पैसा दिने) थिएन ।

कम खर्चमै पनि कार्यक्रम उत्पादन गर्न सकिने भएपछि यी रेडियो स्टेसनले यस्ता कार्यक्रम माथि लगानी गर्न चाहेका छैनन् । यसको प्रभाव सीधै कार्यक्रम र कार्यक्रम प्रस्तोतामा पर्ने गरेको छ । “हाम्रो खासै ठूलो खर्च छैन । दुई जना मात्र कार्यक्रम प्रस्तोता भए पुग्छ । त्यसबाहेकको सहयोग समाचार समूहले गर्छ । हाम्रो कार्यक्रममा टेलिफोनमार्फत कुराकानी हुने भएकाले त्यही फोनको खर्च हो । स्रोतव्यक्तिहरूले नै चाहेको अवस्थामा बाहेक विरलै मात्र उनीहरू स्टुडियोमा आइपुग्छन्” भरत शाक्य स्पष्ट पार्छन् ।

कार्यक्रमलाई रोचक र उत्कृष्ट बनाउने हो भने अहिले भइरहेकै कार्यक्रमको संरचनामा विभिन्न स्वरूपहरू थप्न सकिन्छ । कार्यक्रमका लागि तोकिएको विषयबारे नै रिपोर्ट फिचर ‘भक्स पप’ आदि थप्न सकिन्छ । कार्यक्रमको पृष्ठ अनुसन्धानमा पनि खर्च गर्न आवश्यक छ । छलफल गर्न खोजेको विषयबारे प्रस्तोताको जानकारी बढाउन अनुसन्धान सहायक, पुस्तकालय आदिमा लगानी गर्नुपर्ने हुन्छ । अहिलेसम्मको अभ्यासमा त यस्तो गरिएको देखिन्न । यस्ता कार्यक्रमका लागि समाचार शाखाले सहयोगी भूमिका खेलेको सबैजसो कार्यक्रम प्रस्तोताको भनाइ छ । तर समाचार शाखाको आफ्नै व्यस्तताले तिनले यस्ता कार्यक्रमका लागि कत्तिको समय दिन सक्छन् भन्ने कुरा पनि त्यत्तिकै ज्वलन्त रूपमा अगाडि आउँछ । यो विषयमा छलफल गरौं, यसलाई स्रोतव्यक्तिका रूपमा निम्त्याऔं जस्ता कुरामा सल्लाह दिए पनि यो कार्यक्रम यसरी गरौं, यसको विगत र वर्तमान यस्तो छ, प्रस्तुतिमा यी कुराहरू थप्नुपर्छ, कार्यक्रमको ढाँचा शैली यस्तो बनाउनुपर्छ, मुख्य रूपमा यी प्रश्न सोध्नु पर्छ भन्ने जस्ता विषयमा प्रस्तोताले पाउने सहयोग न्यून हुन्छ । *न्यूज हक*का श्रीराम पौडेल भन्छन्– “अहिलेसम्म स्रोतव्यक्तिहरू हामीले गरेको आग्रहमा आइदिएका छन् नत्र उनीहरूले आउँदिन भनेको अवस्थामा हामीसँग त्यस्तो कुनै संयन्त्र छैन जसले यो कुरालाई परिवर्तन गर्न सकोस् ।”

कुराकानी कार्यक्रमको आर्थिक पक्षसँगै जोडिएको अर्को कुरा हो, आफैले उत्पादन/प्रसारण गरेका कुराहरूको व्यवस्थित सङ्ग्रहको अभाव । उपत्यकामा

[४७] श्रीराम पौडेलसँग २०६२ असार १९ (२००५ जुलाइ ३) मा गरिएको कुराकानी ।

रेडियो सगरमाथाबाहेक अन्य रेडियोहरूसँग यस्तो किसिमको सङ्ग्रह छैन । कार्यक्रम सिङ्गैको सङ्ग्रह राख्न नसके पनि के के विषयमा कार्यक्रम चलाइएछ, कति जना स्रोतव्यक्तिहरू आएछन् जस्ता सामान्य विवरणको पनि रेकर्ड राख्ने गरेको पाइँदैन । रेडियो सगरमाथाले आफ्नो दैनिक प्रसारणलाई सीडीमा सङ्ग्रह गरेको छ । कार्यक्रम सङ्ग्रहबारे कान्तिपुर एफएमका प्रबन्ध निर्देशक विनोदराज ज्ञवाली पश्चातापको शैलीमा भन्छन्– “यो गरिनुपर्ने काम भए पनि गरिएको छैन । कुनै कुराको महत्त्व त्यो नहुँदा मात्र थाहा हुने रहेछ ।”[४८] अर्कातिर, सञ्चार मन्त्रालयले इजाजत दिँदा कम्तीमा एक हप्ताको कार्यक्रमको रेकर्ड राख्नुपर्ने सर्त राखेको हुन्छ । त्यसैले एक हप्ता बित्नेबित्तिकै त्यो रेकर्ड मेटाउने चलन छ रेडियो स्टेसनहरूमा । कार्यक्रममा प्रसारित विषयवस्तुकै आधारमा सञ्चार मन्त्रालयले अनावश्यक झमेला बनाउला कि भन्ने भयले नै उनीहरू रेकर्ड मेटाउन हतारिएका हुन सक्छन् । को व्यक्तिलाई कुन विषयमा सहभागी गराइयो भन्ने सामान्य रेकर्ड त प्रस्तोता आफैले नै पनि राख्न सक्ने हो । तर यस्तो रेकर्ड पनि व्यवस्थित गरेको पाइँदैन ।

### *हार्डवेयर चलाउने सफ्टवेयर छैनन्*

एफएम रेडियो प्रविधि आधुनिक प्रविधिको नयाँ संस्करण हो । यो त विशुद्ध प्राविधिक कुरा भयो । तर यसलाई कार्यक्रम र स्टेसन सम्बद्ध जनशक्तिसँग जोडेर हेर्‍यो भने उपत्यकाका अधिकांश स्टेसनमा जनशक्तिको अभाव छ । जनशक्ति माथिको लगानी तुलनात्मक हिसाबले न्यून छ । व्यापारिक रेडियोहरूमा स्टेसन मालिकको व्यापारिक स्वार्थ धेरै गाँजिएको पत्रकार ध्रुवहरि अधिकारी देख्छन् । “आफूले व्यापार गर्दा चलाएको कार्यक्रममार्फत केही समाज सेवा हुन गएछ भने त्यसैलाई देखाई हामीले समाजसेवाका खातिर रेडियो सञ्चालन गरेको भन्न पाइहालिन्छ” उनी थप्छन् । कान्तिपुरमा *न्यूज हक* चलाउने श्रीराम पौडेल स्टेसन व्यवस्थापनलाई स्टुडियोमा कम्प्यूटर चाहियो भनेपछि त्यो सजिलै पाइने तर मान्छे चाहियो भन्यो भने आलटाल गर्ने प्रवृत्ति छ भन्छन् । “आखिर हार्डवेयर चलाउने त सफ्टवेयर हो नि । नत्र त्यो कम्प्यूटर र स्टुडियोको के काम ?” उनी स्पष्ट पार्छन् ।[४९]

---

[४८] विनोदराज ज्ञवालीसँग २०६१ चैत २८ (२००५ अप्रिल १०) मा गरिएको कुराकानी ।

[४९] पौडेलद्वारा २०६१ असोज २८ (२००४ अक्टोबर १४) मा मार्टिन चौतारीद्वारा आयोजित ‘एफएम रेडियोमा करेन्ट अफेयर्स कार्यक्रम’ विषयक छलफलमा व्यक्त विचार ।

रेडियोमा बोल्न जाँगर भएर मात्र हुँदैन के बोल्ने भन्ने विषयवस्तु पनि महत्त्वपूर्ण हुन्छ । प्रस्तोतालाई एकैचोटि माइक्रोफोन अगाडि राखिदिएर 'ल जे बोले पनि बोल तर बोल्न चाहिँ बोल' भनेर छाडिदिने अवस्थाले न त स्टेसनको पहिचानलाई कहीँ पुऱ्याउँछ न बोल्ने मान्छेलाई । कान्तिपुर एफएमका प्रबन्ध निर्देशक विनोदराज ज्ञवाली भन्छन्– "हाम्रो स्टेसन व्यापारिक प्रकृतिको भए पनि सामाजिक दायित्व पनि व्यापारसँगै जान्छ । झन् हामी सूचना बेच्ने व्यापारीले विशुद्ध व्यापार मात्र हेर्दैनौँ । आवश्यकताअनुसार जनशक्ति नहोला तर भएको जनशक्तिलाई हामीले सक्दो तिखार्ने प्रयास गरेका छौँ । स्टेसनका कतिपय व्यक्तिलाई कान्तिपुर पब्लिकेशन्स्मा ल्याएर भए पनि पत्रकारिताका आधारभूत कुरा सिकाएका छौँ ।"[५०]

ज्ञवालीको यो धारणाले व्यापारिक मनोवृत्तिलाई प्रतिनिधित्व गर्दैन । तर त्यो व्यवहारमा देखिएको छैन । रेडियोका अन्य कार्यक्रमलाई छोडेर अन्तर्संवाद कार्यक्रममा मात्र केन्द्रित हुँदा कार्यक्रम चलाउने दुई जना मात्र छन् । तिनलाई प्रत्यक्ष सहयोग गर्नेहरू देखिँदैनन् ।[५१] रेडियो कार्यक्रमहरूमा सुधार गर्न लगानी बढाउनु पर्ने हुन्छ । व्यापारिक स्टेसनहरूमा कार्यक्रमले विज्ञापन वा प्रायोजक तान्ने स्थिति देखिए मात्र लगानी बढाउन चाहने प्रवृत्ति विद्यमान छ । उपत्यकाका एफएम रेडियोका अन्य कार्यक्रममा प्रायोजक देखिए पनि अन्तर्संवाद कार्यक्रममा त्यो अवस्था थिएन । तसर्थ यसमा पर्याप्त लगानी हुन नसकेको हो भन्न सकिन्छ । व्यापारिक रेडियोले कार्यक्रममा लगानी गर्न नसक्नुमा मालिकका आर्थिक स्वार्थ जोडिएका हुनसक्छ । तर आफूलाई 'सामुदायिक' भन्ने रेडियोमा पनि लगानी हुन नसक्नुको कारण चाहिँ स्पष्ट छैन ।

### ***स्टेसनको हेराइ***

व्यापारिक रेडियो स्टेसनहरूले चाहे त्यो गीत मात्रै बजाएर चलाइने मनोरञ्जनात्मक कार्यक्रम होस् या समसामयिक विषयका कुराकानी चलाउने कार्यक्रम, दुवै कार्यक्रम र प्रस्तोतालाई एकै कोटीमा राख्ने गरेको अनुभव छ *समय*का सञ्चालक जयको । उनी भन्छन्– "रेडियोको एक घण्टामा कुराकानी चलाओस् कि गीत बजाओस् हेर्ने दृष्टि उही हो ।" जयको यो भनाइ निकै गम्भीर छ । निश्चय नै गीत मात्रै बजाएर एक घण्टा भर्ने र गहन विश्लेषण गर्ने कुराकानीका कार्यक्रममा

[५०] विनोदराज ज्ञवालीसँग २०६१ चैत २८ (२००५ अप्रिल १०) मा गरिएको कुराकानी ।

[५१] यो कुरा टिमवर्कसँग जोडिएर आउने भएकाले यसको केही चर्चा पछाडिको टिमवर्क भन्ने उपशीर्षकमा गरिएको छ ।

ठूलो भिन्नता छ । त्यसो भए स्टेसन व्यवस्थापनले दुवै खालका कार्यक्रमलाई किन एकै हिसाबले लिन्छन् त ? ध्रुवहरि अधिकारीको अनुमान यस्तो छ– "व्यापारिक रेडियोको नीतिमा नाफा कमाउने भन्ने उद्देश्य हाबी भएकाले हुनसक्छ । समयको हिसाबले दुवै एक घण्टा समान हो । अझ गीतसङ्गीत बजाउने कार्यक्रमलाई व्यापारिक प्रतिष्ठानले प्रायोजन पनि गर्छन् । कुराकानीका कार्यक्रम बौद्धिक श्रोताका लागि मात्र भएकाले त्यो सङ्ख्या सानो हुन्छ । त्यसैले प्रायोजकले यस्ता कार्यक्रमलाई वास्ता गर्दैनन् ।"

तर कान्तिपुर एफएमका प्रबन्ध निर्देशक विनोदराज ज्ञवाली आफूहरूले कुराकानीको कार्यक्रमलाई फरक कोटीमा राखेको दाबी गर्छन् । उनी थप्छन्– "कान्तिपुरका दुईओटा कुराकानीका लागि हामीले हप्तामा चार-पाँच पटक यो कार्यक्रम फलानोका साथमा आउँदैछ भनेर अग्रिम विज्ञापन बजाउने गरेका छौँ । यदि उही कोटीमा राखेको भए त्यसो गर्नु आवश्यक थियो र ?" कुराकानी कार्यक्रमलाई नै प्रभावकारी बनाउन स्टेसनले के लगानी गरेको छ त ? भन्ने प्रश्नमा ज्ञवाली भन्छन्– "हामीले कुराकानीलगायत अन्य कार्यक्रमको पृष्ठ अनुसन्धानका लागि मान्छे चाहियो भनेपछि दुई जना अनुसन्धान सहायकको पनि व्यवस्था गरेका थियौँ ।" तर ज्ञवालीको यो जबाफलाई कार्यक्रम प्रस्तोताको भनाइसँग जोड्दा तिनले अपेक्षा गरेको 'टिमवर्क' र कार्यक्रमलाई कसरी रुचिकर बनाउने भन्ने खालका सीप अभिवृद्धि गर्ने तालिम, प्रशिक्षणको अभाव टड्कारो नै देखिन्छ । रेडियो सगरमाथाका स्टेसन म्यानेजर मोहन विष्ट भन्छन्– "कार्यक्रम सकभर सशक्त होस् भन्ने चाहना भए पनि सानो रेडियोका आफ्नै समस्या हुन्छन् । थोरै जनशक्तिले रेडियो चलाउनु परेको हुन्छ । त्यसैले यो सबैका लागि ठूलो समस्या हो ।"[५२]

## सामूहिकता (टिमवर्क)

### *डबली*

आफू *डबली*मा रहँदासम्म यो कार्यक्रमको सुरुदेखि अन्तसम्म प्रत्यूष वन्त एक्लैले मात्र उत्पादनदेखि अनुसन्धान र कार्यक्रम सञ्चालन गर्थे । वन्त (२०५९) ले निकै जोड दिँदै स्टेसनको संस्थागत संरचना भइदिएको भए विविध खालका स्रोतव्यक्तिसँग छलफल गर्न सकिने सम्भावनालाई उठाएका छन् । यो सम्भावना स्रोतव्यक्तिको तहमा मात्र नभएर सिङ्गो कार्यक्रमकै हकमा हुनसक्थ्यो भन्ने उनको तर्क हो । यद्यपि अघोषित/अनौपचारिक टिमवर्कको अभ्यास भने उनको

---

[५२] मोहन विष्टसँग २०६२ असार १३ (२००५ जुन २७) मा गरिएको कुराकानी ।

मार्टिन चौतारीसँगको सम्बद्धताले हुन्थ्यो ।[५३] *डबली*मा टिमवर्कले स्थान पाउन नसकेको वन्तको तर्कसँग सहमत हुँदै रेडियो सगरमाथाका संस्थापक स्टेसन म्यानेजर रघु मैनाली भन्छन्– "यदाकदा के विषयमा गर्नुपर्ला या कसलाई बोलाउनुपर्ला भन्ने खालका सल्लाह माग्दा हामीले सकेको सहयोग गरेका थियौँ । हो, व्यवस्थित रूपमा यो प्रक्रिया चलेको थिएन ।" वन्त र मैनालीले उहिल्यै अनुभव गरिसकेको यो तथ्यमा अहिलेसम्म पनि कुनै फेरबदल आएको छैन ।

## *आजका कुरा*

कार्यक्रमको अग्रभागमा किरण नेपाल थिए । तर उनलाई सहयोग गर्ने समूह पछाडि थियो । यो समूहमा चेतन पाण्डे र सरोज भट्टराई प्रारम्भमा थिए । पछि सरोज काफ्ले, अरविन गिरी, किरण पोखरेल, उज्ज्वल न्यौपाने थपिए । स्टेसनको तर्फबाट ढाडस दिनेमा तत्कालीन स्टेसन म्यानेजर रघु मैनाली र आभाष फुँयाल थिए । पत्रपत्रिकाले उठाएका विषय र आफ्नै टिम (अनुसन्धान टिम) को खोजबिनबाट विषय र स्रोतव्यक्तिको तय हुन्थ्यो । त्यति बेलाको टिमवर्क सम्भँदै रघु मैनाली भन्छन्– "*आजका कुरा*का लागि १५ दिनसम्म दैनिक अभ्यास गरिएको थियो । त्यसबाहेक कार्यक्रमको विषय र बोलाइने व्यक्तिको पनि अनुसन्धान गरिन्थ्यो । सुरुका डेढ महिनासम्म मेरो प्रत्यक्ष निगरानीमा कार्यक्रमका लागि मुख्यमुख्य प्रश्न पनि तयार पारिएको थियो ।"[५४] अहिलेसम्म चलिरहेका यस्ता प्रकृतिका कार्यक्रममा किरण नेपाल सञ्चालक हुँदाको जत्तिको व्यवस्थित कुराकानी अरू छैनन् । लगभग ४०० ओटा कार्यक्रम चलाएपछि उनी कार्यक्रमबाट अलग भए । उनीपछि *आजका कुरा*को सबै जिम्मा किरण पोखरेलले लिँदै आएका छन् ।[५५] उनी आएपछि *आजका कुरा*का लागि भनेर कुनै प्रकारको समूह स्टेसनमा छैन । कार्यक्रम निर्देशक घमराज लुइँटेलका अनुसार लुइँटेल, पोखरेल र श्रेष्ठ लगायतका साथीहरू साँझतिर बसेर आज केबारे कार्यक्रम गर्ने भन्ने निधो गरेपछि पोखरेल त्यो विषयप्रति आफ्नो लगाव बढाउँछन् ।[५६] तर किरण पोखरेल त्यो औपचारिकता

---

[५३] मार्टिन चौतारीमा विभिन्न विषयमा छलफल हुने गर्छ । यसको नालीबेली बस्नेत (२०६१) ले केलाएका छन् ।

[५४] रघु मैनालीसँग २०६२ साउन ९ (२००५ जुलाई २४) मा गरिएको कुराकानी ।

[५५] किरण पोखरेलसँग २०६२ साउन २५ (२००५ जुलाइ ९) मा गरिएको व्यक्तिगत कुराकानी । उनलाई साथ दिन (यो साथ सबै कुरामा अनिवार्य नभए पनि कार्यक्रम चलाउन भने देखिन्छ) स्टेसनभित्रैका घमराज लुइँटेल, नारायण श्रेष्ठ, सञ्जीव अधिकारी, भरतराज पौडेल र दुर्गा कार्की छन् ।

[५६] घमराज लुइँटेलसँग २०६२ जेठ १८ (२००५ जुन १) मा गरिएको कुराकानी ।

मात्र भएको ठान्छन् । "कार्यक्रम निर्देशकको जिम्मेवारी लुइँटेलले सम्हालेका कारण उनी समक्ष 'आज यो विषयमा अन्तर्क्रिया हुँदैछ' भन्नु र त्यसमा 'यसो गरे कसो होला ?' भन्ने सुझाव आउनु औपचारिकता त हो नि !" पोखरेलको कथन छ ।

सुरुमा छ जनाको समूहले विषय र व्यक्ति दुवैमाथि अनुसन्धान गरेर भएको प्रस्तुति गर्विलो र रवाफिलो हुनु स्वाभाविक थियो । सुरुका सञ्चालक किरण नेपाल त्यति बेला कार्यक्रम चलाउन धेरै आनन्द आउने, एउटै विषयमाथि धेरै खालका जानकारी र स्रोतव्यक्तिबारे पनि धेरै खालका सूचना पाइसकेपछि कार्यक्रमको प्रस्तुतिमा सहज हुने अनुभव सुनाउँछन् । स्रोतव्यक्तिको चयनमा त्यति बेलाको सानो उदाहरण दिँदै उनी भन्छन्– "हामी कार्यक्रममा सहभागी गराउनका लागि सम्भावित स्रोतव्यक्तिको व्यक्तिगत विवरण सङ्कलन गर्थ्यौं र विभिन्न खालका व्यक्तिहरूमार्फत उसको बारेमा बुझेपछि मात्र सहभागी गराउने/नगराउने तय गर्थ्यौं ।"

### *न्यूज हक*

माथि भनिएजस्तै यो कार्यक्रमको सञ्चालन समूहमा दुईजना प्रस्तोता (श्रीराम पौडेल र प्रवीण अधिकारी) सञ्चालन समूहमा देखिने नाम हुन् । तर कार्यक्रमको पछिल्लो अवधि (२०६१ असोज/कात्तिक) मा यो कार्यक्रम सञ्चालनार्थ समाचार शाखाकै राजेन्द्र फुँयाल पनि संलग्न थिए । *न्यूज हक*मा दुई जनाको प्रस्तुति भए पनि त्यो आधाआधी जस्तो मात्र हुने गरेको थियो । कतिपय अवस्थामा एकजनाले छानेको स्रोतव्यक्ति अर्कोलाई चित्त नबुझ्ने र एउटासँग भएको व्यक्तिको ज्ञान अर्कोसँग नहुँदा अन्तर्क्रियामा असजिलो पनि हुने गरेको थियो । कार्यक्रमको प्रस्तुतिलाई आत्म मूल्याङ्कन गर्दै श्रीराम पौडेल भन्छन्– "कार्यक्रम चलाउँदा सुरुसुरुमा प्रस्तुति राम्रो हुन्थ्यो । त्यति बेला सकेसम्म राम्रो कार्यक्रम बनाउनुपर्छ भन्ने सोचले सधैँ ठाउँ पाउँथ्यो । तर जब दुई-तीन वर्ष कार्यक्रम चलाएको अनुभव भयो, त्यसपछि कार्यक्रमकै 'मात' लाग्ने हुँदोरहेछ ।" यसबाहेक समाचारका लागि व्यस्त रहँदा विषयको पर्याप्त तयारीका लागि समय नपुग्ने भएपछि कार्यक्रम 'पार्ट टाइम जब' का रूपमा मात्र रहने उनको स्वीकारोक्ति छ ।

### *प्रस्तोताको दक्षता: स्रोतव्यक्तिका मूल्याङ्कन*

सबै रेडियो स्टेसनहरूमा दक्ष जनशक्ति नै छन् भनेर ठोकुवा गर्ने अवस्था छैन । बोलेका कुराको प्रभाव दीर्घकालसम्म रहोस् भन्ने चाहना सबै रेडियोकर्मीको

हुनसक्छ । तर व्यवहारमा यस्तो हुन नसकेको पाइन्छ । पत्रकार राजेन्द्र दाहालको प्रतिक्रिया यस्तो थियो–

> समग्रमा भन्नुपर्दा सबैमा लगभग एकै खालको अनुभव छ। थोरैमा मात्र सन्तोष मिलेको अनुभव रह्यो । प्रस्तोतामा तयारीको अभाव, विषयवस्तु प्रतिको ज्ञानको कमी जस्ता कमजोरी धेरै नै पाइयो । मभित्र रहेको ज्ञानलाई प्रस्तोताले कोटयाई कोटयाई निकालेर विषयको गहिराइसम्म पुगी कुराकानी गरेको अनुभव एकदुई पटकबाहेक पाएको छैन ।
>
> कार्यक्रमलाई रोचक बनाउन नसक्नुमा प्रस्तोता एक्लै जिम्मेवार नहुन सक्छ । संस्थागत कमजोरी पनि हुन सक्छन् । मेरो राम्रो ज्ञान भएको विषय र जानकारी मात्र राखेको विषयलाई छुट्टयाएर हेर्दा राम्रो ज्ञान भएको क्षेत्रमा अहिलेसम्म मलाई गहन प्रश्न गरेको अनुभव गर्न पाएको छैन । कार्यक्रम सञ्चालन गर्ने त प्रस्तोता हो । त्यसैले उसले आफूलाई जे सजिलो लाग्छ त्यही कुरा मात्र सोध्छ र त्यसैमा अन्तर्क्रिया गराउन खोज्छ तर त्यो सतही भइदिन्छ। जुन कुरा कार्यक्रम प्रस्तोताले गर्ने अध्ययनसँग जोडिन्छ । मैले भाग लिएका कार्यक्रमका आधारमा भन्नुपर्दा सबै ठाउँमा 'रिसोर्स' मात्रै समस्या होइन । बरु कार्यक्रममा बोलाइदिएर सहभागीलाई 'प्रिभिलेज' दिएको ठान्ने मानसिकता प्रस्तोतासँग छ । प्रस्तोताको समर्पण, विवेक, स्वतन्त्रता, तालिम, 'ग्रुमिङ' आदि कुराले आफ्नो प्रस्तुतिलाई कस्तो बनाउने भन्ने कुराको लेखाजोखा गर्छ ।[५७]

एफएम रेडियोका समसामयिक कुराकानीमा धेरैपटक सहभागी भइसकेका प्रायःजसो स्रोतव्यक्तिहरूले प्रस्तोताको तयारीमाथि टिप्पणी गरेका थिए । पत्रकार ध्रुवहरि अधिकारीको भनाइ थियो– "अध्ययनको धेरै कमी देखिन्छ । कार्यक्रम सञ्चालकमा पर्याप्त तयारी र गृहकार्य आदि कुरामा कमी छ । कार्यक्रम सञ्चालकमा जोश प्रशस्त, बढी उत्साही तर ज्ञान छैन र कहाँ पाइन्छ भन्ने पनि थाहा छैन, होस् कम छ जोश बढी छ साथै सिकौँ भन्ने भावना पनि बहुसङ्ख्यकमा छैन ।"[५८] अधिकारीको भनाइको सार 'आफ्नो अगाडि माइक छ जे चलाए पनि या बोले पनि हुन्छ' भन्ने मानसिकता कार्यक्रम सञ्चालकहरूमा छ । सजिलोको लागि एउटै प्रश्न धेरैलाई घुमाउनुभन्दा प्रश्नका नयाँ आयाम खोज्नुपर्ने हो तर यो पटक्कै देखिन्न । उपत्यका तथा उपत्यकाबाहिरका एफएम रेडियोमा गरी लगभग एक सयओटा कार्यक्रममा सहभागी भइसकेका स्तम्भकार/लेखक सीके लाल आफ्नो सहभागितालाई यसरी मूल्याङ्कन गर्छन्–

> रेडियोमा गरेका अन्तर्क्रियालाई सन्तोषजनक नै मान्नुपर्छ । तर समाचार सम्बद्ध व्यक्तिहरू र स्वतन्त्र व्यक्तिहरूसँग अन्तर्क्रिया गर्दा केही भिन्न अनुभव छ । स्वतन्त्र

---

[५७] राजेन्द्र दाहालसँग २०६२ असार २२ (२००५ जुलाइ ५) मा गरिएको कुराकानी ।

[५८] ध्रुवहरि अधिकारीसँग २०६१ चैत १५ (२००५ मार्च २८) मा गरिएको कुराकानी ।

प्रस्तोतासँग भाग लिँदा प्रश्नहरू गहिराइमा पुग्ने खालका हुन्छन् । त्सपछि सोही अनुसारको उत्तर दिनुपऱ्यो । तर समाचार सम्बद्ध व्यक्तिहरूसँग भाग लिँदा अलि सतही प्रश्न हुन्छन् । यद्यपि यो कुरा भाग लिने विषयले पनि निर्धारण गर्छ । समसामयिक विषय हो भने त्यसमा धेरै बोल्ने ठाउँ हुँदैन र त्यसमा आउने उत्तर पनि हो/होइन खालको बढी हुन्छ तर सामाजिक खालको या प्राज्ञिक विषयमा विश्लेषणको पक्ष नै बढी हुन्छ ।

कार्यक्रम प्रस्तोतामा अध्ययनको अभाव नै छ । विदेशी रेडियो (बीबीसी, डचेवेले आदि) मा पनि भाग लिइसकेका आधारमा भन्नुपर्दा यहाँका प्रस्तोताका प्रश्नहरू 'फोकस्ड' नहुने, सोधेको प्रश्नलाई बुझाउन नै धेरै समय लाग्ने र प्रश्नहरू लामा-लामा हुने आदि खालका समस्या देखेको छु । त्यसो त हामीकहाँ एफएम रेडियोले स्वतन्त्रपूर्वक अभ्यास गरेको जम्मा पाँच वर्ष त भयो । यति छोटो अवधि अभ्यासको लागि पर्याप्त होइन । पहिला मलाई एफएम रेडियोको बौलाहा प्रस्तुति देखेर रिस उठे पनि अहिले लाग्दैछ मैले त्यति बेला धेरै आशा गरेको रहेछु । जब आजको बीबीसी हुन पनि पचास वर्ष लागेको मैले पढें, त्यसपछि मलाई लाग्यो रेडियो कार्यक्रमका लागि अभ्यासमै प्रशस्त समय लाग्ने रहेछ । त्यसैले मैले हिजो एफएमलाई गरेको गाली पनि बेकारमा गरेछु जस्तो लाग्छ ।[५९]

समसामयिक विषयको सूचनामा कार्यक्रम प्रस्तोताले धेरै जानकारी राखेको पाइए पनि त्यसको दार्शनिक विश्लेषणको पक्ष न्यून रहेको नेपाल सदभावना पार्टी (आनन्दीदेवी) का नेतृ सरिता गिरीको अनुभव छ । गिरी थप्छिन्–

एउटा प्रस्तोता केवल प्रश्नकर्ता होइन । प्रश्नभित्र पसेर एउटै प्रश्नका विभिन्न आयाम खोज्न सके पो विषयको प्रस्तुति सबल हुन सक्छ । आफूलाई यो प्रश्न सोधिदिए हुन्थ्यो जस्तो लागेको हुन्छ तर प्रस्तोता बरालिएर कहाँ पुगिसकेको हुन्छ । कतिपय प्रश्नमाथि ओभरटेक गर्नुपर्ने हुन्छ । त्यसपछि आफैले प्रश्न सिर्जना गऱ्यो अनि उत्तर दियो ।[६०]

गिरीको यो धारणासँग ध्रुवहरि अधिकारीको पनि सम्मति छ । तर दाहाल र अधिकारीको भन्दा भिन्न मत राख्दै नेकपा एमाले स्थायी समितिका सदस्य प्रदीप नेपाल यस्ता कार्यक्रम आफूले राम्रै पाएको ठान्छन् । कार्यक्रमबारे टिप्पणी गर्दै उनी भन्छन्–

राजनीतिक र तात्कालिक घटनाहरूसम्बन्धी छलफलमा बोलाएका बेला तिनले मैले बाँड्न सक्ने जति ज्ञान फुत्काएको पाएको छु । कतिपय अवस्थामा कार्यक्रम प्रस्तोताले आफूले छलफल गर्न लागेको विषयबारे पर्याप्त तयारी नपुगेको पनि पाएको छु । तर आफूले भाग लिएका कार्यक्रमको आधारमा भन्नुपर्दा प्रस्तुति सुन्न लायक नै भएको अनुभव छ ।[६१]

---

[५९] सीके लालसँग २०६२ साउन २५ (२००५ अगस्त ९) मा गरिएको कुराकानी ।

[६०] सरिता गिरीसँग २०६१ चैत १५ (२००५ मार्च २८) मा गरिएको कुराकानी ।

[६१] प्रदीप नेपालसँग २०६२ असार २२ (२००५ जुलाइ ५) मा गरिएको कुराकानी ।

रेडियोका अन्तर्संवाद कार्यक्रममा सबै पेशा र वर्गका व्यक्तिहरूले सहभागिता जनाइसकेका छन् । यस्तै कार्यक्रमको अनुभव सँगालेका बीबीसीका पत्रकार रवीन्द्र मिश्र नेपालका एफएम रेडियोका अन्तर्संवाद कार्यक्रमबारे आफ्नो धारणा यसरी अघि सार्छन्–

> सुनेका र भाग लिएका केही कार्यक्रमको आधारमा भन्नुपर्दा प्रस्तोताका प्रश्न 'फोकस्ड' हुँदैनन् । त्यसबाहेक लामोलामो प्रश्न गर्ने चलन छ । प्रश्न गर्दा सम्बन्धित विषयमा तयारी, जानकारी र कुरा थालिसकेपछि एक किसिमको आत्मविश्वास पनि चाहिन्छ । तयारी गर्ने क्रममा के प्रश्न गर्ने भन्ने सोच्नु पनि आवश्यक हुन्छ । तुरुन्तातुरुन्तै तयारी गर्दा प्रश्न सतही हुन सक्छन् । त्यसैले कम्तीमा यो विषयमा र यससँग कुराकानी गर्दैछु भन्ने कुरा तय भइसकेपछि त्यसको अध्ययन थाल्नु जरुरी हुन्छ । प्रश्न विषय केन्द्रित हुनु आवश्यक हुन्छ । राम्रो रेडियो कुराकानी बनाउनको लागि बोल्ने मान्छेलाई बोलिराख्न पनि दिनु भएन ।[६२]

प्रस्तोताको प्रस्तुतिमाथि रेडियो सगरमाथाका नियमित श्रोता एवं स्रोतव्यक्तिको पनि अनुभव बटुलेका नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागका कार्यकारी निर्देशक केशव आचार्यको टिप्पणी थियो– "अलिकति 'इनडेप्थ' ज्ञान भएको प्रस्तोतासँग अन्तर्क्रिया गर्दा तिनले विषयमै अडचाइ राख्ने या कुरा विषयबाहिर जान थाल्यो जस्तो लाग्नेबित्तिकै फर्काइहाल्ने तर नयाँलाई हामीले 'डिटेक्ट' गर्नसक्ने सम्भावना प्रशस्त हुन्थ्यो ।"[६३] माथि स्रोतव्यक्तिहरूले गरेको मूल्याङ्कनलाई साझा निष्कर्षका रूपमा लिनुपर्दा प्रस्तोताले गर्नुपर्ने कुरा धेरै छन् ।

***एकल प्रयासका समस्या***

काठमाडौँका एफएम रेडियोहरूमा हुने समसामयिक कुराकानी कार्यक्रम एकजनाले/एकल प्रयासले चलाएको थाहा पाइन्छ । स्टेसनको व्यवस्थापनले सामुहिक प्रयासमा यस्ता कार्यक्रम उत्पादन हुने गरेको बताए पनि त्यसलाई मान्न प्रस्तोताहरू तयार छैनन् । साँझको कार्यक्रमका लागि कार्यक्रम सुरु हनुभन्दा १५ मिनेट अगाडिसम्म या साप्ताहिक कार्यक्रमको लागि पनि अन्तिम समयसम्म स्रोतव्यक्ति खोज्ने अभ्यासले टिमवर्ककै अभावलाई पुष्टि गर्छ । सीके लालसँग पनि कार्यक्रम सुरु हुनुभन्दा पन्ध्र/बीस मिनेटअगाडि मात्र प्रस्तोताले सहभागिताका लागि अनुरोध गरेको अनुभव छ । प्रस्तोताको सो व्यवहारबारे

---

[६२] रवीन्द्र मिश्रसँग २०६२ साउन २२ (२००५ अगस्ट ६) मा गरिएको कुराकानी ।

[६३] नेपाल राष्ट्र बैक, अनुसन्धान विभागका कार्यकारी निर्देशक केशव आचार्यसँग २०६२ साउन २३ (२००५ अगस्ट ७) मा गरिएको कुराकानी ।

उनी भन्छन्– “दाइ आज बोल्ने मान्छेले धोका दियो । त्यसैले तपाईंले बोलिदिनुपऱ्यो भनेपछि थुप्रैपटक मैले आफ्नो पूर्व तयारीबिना पनि बोलेको छु। यसले सबै (प्रस्तोता, स्रोतव्यक्ति र श्रोता) लाई हानि पुऱ्याएको हुनसक्छ । न त कार्यक्रमले उठाउन खोजेको विषयमाथि नै न्याय हुनसक्छ ।”

टिमवर्कको अभावलाई *आजका कुरा*का किरण पोखरेल यसरी हेर्छन्– “*आजका कुरा* चलाइसकेपछि मलाई भोलि बिहान उठी नसक्दासम्म धेरै मीठो निद्रा लाग्छ। तर फेरि बिहान हुनासाथ आज के विषय छान्ने र कसलाई बोलाउने भन्ने चिन्ता सुरु हन्छ ।” *खुलामञ्च* चलाउने नवराज चालिसेको “म विषय र स्रोतव्यक्ति आफै छान्छु” भन्दाको गर्वानुभूतिलाई सामूहिकताको कसीमा राख्दा “टिम भइदिएको भए अहिलेको भन्दा राम्रो हुन्थ्यो” भन्ने सहमति पनि जोडिएर आउँछ । इमेज एफएमका भरत शाक्य “कार्यक्रम सुन्ने श्रोताले यो कार्यक्रमको जिम्मेवारी प्रस्तोताको जस्तो मात्र ठान्नसक्छ तर उसलाई सघाउने सहयोगीहरू पनि थिए । समाचार समूह र स्टेसन व्यवस्थापनले प्रस्तोतालाई सघाउँथ्यो” भन्छन् । सामुदायिक भनिएको र तुलनात्मक रूपमा अन्य सामुदायिक रेडियोभन्दा आर्थिक रूपमा सक्षम रहेको मेट्रो एफएममा पनि रेडियो कुराकानी उत्पादन/प्रसारणमा एकल प्रयास नै देखिन्छ। आफ्नो कार्यक्रमलाई कस्तो बनाउने भन्ने विषयमा प्रस्तोताको नै भूमिका प्रमुख हुने धारणा सूचना तथा सञ्चार विभाग (मेट्रो एफएम) का कार्यकारी प्रमुख शिशिर मानन्धर र समाचार शाखा प्रमुख यज्ञ बडाल दुवैको छ ।[६४] एक्लो प्रयास जतिसुकै भए पनि त्यसका सीमितता पनि हुन्छन् नै । प्रस्तोताले नै ‘टिम भए हुन्थ्यो’ भन्ने आशय व्यक्त गरेकाले पनि यो कुरालाई थप पुष्टि गर्छ। तर त्यो आशय तिनले स्टेसन व्यवस्थापनसम्म पुऱ्याउन नसकेको पनि देखिन्छ । *खुलामञ्च*का नवराज चालिसे यस्तो किसिमको प्रस्ताव व्यवस्थापनसम्म नराखेको बताउँछन् । किन त ? उनी भन्छन्– “विषय छनोट गाह्रो भए पनि आफूले गरिरहेको अभ्यासले त्यो ‘टचाकल’ गरेको हुँ ।”[६५]

## कुराकानीको प्रभाव

उपत्यकाका एफएम रेडियोका अन्तर्संवाद कार्यक्रमको मात्रै नभएर समग्र एफएम रेडियोकै प्रभावबारे पनि कुनै खालका अध्ययन या श्रोता सर्वेक्षण

---

[६४] शिशिर मानन्धर र यज्ञ बडालसँग २०६१ चैत ५ (२००५ मार्च १८) मा गरिएको कुराकानी ।

[६५] नवराज चालिसेसँग २०६१ चैत १५ (२००५ मार्च २८) मा गरिएको कुराकानी ।

भएका छैनन् ।[६६] तर प्रभाव मापन गर्ने कुरालाई सर्वेक्षणले मात्र पनि सम्बोधन नगर्ने भएकाले अन्य तरिकाबाट केही आधारहरू पहिल्याउन सकिन्छ । रेडियो नेपाल मात्र अस्तित्वमा हुँदाभन्दा एफएम रेडियोको आगमनपछि अन्तर्संवादका आयामहरू बढेका छन् । रेडियो नेपालमा सुन्न नपाएका कतिपय सामाजिक विषयहरू र तिनको आलोचनात्मक विश्लेषण एफएम रेडियोका कार्यक्रममा हुन सकेका छन् । नेपाली भाषामा मात्र यस्तो भइरहेको होइन, अन्य भाषा– नेवार, तामाङ, मैथिलीमा पनि भइरहेको छ ।

अन्तर्क्रियाको संस्कृतिले हरेक विषयमाथि बहस, छलफल, चिन्तनमनन हुने गरेको छ । राजनीतिक दललाई, तिनले आफूभित्रै गरेको अप्रजातान्त्रिक या प्रजातान्त्रिक अभ्यासलाई बहसमा ल्याएको छ । राजा कि माओवादी, यही संविधान कि संविधानसभा, राजतन्त्र कि गणतन्त्र यस्ता कैयौँ राजनीतिक मुद्दादेखि बाग्मतीको प्रदूषण, पशुपतिका बाँदरमा लागेको लुतो, नेपालमा भ्यागुता पालन, सुन्दरी प्रतियोगिताः देह प्रदर्शन कि बुद्धिको खेल आदि कैयन् विषयमा छलफल भए । कुनै खालका छलफल नहुने समाजमा यो पनि त्यो पनि छलफलको विषय भएपछि विषय मात्र विस्तृत भएनन्, विषयमा बोल्ने मान्छे पनि बढे, तिनले बाँडेको ज्ञानको दायराले श्रोताले धेरै कुरा जान्न पाए । यी सबै एफएम रेडियोका प्रभाव हुन् । राजनीतिज्ञ सरिता गिरीको धारणा यस्तो थियो– "नेपाली समाजको प्रजातन्त्रीकरणमा एफएम रेडियोले ठूलो गुन लगाएको छ । यदि आजभन्दा पाँच वर्ष पछाडि एफएम रेडियो आएको भए, हाम्रो छलफलको धरातल यही हुन्थ्यो वा हुँदैनथ्यो, अड्कल काट्न सकिँदैन । निश्चय नै हरेक रेडियोका कार्यक्रमको प्रभाव विषय विशेषमा खोज्नु त छँदैछ, समग्रमा खोज्दा पनि सकारात्मक चित्र आउँछ ।"[६७] गिरीकै भनाइसँग राजनीतिज्ञ प्रदीप नेपालको पनि मतो मिलेको देखिन्छ । उनी भन्छन्–

---

[६६] रेडियो नेपालका कार्यक्रमको प्रभाव कस्तो छ भनी जान्न यस्ता सर्वेक्षण तीनपटक भइसकेका छन् । जसको विस्तृत चर्चा पराजुली (२०६१) मा गरिएको छ । रेडियो नेपालले पछिल्लो सर्वेक्षण सन् १९९७ मा आफैले गरेको थियो । सो अवधि यता न त रेडियो नेपालले सर्वेक्षण गर्ने जाँगर देखाएको छ न त कुनै एफएमसम्बद्ध संस्थाले । त्यसैले एफएम रेडियो आएपछि कार्यक्रमको स्तर र तिनका श्रोता बढेको भन्ने खालका अनौपचारिक भनाइहरू पर्याप्त सुनिए पनि यिनको सत्यता परीक्षण भइसकेको छैन । तर २०६१ माघ १९ पछि एफएम रेडियोका समाचार प्रसारणमा बन्देज लगाइएपछि उपत्यकाका एफएम रेडियोका समाचारको लोकप्रियताबारे सानो अध्ययन (तीन सय उत्तरदाता माझ) भएको छ । थप जानकारीका लागि हेर्नुहोस् सापकोटा र अरू (सन् २००५) र नेपाली टाइम्स (सन् २००५: ११) ।

[६७] सरिता गिरीसँग २०६१ चैत १५ (२००५ मार्च २८) मा गरिएको कुराकानी ।

> एफएम रेडियोले नेपाली समाजको प्रजातान्त्रिक अभ्यासमा तीन चौथाई भूमिका खेलेको मैले ठानेको छु । गाउँगाउँमा एफएम रेडियो पुगेर यसले प्रजातन्त्रको सक्कली अनुहार देखाएको छ । आफूले कार्यक्रममा बोलेका कुराको प्रतिक्रिया पनि लगभग राम्रै पाएको छु । मेरो बोल्ने शैलीसँग परिचित भएकाहरूले आफूलाई मन पराएको पाएको छु । प्रायः फोनमार्फत र केही विभिन्न कार्यक्रमहरूमा जाँदा विभिन्न खालका व्यक्तिहरूले मैले रेडियोका कार्यक्रममा बोलेकोबारे प्रतिक्रिया पनि दिन्छन् । केहीले बोली राम्रो थियो, बोल्ने शैली राम्रो थियो मात्रै भन्छन् । कतिपयले बोलेका कुराको विषयवस्तुमाथि नै टीकाटिप्पणी गरेको पाएको छु । समग्रमा एफएम रेडियोका कुराकानी कार्यक्रमले सकारात्मक सामाजिक प्रभाव पारेका छन् ।[६८]

माथि व्यक्त भएका विभिन्न स्रोतव्यक्तिका धारणाहरूको साझा निष्कर्ष निकाल्ने हो भने एफएम रेडियोले नेपाली समाजलाई प्रजातन्त्रीकरणतर्फ नै बढाएको छ । त्यसो त अन्तर्संवाद नै आफैमा प्रजातान्त्रिक अभ्यास हो । स्रोतव्यक्तिका अलावा यी कार्यक्रमका प्रभावलाई कार्यक्रम प्रस्तोताका दृष्टिकोणबाट हेर्दा *खुलामञ्च*का सञ्चालक नवराज चालिसे भन्छन्– "मैले विभिन्न कार्यक्रममा, समारोहमा जाँदा, आफैसँग या अरूबीच कार्यक्रमबारे कुराकानी भइरहेको पाएको छु । *खुलामञ्च*मा आएका कुरामाथि छलफल, बहस भएको पाएको छु । मन्त्रालयमा अधिकारीहरू, शिक्षण संस्था तथा आर्थिक क्षेत्रसँग सम्बन्धित व्यक्तिहरूले रेडियोमा हुन नसकेका कुराको थप स्पष्टोक्ति भेटेका बेला दिइरहेका हुन्छन्" । कान्तिपुर एफएममा *समय* चलाउने जय निशान्त नेपालकै सबैभन्दा धेरै ठाउँमा र धेरै श्रोताहरूमाझ पुग्ने एफएमको प्राइम दिन (शनिबार) को प्राइम टाइम (बिहान ९:०० बजे) मा आफ्नो कार्यक्रम पुगेको हुनाले कार्यक्रमको प्रभाव धेरैमाझ रहेको बताउँछन् । तर ठूलो भौगोलिक क्षेत्रमा जाँदैमा, प्राइम टाइममा जाँदैमा कार्यक्रमको प्रभाव बढी भएको भने मान्न गाह्रो हुन्छ ।

*आजका कुरा*का किरण पोखरेल आफूले 'नेपालमा भ्यागुता पालन व्यवसाय' शीर्षकको कार्यक्रम चलाएपछि त्रिभुवन विश्वविद्यालय जीवशास्त्रका २५ जना विद्यार्थीहरूले कार्यक्रमको रेकर्ड स्टुडियोमै आएर कपी गरेर लगेको स्मरण गर्छन् । उनी थप्छन्– "यसलाई म प्रभाव भनूँ कि नभनूँ ।" *आजका कुरा*को प्रभावलाई केही पत्रपत्रिकाले पनि उठाएका छन् । किरण पोखरेलका अनुसार उनले धारा ब्राण्डको तोरीको तेलको विज्ञापनमा सो तेल कोलेस्ट्रोल मुक्त भन्दै डा. मणिरञ्जन बरालले गरेको मोडलिङबारे एउटा कार्यक्रम चलाएका थिए । त्यसको लगत्तै सो कार्य मेडिकल काउन्सिलको आचारसंहिताविपरीत भएको

---

[६८] प्रदिप नेपालसँग २०६२ असार २२ (२००५ जुलाइ ५) मा गरिएको कुराकानी ।

भन्दै काउन्सिलले उनलाई कारबाही गरेको थियो ।[६९] रघु मैनाली आफू रेडियो सगरमाथामा हुँदा *आजका कुरा*बारे पाएका प्रतिक्रियालाई यसरी सम्झन्छन ।



# Kiran, the radio guy

It all began three years ago when a fresh science graduate from Lubhu, tired of teaching school, decided to make a career move. He walked into Radio Sagarmatha, Nepal's first public service broadcaster, and offered himself as a volunteer. There followed nine months of long unpaid hours, and gruelling in-house training, and lo and behold: Kathmandu got one of its most incisive and hard-hitting radio discussion programmes.

Kiran Pokhrel hosts Radio Sagarmatha's best known prime time radio talk programme *Aja ka Kura* (Today's Talk). He has talked day-in, day-out, seven days a week about everything under the Nepali sun: the dissolution of parliament, life without local governments, mismanagement of hospitals, vehicle emission standards, the martial rape bill, duped Nepali migrant workers, you name it.

It's now come to the point where you're nobody unless you have been grilled by Kiran on *Aja ka Kura*. A list of his interviewees is a who's who of Nepali politics: former prime ministers Surya Bahadur Thapa and Lokendra Bahadur Chand, UML boss Madhav Kumar Nepal and dozens of his comrades, hundreds of activists, students, all have been heard. Everyone gets a chance to take pot shots at everyone else, and it doesn't matter if you are a senior minister or a migrant worker: you get equal time.

Kiran is completely and passionately submerged in the world of radio, and he says it doesn't matter that salaries in community radio are not very high. "It is the satisfaction of doing it right, money can't buy you that. And the gratification is knowing that the issues we broadcast influence policy decisions."

Kiran saw how powerful his medium was when lawyers played a recording of his Q&A on a government decision to allow Indian vehicles into Nepal on self-certification to the judge who then ruled against it. A programme highlighting an Indian minister's statement on placing Indian security at Kathmandu airport after the 1999 hijacking became controversial and was picked up by the opposition MPs who raised a fuss in the house.

Last year, he and a colleague covered the pyramid savings scheme. Duped Nepalis jammed the switchboard at the station with calls, and the NGO involved was forced to refund the money.

At 26, Kiran is not planning too far ahead. He wants to fulfil his late father's wish that he get an MA degree before embarking on a career. Trouble is, Kiran's career has laready taken off, and he doesn't have much time to study.

We just had one last question. When are we going to see female Kirans in the male-dominated world of news and current affairs on radio? Answer: Radio Sagarmatha is grooming young women journalists, so it may not be long before we start hearing from radio gals, too.

*Kiran (left) with Raghu Pant, Rohit Nepali and Narahari Acharya on a live studio discuissoin about the November election on Wednesday's Aja ka Kura.*

तस्बिर ९.२: *आजका कुरा*को प्रभावबारे *नेपाली टाइम्स* २००२ अगस्ट १६, पृ. १६ मा छापिएको लेख ।

[६९] यसबाहेक *आजका कुरा*को प्रभावका अन्य उदाहरण पनि पाउन सकिन्छ । जस्तैः *नेपाली टाइम्स* (सन् २००२: १६) मा उल्लेख भएअनुसार (हेर्नुहोस् तस्बिर ९.२) भारतीय विमान अपहरणपश्चात् भारतका एक मन्त्रीले नेपालको सुरक्षा व्यवस्था कमजोर भएको आरोप लगाउँदै त्रिभुवन विमानस्थलमा भारतीय सुरक्षा बल राख्नुपर्ने विवादास्पद प्रतिक्रिया दिएका थिए । भारतीय मन्त्रीको यो प्रतिक्रियाबारे कार्यक्रम चलाउँदा तत्कालीन संसदमा विपक्षी सांसदहरूले जोडदार विरोधका आवाज उठाएका थिए । संरक्षण प्रालिद्वारा २०५८ मा चलाइएको 'पिरामिड सेभिङ स्किम' मा सर्वसाधारणको पैसा ठगीलगायतका समाचार प्रकाशमा आएपछि विरोधका आवाजहरू व्यापक रूपमा उठेका थिए । उक्त स्किमसँग आरजु देउवादेखि कृष्णप्रसाद सिग्द्याल, वसन्त चौधरी, आदिको नाम जोडिएको थियो । पछि यसबारे *आजका कुरा*मा छलफल हुँदा सो स्किममा संलग्न ग्राहकका पैसा फिर्ता गर्न सञ्चालक बाध्य भएको थियो ।

*आजका कुरा* सञ्चालनमा आएपछि हामीले तीन खालको प्रतिक्रिया पाएका थियौँ । पहिलो, नेपाल टेलिभिजनको समाचारको समयसँग जुध्यो या जुधाइदिनु भएन भन्ने खालको । यसबाट हाम्रो कार्यक्रमका श्रोता 'सचेत श्रोता' रहेछन् भन्ने अनुमान हामीले लगायौँ । साथै यसलाई एक हदसम्म कार्यक्रमको सफलताको रूपमा पनि लियौँ । दोस्रो, यस्तो खालको कार्यक्रम कति उपयोगी हुन्छ र ? भन्ने आलोचनात्मक खालको । तेस्रो, सरकारी समाचार मात्रै पाइने अवस्थामा यस्तो कार्यक्रमको खाँचो थियो त्यो तपाईंहरूले पूरा गरिदिनुभयो भन्ने ।[७०]

समसामयिक कुराकानीमा प्रस्तुत हुने राजनीतिक, सामाजिक, आर्थिक विषयहरूमध्ये राजनीतिक विषयको प्रभाव तत्काल देखिँदैन जति सामाजिक विषयमा हुने कार्यक्रमको देख्न सकिन्छ । इमेज एफएमको *आजको सन्दर्भ*को प्रभाव जोड्दै भरत शाक्य भन्छन्–

रेडियोमा हाम्रो कुरा सुनिएन हामीलाई पनि समावेश गर्नुपर्‍यो भन्ने खालका प्रशस्त प्रतिक्रियाहरू आउँथे । हाम्रो कार्यक्रमको प्रभावबारे एउटा उदाहरण सान्दर्भिक हुन्छ होला । राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) को पोखरामा महाधिवेशन हुँदा सो महाधिवेशनमा अध्यक्ष पदका प्रत्याशी (राप्रपाका हालका अध्यक्ष) पशुपति शमशेर जबराले आफ्नो अन्तर्वार्ता लिइदिन आग्रह गरेका थिए *आजको सन्दर्भ*मा । तर हामीले खोजेको बेलाबाहेक अरू अवस्थामा व्यक्ति आफैले गरेको आग्रहमा त्यसो गर्न नसकिने बतायौँ । त्यसपछि उनले हाम्रै स्टुडियो भाडामा लिएर अन्तर्वार्ता रेकर्ड गराएका थिए । त्यसैलाई महाधिवेशन स्थलमा बजाएका थिए । हाम्रो प्रभावलाई यो उदाहरणले पनि सघाउँछ ।[७१]

*न्यूज हक*को प्रभावलाई जोड्दै यसका सञ्चालक श्रीराम पौडेल भन्छन्–

भुटानी शरणार्थी फिर्तीबारे १२ औँ चरणको मन्त्रीस्तरीय वार्ता भइरहेको थियो । त्यही सन्दर्भ पारेर मैले *न्यूज हक* कार्यक्रममा दुईजना शरणार्थी क्याम्प लिडरलाई बोलाएको थिए । कार्यक्रममा तिनलाई भुटानमा बिताएका दिनहरू र कसरी त्यहाँबाट लखेटिए भनी प्रश्न गरिएको थियो । तर ती दुई क्याम्प लिडर आफू लखेटिएको घटना सम्झँदै रेडियोमै रोइदिए । यसले कार्यक्रमलाई भावनात्मक बनाइदियो । उनीहरू रेडियोमा रोएको सुनेपछि त्यो कार्यक्रम सुन्ने शरणार्थीहरूबीच पनि रुवाबासी चलेको थियो । यो प्रतिक्रिया मैले शरणार्थीहरूबाटै पाएको थिएँ । यीबाहेक पेट्रोलियम पदार्थको मूल्यवृद्धि हुँदा त्यसबारे गरिएका छलफलमा पर्याप्त जनसमर्थन पाइने गरेको थियो । यस्तै एकल महिलासम्बन्धी विषय उठाइएका कार्यक्रमले एक हिसाबको सचेतना बढाएको भन्न सकिन्छ । यस्तै नाति पुस्तालाई रेडियोमा ठाउँ दिइएको थियो अर्थात् गगन थापा, खिमलाल भट्टराई, गुरु घिमिरे, राजेन्द्र राई जस्ता विद्यार्थी नेताले आफ्नो कुरा राख्न राम्रो ठाउँ पाएका

[७०] रघु मैनालीसँग २०६२ साउन ९ (२००५ जुलाई २४) मा गरिएको कुराकानी ।

[७१] भरत शाक्यसँग २०६२ असार २९ (२००५ जुलाइ १३) मा गरिएको कुराकानी ।

> थिए । एफएम रेडियो आएपछि र अन्तर्संवाद कार्यक्रम सुरु भएपछि धेरै मान्छेलाई प्रभावकारी ढङ्गले बोल्न सिकाएको छ । पहिले पहिले माइक्रोफोन अगाडि पुग्दा काँपेर भन्न खोजेको कुरा व्यक्त गर्न नसक्नेहरू पनि अचेल राम्रो वक्ता बन्न सकेका छन् ।[७२]

सामान्यतया कुनै पनि कार्यक्रमको प्रभाव मापन गर्नु गाह्रो कुरा हो । एउटाले देखेको प्रभाव अर्कोले नदेखेको पनि हुन सक्छ अथवा त्यसलाई प्रभाव नमानेको हुन सक्छ । यसबाहेक अन्तर्क्रियाका कार्यक्रमले पार्ने प्रभाव तत्काल नदेखिन सक्छन् । तर धेरै खालका मानिसहरूसँगको अन्तर्क्रियाले तीनओटै पक्ष– सञ्चालक, श्रोता र स्रोतव्यक्तिको सोचाइको धरातल बढेको मान्न सकिन्छ । यो वृद्धि तत्कालै नदेखिन सक्छ तर सोचाइमा आएको परिवर्तनले दूरगामी असर पुऱ्याएको हुन्छ । व्यक्ति आफै नीतिनिर्माण प्रक्रियामा संलग्न रहँदा अन्तर्क्रियाबाट सिकेको ज्ञानलाई उपयोग गर्नसक्छ । त्यसैले अहिले राजनीतिक, सामाजिक, आर्थिक विषयमा भइरहेका अन्तर्क्रियाहरू एक हिसाबले तिनमा गरिएका लगानी हुन् ।


## *श्रोता प्रतिक्रिया*

पत्रपत्रिकामा छापिएका कुराहरूमाथि 'सम्पादकलाई चिठी' लेखेर विषय, व्यक्ति या स्रोतमाथि सहमति/असहमति जनाउन सक्ने जति सजिलो ठाउँ छ त्यत्तिकै सजिलो रेडियोमा हुँदैन । यद्यपि एउटा रेडियो कार्यक्रम नै बन्न सक्दो हो श्रोता प्रतिक्रियाबारे । तर यो अभ्यास पनि देख्न पाइएको छैन । श्रोता प्रतिक्रिया बुझ्ने अर्को माध्यम श्रोता सर्वेक्षण हो । तर यो ज्यादै खर्चिलो प्रक्रिया हो र नियमित गरिराख्नु पर्ने काम हो । तर सर्वेक्षणका पनि आफ्नै कमी कमजोरीहरू हुन्छन् ।

एउटा कार्यक्रम कत्तिको प्रभावकारी भयो भन्ने कुराको पहिलो निर्णय गर्ने काम श्रोता प्रतिक्रियाले गर्छ । उपत्यकाका एफएम रेडियोका समसामयिक कुराकानीका लागि कार्यक्रम सकिएपछि प्राप्त हुने फोन कल र चिठीपत्र नै श्रोता प्रतिक्रिया हुन् । कतिपय अवस्थामा कार्यक्रम प्रस्तोता स्वयंले पनि प्रतिक्रियाका लागि अपिल गरेको देखिन्छ (हेर्नुहोस् तस्बिर ९.३) । "कार्यक्रम सकिनेबित्तिकै श्रोताहरूले हामीलाई फोन गरी टिप्पणी व्यक्त गर्छन् । त्यसबाहेक स्रोतव्यक्तिलाई नै फोन गरेर प्रतिक्रिया दिने पनि गर्छन् उनीहरू" *आजका कुरा*का किरण पोखरेल भन्छन् । यस्तै अनुभव सद्भावनाकी नेतृ सरिता गिरीको छ । राम्रो बोल्नुभयो भन्ने जस्ता सकारात्मक खालका मात्र पाएको गिरीको कथन छ ।

---

[७२] श्रीराम पौडेलसँग २०६२ असार १९ (२००५ जुलाइ ३) मा गरिएको कुराकानी ।



21 Nov 1998

FM १०२.४

रेडियो सगरमाथा प्रेमी साथीहरू

परीक्षण काल र नियमित कार्यक्रम
शुरू भएपछि मैले झण्डै ३० वटा "डबली"
(इलमलको कार्यक्रम) रेडियो सगरमाथाको लागि
सञ्चालन गरिसकें। तपाईंहरू मध्ये एक दुइले
यो कार्यक्रम बारे केही सुझावहरू मलाई
दिनु भएको भए पनि आजसम्म मैले चलाएका
कार्यक्रमहरू बारे कसैबाट पनि विस्तृत टिप्पणी,
सुझाव, सल्लाह पाएको छैन। पहिले
चलेका वा भविष्यमा चल्ने (बुधवार
८:३० बिहान, शुक्रबार ६:३० बेलुका)
कार्यक्रमहरू बारे तपाईंहरूको सुझाव/सल्लाह
मलाई चाहिन्छ। यसले "डबली" लाई
अझ राम्रो बनाउन सघाउँछ। यस कारण
तपाईंहरूको सुझाव लिखित रूपमा
रेडियो सगरमाथाको अफिसमा मेरो नाम
सहित वा मार्टिन चौतारी (थापाथली)
मा रेकर्डिङ [illegible] विनम्र अनुरोध गर्दछु।

प्रत्यूष वन्त

टेलि: २५०८५० (घर)

२४६०६२ (मार्टिन चौतारी)

तस्बिर ९.३: *डबली*का लागि सुझाव र प्रतिक्रियाको अपिलसहित तत्कालीन सञ्चालक प्रत्यूष वन्तले रेडियो सगरमाथाको सूचना पाटीमा टाँसेको पत्र।

पत्रकार ध्रुवहरि अधिकारी श्रोता प्रतिक्रियाको सन्दर्भलाई यसरी विश्लेषण गर्छन्–

> हामीले पाउने प्रतिक्रिया बढीजसो टेलिभिजनमा हो भने लुगा मिलेन, दाह्री पालेको सुहाएन भन्ने खालका हुन्छन्। रेडियोमा तपाईंको बोली मन पऱ्यो या परेन भन्ने नै अधिक हुन्छन्। विषयवस्तुको गुदीमै पुग्ने खालका प्रतिक्रिया कमै पाइन्छ। बेकारमा अर्काको किन चित्त दुखाउनु, के नराम्रो भनिदिनु, भन्ने मानसिकताले प्रस्तोता र स्रोतव्यक्ति दुवैलाई घाटा पुऱ्याएको छ। यदि त्यसरी टिप्पणी गरिँदो हो त प्रत्येकले आफूलाई सुधार गर्ने मौका पाउँथे। अहिलेकै अभ्यासमा त प्रस्तोता र स्रोतव्यक्ति आफूले गरिरहेको ठीकै रहेछ भनेर मख्ख पर्नुबाहेक अरू विकल्प छैन।[७३]

---

[७३] ध्रुवहरि अधिकारीसँग २०६१ चैत १५ (२००५ मार्च २८) मा गरिएको कुराकानी।

पत्रकार राजेन्द्र दाहाल "उपत्यकामा भन्दा उपत्यकाबाहिरका एफएम रेडियोमा गरिने अन्तर्क्रियाको फिडब्याक धेरै पाइन्छ तर उपत्यकाबाहिरका रेडियोमा गरिने अन्तर्क्रिया उपत्यकाभित्रका भन्दा अझ सतही हुने अनुभव छ" भन्छन् । नेपालमा एफएम रेडियो आएपछि यसले विभिन्न खालका श्रोताहरू जन्माएको छ । अर्थविद् एवं रेडियो कार्यक्रमका नियमित श्रोता केशव आचार्य सामान्यतया आफूले रेडियो र टेलिभिजन दुवै साथमा हुँदा पहिलो प्राथमिकता रेडियो (त्यसमा पनि उपत्यकाका एफएम रेडियो) ले नै पाउने बताउँछन् । उनी भन्छन्–

> रेडियो खोलिराख्यो, जति बेला आफूलाई तान्ने खालको कार्यक्रम आउँछ त्यति बेला ध्यान दियो नत्र फेरि आफ्नै काममा लाग्यो । तर जति बेला ध्यान तान्छ त्यति बेला कार्यक्रममा कुनै खालको गल्ती मैले फेला पारेँ भने त्यति बेलै फोन गर्थें । गल्ती फेला पार्दा मात्र होइन, राम्रो विषयवस्तु उठाएमा पनि म फोन गर्थें । त्यसबाहेक आफैले रेडियो कार्यक्रम प्रस्तोता भेटेको बेला या उनीहरूले मलाई भेटेका बेला पनि कार्यक्रमबारे प्रतिक्रिया जनाउने मेरो बानी छ ।[७४]

प्रायः श्रोता प्रतिक्रियाहरू गम्भीरभन्दा पनि बरु राम्रो छ, मीठो छ भनेर विषयवस्तुबाट उम्किन खोज्ने खालका भएको मान्न सकिन्छ । यसबाहेक श्रोताले प्रतिक्रिया दिइसकेको अवस्थामा पनि उसले दिएको प्रतिक्रियाअनुरूप कार्यक्रममा संशोधन या परिमार्जन नभएको ठानेर या हुँदैन भन्ने मानसिकता पालेर पनि श्रोता प्रतिक्रियाको संस्कारमा कमी आएको अनुमान गर्न सकिन्छ । यद्यपि कुनै पनि खालको कार्यक्रममा पनि यदि स्वस्थ खालको आलोचना र प्रतिक्रिया आउने हो भने यसले कार्यक्रम र कार्यक्रम प्रस्तोता दुवैका कमीकमजोरी औँल्याउन मद्दत गर्छ ।

## निष्कर्ष

प्रत्यूष वन्तले एफएम रेडियोको आगमनपछि नेपाली समाजले कम्तीमा पनि सातओटा कुरा पाएको उल्लेख गरेका छन् । तिनलाई उनले यसरी उल्लेख गरेका छन् । (१) समाचारको मात्रा बढेको, (२) दैनिक आवश्यक सूचना (ट्राफिक स्थिति, मौसम जानकारी, तरकारी फलफूलका भाउ, राशिफल, चुनाव, मेला या धार्मिक पर्वहरूको लाइभ रिपोर्टिङ आदि) को मात्रामा वृद्धि; (३) ज्ञानको वितरण; (४) सामाजिक विश्लेषणको मात्रामा वृद्धि; (५) ज्ञानको भण्डारमा वृद्धि

---

[७४] नेपाल राष्ट्र बैंक, अनुसन्धान विभागका कार्यकारी निर्देशक केशव आचार्यसँग २०६२ साउन २३ (२००५ अगस्ट ७) मा गरिएको कुराकानी ।

र विशिष्ट ज्ञानका स्रोतलाई प्रजातान्त्रिक हुन घचघच्याएको; (६) सामाजिक इतिहासको भण्डारलाई मौखिक इतिहासका कार्यक्रममार्फत समृद्ध बनाउन मद्दत पुऱ्याएको र (७) काठमाडौँको समाजमा विभिन्न थरीका मिडियाहरूबीच सह-उद्धितीकरण र सह-उपभोगको मात्रामा वृद्धि छन् (वन्त २०५९: ८६-८८, वन्त सन् २००१: ७६-७८) । यी सात कुरामध्ये चौथो, पाँचौँ र छैठौँ रेडियोका अन्तर्संवादसँग जोडिन्छन् । रेडियो नेपालले कहिल्यै नउठाएका कुराहरू एफएम रेडियोले उठाएका छन् । प्रजातान्त्रिक अवस्थामा उठ्ने दलित, जनजाति, महिलालगायत अल्पसङ्ख्यक समुदायका आवाजहरू एफएम रेडियोका बहसमूलक कार्यक्रममार्फत उजागर गरिएका छन् । यीबाहेक पनि धेरै विषयमाथि रेडियो कार्यक्रममा मन्थन भएको छ । रेडियोमा गरिएका अन्तर्क्रियाले समाजमा पनि त्यस्तो बहसको सिर्जना गर्छ ।

माथि उपत्यकाका अन्तर्संवाद कार्यक्रमको सामान्य अवस्था र दुईओटा रेडियो (कान्तिपुर एफएम र रेडियो सगरमाथा) का तीनओटा कार्यक्रम (*डबली, आजका कुरा* र *न्यूज हक*) को मिहिन अध्ययनका आधारमा तिनको समग्र अवस्थालाई बुँदागत हिसाबले यसरी प्रस्तुत गर्न सकिन्छ ।

एक, अहिलेसम्मको अभ्यासलाई हेर्दा छलफल कार्यक्रमका प्रस्तोताले 'जसरी चलाए पनि हुने' र 'जे चलाए पनि हुने' अवस्थामा रहेको पाइयो । प्रस्तोता नै कार्यक्रमको सर्वेसर्वा भएको यस्तो अवस्थामा छलफल एकोहोरो र एकै प्रकृतिको हुने सम्भावना बढी हुन्छ । जतिसुकै राम्रो प्रयास गरे पनि एकजनाको प्रयासमा विषयगत ज्ञानको दायरा साँघुरो हुन्छ । अनुसन्धान गर्ने टीम हुँदो त के बारेमा चलाउने र कसलाई बोलाउने आदि विषयमा आवश्यक छलफल गरेर वक्ता या श्रोतव्यक्तिको चयन हुन्थ्यो । त्यसैले समसामयिक विषयमा कार्यक्रम चलाउने एफएम स्टेसनले एउटा स्थायी संरचना तयार पार्नु आवश्यक भइसकेको देखिन्छ । यद्यपि यो कुरा नेपालका सबै मिडियाका हकमा समान रूपले लागू हुन्छ । नत्र चलाइरहेको कार्यक्रम, उठाउन खोजिएका विषय 'टाइम पास' को धारणाभन्दा भिन्न हुनसक्ने छैनन् भन्न सकिन्छ ।

दुई, प्रस्तोता आफूले 'म यस्तो कार्यक्रम चलाउँछु' भन्ने घमण्ड त राख्ला तर मैले चलाएको कार्यक्रम कस्तो छ, श्रोताले र कार्यक्रममै सहभागीले यसलाई कसरी लिएका छन्, आदि जस्ता कुराहरूमा न त सम्बन्धित कार्यक्रम सञ्चालकको ध्यान गएको छन्, न रेडियो स्टेसनकै । हाम्रो स्टेसनमा यस्तो कार्यक्रम छ भन्ने स्टेसनको फूर्ति त होला, तर त्यसले पार्ने प्रभावबारे हेक्का राखिनु पनि जरुरी छ । सामान्यता अन्तर्संवादमूलक कार्यक्रमहरू समूहगत मेहनतले चलाइनुपर्ने कार्यक्रम हुन् । यस्ता अभ्यासहरूको कमी छ, र यसतर्फ ध्यान पुऱ्याइनु जरुरी छ ।

तीन, अन्तर्संवाद कार्यक्रमका लागि विषयको छनोट महत्त्वपूर्ण पक्ष हो । अहिलेसम्म छलफल गरिएका विषय आफैमा पूर्ण होइनन् । थुप्रै विषयमाथि छलफल हुन बाँकी छ । कार्यक्रम सञ्चालकको विवेक, समर्पण, अध्ययन, मेहनतले पनि यो कुरालाई प्रभाव पारिरहेका हुन्छन् । विषय, स्रोतव्यक्ति र प्रस्तोता यी तिनै सामाजिक बनोट (समाजमा उपलब्ध) सँग निर्भर छन् । यसबाहेक कार्यक्रमलाई प्रभाव पार्ने अन्य कुरा पनि छन् । जस्तैः कार्यक्रम प्रसारणयोग्य हुनका लागि आवश्यक अर्थ (पैसा) लगानीको पनि भूमिका हुन्छ । यो लगानी कार्यक्रम उत्पादनमा हुने पृष्ठ अनुसन्धान, सञ्चालक/प्रस्तोताले पाउने सेवा, सुविधा (दुवै पारिश्रमिक र अध्ययन सामग्री) आदिमा हुन सक्छ । यो कुराको उदाहरणका लागि रेडियो सगरमाथाका दुई किरण (पोखरेल र नेपाल) ले चलाएका एउटै कार्यक्रम *आजका कुरा* नियाल्दा थाहा हुन्छ । किरण नेपाल हुँदाताका कार्यक्रममाथि भएको लगानी र किरण पोखरेल भएको अवस्थाको लगानीलाई एकै ठाउँमा राख्दा त्यो भिन्नता (विषयवस्तुको उठान र स्रोतव्यक्तिको चयन) सजिलै देख्न सकिन्छ ।

चार, माथि स्रोतव्यक्तिले औँल्याएका कमी कमजोरी र सञ्चालक आफैले सकारेका कमी कमजोरीलाई एउटै ठाउँमा राख्दा कार्यक्रमको गुणस्तर र प्रभाव दुवै बढाउनुपर्ने विचार आएका छन् या चिन्ता व्यक्त भएका छन् । त्यसैले पहिल्याई सकिएका कमीमाथि ध्यान दिन सकेमा त्यसको परिणाम निश्चित रूपमा सकारात्मक नै हुनेछ । अहिले चलिरहेकै अवस्थामा पनि थोरै दुवै पक्षबाट (रेडियो स्टेसन र कार्यक्रम प्रस्तोता) लगानी हुने हो भने एफएम रेडियोमार्फत हुर्कँदै गरेको अन्तर्क्रियाको संस्कारले धेरै खालका गोरेटाहरू पहिल्याउन सक्छ । त्यसो त करेन्ट अफेयर्सका अन्तर्राष्ट्रिय अभ्यासका तुलनामा हामीकहाँ त्यस्ता थोरै प्रयास मात्र भएका छन् । करेन्ट अफेयर्सको संरचनामा रेडियो कुराकानीले नै प्रभूत्व जमाएका छन् । स्टेसनहरूले मानेको करेन्ट अफेयर्स पनि रेडियो कुराकानी नै हो । तर कार्यक्रम सुरु हुनुभन्दा दुई तीन घण्टा अगाडिसम्म विषय र स्रोतव्यक्ति खोजिरहने अभ्यासले रेडियो कार्यक्रमलाई अवश्य नै कम प्रभावकारी बनाउँछ । यसर्थ कार्यक्रमको प्रभावतिर पनि दृष्टि दौडाउनुपर्ने अवस्था छ ।

पाँच, उपत्यकाका एफएम रेडियोका कुराकानी कार्यक्रमको शैली र संरचना एकैखालको भेटिन्छन् । सबैमा एक जना कार्यक्रमले धेरैथरी विषय उठाउनुपर्ने र प्रस्तोता एक जना राखेर मात्र हुँदैन, त्यसका लागि थप सहयोगी वातावरण पनि आवश्यक हुन्छ । सहयोगी वातावरण भनेको पुस्तकालय, छलफलको विषय

र वक्ताबारे अनुसन्धान गर्ने सहयोगी समूह आदि पर्छन् । तर यस्तो सहयोगी वातावरणको निर्माणमा रेडियो स्टेसन उत्साही भएको पाइँदैन ।

छ, अन्तर्राष्ट्रिय परिवेशमा हेर्दा 'टक विभाग' स्टेसनको ठूलै विभाग बनिसकेको देखिन्छ । बीबीसीमा सन् १९२७ तिरै 'टक विभाग' को स्थापना भइसकेको थियो । बीबीसी टेलिभिजनको *हार्डटक*मा पनि धेरै विषयमा कुरा हुन्छन् र प्रस्तोता एक्लै हुन्छ । तर उसलाई साथ दिने प्रशस्तै सहयोगीहरू हुन्छन् । बीबीसीको उदाहरण नेपालको परिवेशमा सान्दर्भिक नहोला तर पनि त्यसबाट शिक्षा लिएर स्थानीय सन्दर्भमै सुधार गर्न सकिने ठाउँहरू नभएका होइनन् ।

रेडियो सगरमाथामा २५ प्रतिशत कार्यक्रमहरूमा स्वयंसेवकको संलग्नता भएको पाइन्छ (लुइँटेल र आचार्य २०६१) । यसबाहेक स्वयंसेवककै लागि सार्वजनिक आह्वान गरेको पनि पाइन्छ ।[७५] एउटा सम्भावना, ती स्वयंसेवकलाई *आजका कुरा* या *डबली*का लागि आवश्यक पृष्ठ अनुसन्धानको काममा लगाउन सकिन्छ । यसले टिमवर्कको अभावलाई केही हदसम्म पूर्ति गर्न सक्छ । स्वयंसेवक नभएका एफएम रेडियोहरूले पनि यस्तो गर्न सक्छन् । नेपालमा पत्रकारिता विषयको पढाइ हुने शैक्षिक प्रतिष्ठान र तालिम दिने संस्थाको सङ्ख्या बढिरहेका छन् । आफ्नो पाठ्यक्रमअन्तर्गत नै ती विद्यार्थी या प्रशिक्षार्थी 'इन्टर्नशीप' का लागि विभिन्न मिडियामा पुग्छन् र स्वभावतः केही रेडियो स्टेसनमा पनि आइपुग्छन् । तिनलाई यस्ता कार्यक्रमका पृष्ठ अनुसन्धानमा सरिक गराउन सके कार्यक्रम प्रभावकारी हुन सक्छ । अर्कातिर विद्यार्थी या प्रशिक्षार्थीको पनि सीप विकास हुन्छ र यस्ता कार्यक्रमका लागि नयाँ पुस्ताको निर्माण हुन सक्छ । यो एकपटक गरेपछि सकिने कुरा पनि होइन निरन्तरको चक्र हो ।

यसर्थ उपत्यकाका एफएम रेडियोसँग मनग्गे लगानी गर्न अहिले धेरै धन नभएको सत्य हो । तर भएको धनलाई पनि व्यवस्थापन गर्न नसकेको अर्को सत्य हो ।

## अध्ययनका क्रममा सम्पर्क गरिएका व्यक्तिहरू

| | | |
|---|---|---|
| १. | किरण नेपाल | पूर्व सञ्चालक, *आजका कुरा,* रेडियो सगरमाथा |
| २. | किरण पोखरेल | सञ्चालक, *आजका कुरा,* रेडियो सगरमाथा |
| ३. | केशव आचार्य | कार्यकारी निर्देशक, नेपाल राष्ट्र बैंक, अनुसन्धान विभाग |
| ४. | कृष्ण हाछेथु | राजनीतिशास्त्री, नेपाल र एसियाली अध्ययन केन्द्र, कीर्तिपुर |
| ५. | गोपाल गुरागाईं | प्रबन्ध निर्देशक, कम्युनिकेसन कर्नर |

[७५] रेडियो सगरमाथामा हुने स्वयंसेवकको अभ्यासबारे छोटो चर्चा घमराज लुइँटेलले यसै पुस्तकको अध्याय ६ मा गरेका छन् ।

| | | |
|---|---|---|
| ६. | घमराज लुइँटेल | कार्यक्रम निर्देशक, रेडियो सगरमाथा |
| ७. | जय निशान्त | पूर्व सञ्चालक, *समय*, कान्तिपुर एफएम |
| ८. | जया लुइँटेल | रेडियो सगरमाथा |
| ९. | ध्रुवहरि अधिकारी | अध्यक्ष, नेपाल प्रेस इन्स्टिच्यूट |
| १०. | नवराज चालिसे | सञ्चालक, *खुलामञ्च*, रेडियो एचबीसी |
| ११. | नारायण श्रेष्ठ | सञ्चालक, *डबली; आजका कुरा*, रेडियो सगरमाथा |
| १२. | प्रत्यूष वन्त | पूर्व सञ्चालक, *डबली*, रेडियो सगरमाथा |
| १३. | प्रदीप नेपाल | स्थायी समिति सदस्य, नेकपा (एमाले) |
| १४. | प्रदीप महर्जन | रेडियो सिटी |
| १५. | भरत शाक्य | स्टेसन म्यानेजर, इमेज एफएम |
| १६. | मोहन विष्ट | स्टेसन म्यानेजर, रेडियो सगरमाथा |
| १७. | यज्ञ बडाल | समाचार निर्देशक, मेट्रो एफएम |
| १८. | रघु मैनाली | संस्थापक स्टेसन म्यानेजर, रेडियो सगरमाथा/संयोजक, सामुदायिक रेडियो सहयोग केन्द्र, नेवापस;अध्यक्ष, सामुदायिक रेडियो प्रसारक सङ्घ |
| १९. | रवीन्द्र मिश्र | बीबीसी नेपाली सेवा |
| २०. | राजेन्द्र दाहाल | सम्पादक, *हिमाल* खबरपत्रिका |
| २१. | रामहरि खतिवडा | सदस्य, नेपाली काङ्ग्रेस जिल्ला समिति, भक्तपुर |
| २२. | विनोदराज ज्ञवाली | प्रबन्ध निर्देशक, कान्तिपुर एफएम; निर्देशक, कान्तिपुर पब्लिकेशन्स् |
| २३. | शिशिर मानन्धर | प्रमुख, सूचना तथा सञ्चार विभाग (मेट्रो एफएम) |
| २४. | श्रीओम श्रेष्ठ | पूर्व सञ्चालक, *आजको सन्दर्भ*, इमेज एफएम |
| २५. | श्रीराम पौडेल | पूर्व सञ्चालक, *न्यूज हक*, कान्तिपुर एफएम |
| २६. | सबिन शर्मा | रेडियो पर्यावरण चक्र |
| २७. | सरिता गिरी | नेपाल सद्भावना पार्टी (आनन्दीदेवी) |
| २८. | सीके लाल | स्तम्भकार/राजनीतिक विश्लेषक |